# कृषि जर्नल

Agriculture Journal

कृषि जर्नल २०७८ कार्तिक (krishijournal–2021, (Oct-Nov)




## बेमौसमी वर्षाको कारण
## जनधनको ठूलो क्षति
## धानबाली नष्ट

दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/२०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal
मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३
वर्ष-१७, अङ्क ८९ कार्तिक २०७८

## यस अङ्कमा


१. वेमौसमी वर्षाको कारण नेपालमा ठूलो जनधनको ठूलो क्षति ३
२. तिहारमा माला आयात नगर्न अर्थमन्त्री शर्मा अनुरोध १४
३. किसान परिचालन समिति गठन १५
४. तत्काल राहतको व्यवस्था गर्नु पर्छ : नहेन्द्र खड्का १६
५. प्राङ्गारिक कृषि प्रवर्द्धनमा जैविक मल र विषादी २०
६. धानबालीको क्षति विवरण उपलब्ध गराउन अनुरोध २१
७. किसानहरुलाई सहयोग गर्न आग्रह २१
८. देशको विभिन्न ठाउँमा बाढी पहिरो : गृह २२
९. जललायू परिवर्तनका कारण उथलपुथल २३
१०. कृषि अनुदान वास्तविक किसानले पाएनन : सुवेदी २४
११. क्षतिपूर्तिको व्यवस्था गर्न आग्रह २५
१२. कृषिमा जोडदिन मन्त्री यादवको आग्रह २६
13. Declaration of the Global People's Summit on Food Systems 27
14. Why COP26 matters for the world's rural dwellers 31
15. What are nature-based solutions ? Your questions answer 32
16. Great Green Wall Ecosystems 34
17. COP26: Sweden steps up to help at-risk small-scale farmers 36











व्यक्तिगत मूल्य रु. ५०/-
संस्थागत मूल्य रु. १००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि.
सल्लाहकार : कृष्ण कोइराला, डा. गिरीराज त्रिपाठी प्रबन्ध निर्देशक : श्रीबहादुर खड्का
प्रधान सम्पादक : धनबहादुर मगर, मुख्य कार्यालय बागबजार २८, कलंकी १४
फिल्ड कार्यालय : टौखेल मच्छेगाउँ १, चन्द्रागिरी नगरपालिका, फोन : ०१४२८८७४३,
मोबाइल : ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङखेल, काठमाडौं ।
Online : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com,

# जलवायू परिवर्तनबाट पाठ सिकौं

सम्पादकीय



यतिवेला जलवायू परिवर्तन सम्बन्धी विश्वव्यापी महासम्मेलन स्कटल्याण्डको ग्लास्गो भईरहेको छ । सम्मेलनले सम्मेलनमा जलवायू परिवर्तन सम्बन्धी कैयौं असरहरु परेको प्रतिवेदनमा दिइएको छ । हिजो जानी नजानी जलवायू परिवर्तनको लागि सघाईरहको विकसित राष्टहरू आज केही नरम चाहीँ देखिएको छ । केही चेतनामा परिवर्तन आएको छ । अबको पृथ्वी हामी मानवको लागि के हुन्छ । भनेर सोचेको हो कि भन्ने महशुस संसारभरका जलवायू सम्बन्धी अधियन्ताहरुले गराइरहेको छ । हामी जलवायू परिवर्तनको जोखिममा छौं है अभियन्ताहरुको आवाजलाई सुन्न खोजेको हो कि भन्ने महशुस पनि गराएको । यसमा ठूला तथा औद्यौगिक राष्ट्रहरु एकाएक नरम देखिनु पनि सकारात्मक विषय भएको छ । संयुक्त राष्ट्र संघले एक वर्ष लगाएर सम्मेलनको तयारी गरिरहँदा अरु देशको त कुरा छोडौं नेपालमानै त्यसको असर नपरेको होइन । जसले मेलम्चीको बाढी पहिरोले पुऱ्याएको अकल्पिनीय क्षति,, असोजको अन्तमा वेमौसमी वर्षाले निम्त्याएको भीषण बाढी पहिरो र धनजनको क्षति र त्यसबाट सबैभन्दा ठूलो बाली धानबालीमा पुऱ्याएको क्षति पनि हो । यसलाई जलावायू परिवर्तनको असर भन्नु पर्ने अवस्था सिर्जना भएको छ ।

नेपालमा वेमौसमी वर्षाले किसानको धानबालीमा ठूलो क्षति पुऱ्याएको छ । लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा मात्रै ६ अर्ब भन्दा बढी धानवालीमा क्षति पुऱ्याएको छ । जलवायू परिवर्तन हुनासाथ सबभन्दा पहिले कृषिमा असर गर्छ भन्ने पाठ पनि हुन हो यो । सँधै व्यापार घाटा भईरहने हाम्रो देशमा धानबाली नष्ट हुँदा झनै व्यायभार थपिएको छ । लामो समयदेखि खाद्य, संकट नेपालको लागि मूल-मुद्दाको विषय बन्दै आएको यस अवस्थामा थप खाद्य संकटको अवस्था निम्तिएको छ । खाद्य सुरक्षा र खाद्य संकटको समस्या समाधान कसरी गर्ने भन्ने विषयमा पटक-पटक गोष्ठी, सेमीनार, तालिम बहस र छलफल हुँदै आएको छ । ती विषयहरू हेर्दा धेरै वजेट खाद्यान्नको लागि खर्च गरिसकेका छौं । गोष्ठी र तालिमहरूमा बोलेका, गरेका कुराहरू व्यवहारमा उतार्न सके अहिलेको जस्तो खाद्य संकट देशले भोग्नु पर्ने थिएन भन्ने लाग्छ । हरेक वर्ष खाद्य संचयको अवस्था नाजुक बन्दै गएको छ । जहाँ उब्जनी कम हुने गरेको छ त्यहाँ खाद्य संकट र भोकमरी छ । यो अवस्था सिर्जना हुनुमा सरकार र किसान मात्र जिम्मेवार छैन । हामी सबै नागरिकहरु जिम्मेवार छौं । अब हामीले खाद्य संटकलाई जलवायू परिवर्तनको कोणबाट कसरी हेर्न सकिन्छ । जलवायू परिवर्तनलाई कम गर्न हाम्रो देशको त्यस्तो ठूलो भूमिका नभए पनि हामी कृषि क्षेत्रमा आधारित भएका देशहरुले क्षति न्यूनिकरण गर्न प्रकृतिमैत्री वातावरणमा खेतीभने गर्न सकिन्छ । त्यसो गर्न कर्तव्य हुन आउँछ ।

व्यवहारिक र सैद्धान्तिक स्वरूपहरूमा जलवायू परिवर्तनसँगै अलिकति हेरफेर गर्न सकिन्छ कि ? देशको माटो र हावापानीसँग मेल खाने शिक्षामा परिवर्तन, वातावरणमा परेको जोखिम अनुगमन र विश्लेषण, कृषि र वातावरणमा परेको असरलाई सँगसँगै वहस छलफल गर्नु पर्ने हो कि ? त्यसै अनुरुप हामी पनि व्यवहारमा परिवर्तन गर्दै लाने हो कि । संयुक्त राष्ट्र संघले उठाइएको वातावरण निर्माण गर्न सैद्धान्तिक पक्षका अनुवन्धहरु पालन गर्न हामीले जान्नु जरुरी छ । हाम्रो देशको भौगोलिक बनावट जैविक विविधता छ । हिमाल, पहाड, तराईको बनावट फरक-फरक छ । फरक-फरक भौगोलिक बनावटका कारण फरक-फरक हावापानी पाइन्छ । फरक फरक हावापानीमा फरक फरक अन्नबालीको उत्पादन हुन्छ । चामल मात्र खाद्यन्नबाली होइन । आलु, गहुँ, जौ, केरू, फापर पनि अन्न नै हो । चामलको सट्टा ती अन्नहरू कसरी खाने भन्ने जानकारी पनि हुन जरुरी छ । यी कुराहरु पालना गर्न सक्यौं भने पनि ग्रीन हाउस ग्याँस घटाउनमा सहयोग पुग्छ । वातावरणमैत्री खाना स्थानीय बालीहरुको प्रवर्द्धन गर्नसक्छ जसले नेपालको खाद्य संकटलाई समेत सहयोग पुऱ्याउँछ । र विषादी रहित स्थानीय बाली उत्पादन गर्दा जलवायू परिवर्तनलाई कमगर्न सकिन्छ । औद्यौगिक क्षेत्रको विकास र त्यसले सिर्जना गरेको प्रदुर्षणले जलवायू परिवर्तनमा ठूलो असर पार्छ । मानव सिर्जित वस्तुहरुको कारण हाम्रो प्रकृतिलाई हामीले असहयोग गरिरहेको छ । हिमालमा समेत फोहर थुप्रिदा त्यहाँको जैविक विविधतामा नाश भएको छ । वातावरणमैत्री वस्तुहरुको प्रयोगमा ल्याउन हामीले प्रयासै गरेन । जसले गर्दा समुद्रमा समेत फोहरको थुप्रो, थुप्रिदै गएको छ । र पृथ्वीले पचाउनै नसक्ने वस्तुहरुको उत्सर्जनले हाम्रो पृथ्वीमा अमिलोपनको मात्रा बढ्दै गएको छ । जहाँ हावामा उड्दा, जलीय क्षेत्रमा उडेको वाफबाट वर्षासँगै घुलन हुन पुग्छ । त्यसले खाद्य प्रणालीमा असर पुऱ्याउँछ । आजको बजार उपभोक्तामूखी बजार भएकोले उत्पादित वस्तुहरु पृथ्वीलाई असर नपार्ने खालको वस्तुहरूमा परिणत गरी पृथ्वीमा घुलन हुने अम्लियपन घटाउन सकिन्छ । यो प्रविधिमैत्री कृषिलाई जोडदिन्छ । यसले हामीलाई खाद्य संकटको विकल्प स्थानीय उत्पादनलाई जोड दिन्छ । स्थानीय उत्पादनलाई जोडदिन सक्यौं भने धेरै भन्दा धेरै खाद्य संकटको समाधान हुनका साथै जलवायू परिवर्तनमा पनि कमी ल्याउन सहयोग पुग्छ । हालै भइरहेको जलवायू परिवर्तन सम्बन्धी कार्यक्रम एउटा अभियान हो । यसलाई हामीले आफ्नो ठाउँबाट सहयोग पुऱ्याउनु पर्छ । यसमा सरकार र किसानहरुको मात्र नभई आम जनसहभागीताको सकृयता जरुरी छ । जलवायू परिवर्तनको असरले हाम्रो खाद्य प्रणालीमा ठूलो संकट निम्तिन सक्छ । यो अभियानलाई सहयोग पुऱ्याउने स्थानीय तहहरु पालिका, नगरपालिका, महानगरपालिकाहरुको महत्वपूर्ण भूमिका हुने भएकाले स्थानीय तहबाटै वातावरणमैत्री वस्तुहरुको उत्पादन गर्न शुरुवात गर्नु पर्छ ।

# वेमौसमी वर्षाको कारण नेपालमा ठूलो जनधनको ठूलो क्षति

*६ अर्ब बराबरको धानबाली क्षति*

*वेमासैमी अविरल वर्षाका कारण किसानले घरमा भित्र्याउँदै गरेको ६ अर्ब रुपैयाँ बराबरको धानबालीमा क्षेति भएको छ । ९३ हजार छ ७६ हेक्टर धानबालीमा क्षति भएको कृषि, तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । तथ्याङ्क अनुसार विभिन्न ३ वटा प्रदेशमा करिव ६ अर्व मूल्य बराबरको धानबाली क्षति पुगेको छ । वेमौसमी अविरल वर्षाका कारण लुम्बिनी प्रदेश सुदुरपश्चिम प्रदेश र १ नं. प्रदेशको धानवालीमा क्षति पुगेको हो ।*

*कृषि मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार वेमौसमी वर्षाका कारण सबैभन्दा धेरै लुम्बिनी प्रदेशको १० जिल्ला र सुदुरपश्चिमको कैलाली कञ्चनपुर धानवालीमा क्षति भएको जानकारी दिइएको छ ।*

*उनल अन्य प्रदेशमा खासै क्षति नपुगेको बताए । प्रवक्ता सञ्जेलका अनुसार लुम्विनीमा ९३ हजार ५ सय ७६ हेक्टर जमीनमा असर परेको छ । ४२ हजार ४ सय २७ हेक्टरमा लगाएको धानवालीमा क्षति भएको छ । उत्पादन परिमाणमा १ लाख ६१ हजार २ सय २३ मेट्रक टन धानमा क्षति भएको छ । धानको रकममा भन्नुपर्दा सुदुरपश्चिम प्रदेशमा भन्नुपर्दा सुदुरपश्चिम प्रदेशमा करिब १ अर्ब १७ करोड धानमा क्षति भएको छ । प्रदेश नं १ को परिमाण अनुसार १५ प्रतिशत क्षेत्रफलमा असर परेको छ भने ५ देखि ७ प्रतिशत क्षेत्रफलमा लगाएको धानबालीमा क्षति भएको छ । यस्तै १० देखि १५ प्रतिशत हेक्टर क्षेत्रफलमा क्षति पुगेको अनुमान छ । लुम्बिनी प्रदेश, सुदुरपश्चिम प्रदेश १ ले मन्त्रालयलाई गराएको जानकारी तथ्याङ्क अनुसार करिब ६ अर्ब रुपैया बराबरको धानबालीमा क्षति पुगेको छ ।*

नेपालमा भारतको विहार र उत्तर प्रदेश आसपास रहेका न्यून चापीय प्रणाली र पश्चिमी वायू प्रणालीको संयुक्त प्रभाव कायमै रहेको तर यसको प्रभाव पश्चिमबाट पूर्वतर्फ सरेको छ ।

गत असोज ३१ गतेबाट उक्त प्रणाली सक्रिय हुँदै नेपालको कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा अत्यधिक वर्षा र अन्य प्रदेशका केही स्थानमा भारी वर्षा भएको थियो । यसका कारण जनधनको क्षति भएको छ भने भौतिक पूर्वाधारसमेत तहसनहस बनाएको छ । कर्णाली र सुदूरपश्चिममा उक्त प्रणाली कमजोर भई पश्चिमबाट पूर्वतर्फ सरेको थियो ।

भोलि बिहीबारबाट भने मौसममा सुधार आउने भए पनि पूर्ण सुक्खा नहुने हुँदा ठाउँठाउँमा पानी पर्ने सम्भावना कायमै रहेको उहाँले बताउनुभयो । उहाँको अनुसार आगामी बिहीबारदेखि मौसममा सुधार हुँदै जाने छ । हाल देशको प्रदेश १, २, बागमती प्रदेशमा पूर्ण बदली र बाँकी भू-भागमा सामान्यदेखि



पूर्णबदली रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । प्रदेश १, बागमती र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । ती प्रदेशका धेरै स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको भएको थियो । नेपाल मौसमस् बाढीले बाली बगायो, अब कसरी गुजारा गर्ने होला ।

धानबालीमा ठूलो क्षेति

मनसुन सकिए पछिको 'बेमौसमी' वर्षाका कारण धानबालीमा पुऱ्याएको क्षतिबारे यथाशीघ्र अध्ययन गरेर राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न किसानहरूले माग गरेका छन् । धानबाली नष्ट हुँदा ठूलो मिहिनेत र लगानी खेर गएकोले कतिपय किसानहरूलाई ऋणको मार मात्र नभई गुजारासम्म मुस्किल पर्ने छन् ।

सुदूरपश्चिममा हाम्रा जीवनकालकै सबैभन्दा ठूलो विपद् आइलाग्यो । मनसुन सकिएपछि भएको अविरल वर्षाले निम्त्याएको बाढी तथा पहिरोले जनधनको व्यापक क्षति पुऱ्याएका थिए ।

वर्षाका कारण सुदूरपश्चिममा ठूलो क्षति, २२ जना पहिरोमा हराइरहेको विवरण

पानी पर्ने क्रम जारी हुँदा केही नदीमा जलसतह खतराको तहभन्दा माथि उठेको थियो ।

सबैभन्दा धेरै क्षति सुदूरपश्चिम प्रदेशमा परेको छ ।

यातायात र सञ्चार सम्पर्क धेरै ठाउँमा विच्छेद भएको अवस्था छ । क्षति विवरण संकलन र मानवीय उद्धारमा केन्द्रित भएका छन् ।

बझाङको थलहरामा पहिरोका कारण अझै २३ जना मानिस हराएका थिए । डोटीमा ९ जनाको ज्यान गएका थिए ।

मन्त्री जोशी निरीक्षण गर्दै

बैतडीको ढुङ्गाडमा नदीले एउटा गाउँनै जोखिममा पारेको र करिब ६५ जना मानिस उद्धारको पर्खाइमा रहेका थिए ।



कञ्चनपुरको भाइरल रोड भनेर चिनिएको ठाउँमा धेरै डुवान भएको थिए । त्यहाँको वस्ती हटाउन पहल भईरहेको छ ।

प्रतिकूल मौसमले उद्धार तथा राहतमा असर पारेका थिए ।

उनका अनुसार नेपाली सेनाको हेलिकप्टरहरू प्रयोग गरेर खासगरी बझाङको थलहरा अनि बैतडीको ढुङ्गाडमा उद्धारकार्य गरेका थिए । मानवीय क्षति बाहेक यातायातका पूर्वाधारहरू अनि कृषिमा अत्यन्त धेरै नोक्सानी पुगेको उनले बताएका थिए ।

यातायात पूर्ण अवरुद्ध भएका छन् । विशेषगरी भिमदत्त राजमार्ग अनि बझाङ, बैतडी, अछाम, बाजुरा जाने बाटाहरू अवरुद्ध छन् ।

पाकेको धान खेतमै कुहिने अवस्था आएका थिए ।

अविरल वर्षाका कारण पूर्वी नेपालका मोरङ र सुनसरी जिल्लाका अधिकांश बस्ती समेत डुवानमा परेका थिए । विराटनगरको सिंघिया र केशलिया खोलामा पानी बढ्दा आसपासका सुकुम्वासी वस्ती डुवानमा परेका थिए ।

बाढीले सडक भत्काउँदा कोशी राजमार्गको धरान-धनकुटा सडक खण्ड अवरुद्ध भएको छ ।

सुनसरीको दुहवीस्थित विद्युत् प्राधिकरणको सवस्टेशन डुवानमा पर्दा सुनसरी, मोरङ लगायतका जिल्लामा गए रातिदेखि विद्युत् सेवा अवरुद्ध बनेको थियो ।

गृह मन्त्रालय अन्तर्गतको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख हुमकला पाण्डेका अनुसार डोटी र सुनसरीमा दुई-दुई जना र कालिकोट अनि डडेलधुरा जिल्लामा एक एक जनाले ज्यान गुमाएका थिए ।

महेन्द्रनगरमा बढी डुवान देखिएको र महाकाली नदीमा पानीको सतह खतराको विन्दुमा पुगेको छ । महाकाली नदीमा आएको बाढीले कञ्चनपुरको भीमदत्त नगरपालिका-१२, ओदालीस्थित निर्माणधीन चार लेनको पुलसँगै बनेको ६ लेनको सडकमा क्षति पुऱ्याएका थिए ।

उक्त क्षेत्रबाट जोखिममा रहेका एक सय पचास परिवार मध्ये एक सय परिवारलाई सुरक्षित ठाउँमा सारिएको र अन्यलाई पनि सार्ने काम भईरहेको बताए ।

त्यसबाहेक बैतडी जिल्लामा सेती नदीको किनारमा रहेको एउटा गाउँ जोखिममा रहेको विवरण आएपछि करिब ६० जनाको प्रहरी टोली घटनास्थलमा गईरहेको उनले जानकारी दिए ।

पानी पर्ने क्रम जारी, केही नदीमा जलसतह खतराको तहभन्दा माथि नेपालमा कहाँकहाँ वर्षा र हिमपात हुन सक्छ, मौसम कहिले सुध्रिएला बझाङ जिल्लाको सदरमुकाम समेत बाढीले प्रभावित भएको छ र त्यहाँको बसपार्कमा नदीले कटान गरेका थिए ।

धेरै ठाउँमा सञ्चार सम्पर्क विच्छेद भएकाले के कति क्षति भएको हो भन्ने विवरण संकलन हुन सकेको छैन ।

बझाङ जिल्लाको थलहरा गाउँपालिका वडा नम्बर ४ मा पहिरोमा परी २२ जना हराइरहेका थिए ।

डडेलधुरा र कञ्चनपुरमा महाकाली नदीमा फसेका गरि नौ जनाको सकुशल उद्धार गरिएका थिए ।

तीन ठूला नदीमा पानीको उच्च बहाव, सतर्कता अपनाउन अपिल समेत गर्नु परेको थियो ।

पछिल्लो वर्षाका कारण बेनी मुस्ताङ राजमार्ग, कर्णाली राजमार्ग, नाग्मा मुगु राजमार्ग, भीमदत्त राजमार्ग, जय पृथ्वी राजमार्ग, संखुवासभा चैनपुर राजमार्गलगायत अवरुद्ध रहेका थिए । पूर्वमा झापा, मोरङ, सुनसरी, सप्तरी, तराई तथा चुरे भएर बग्ने साना नदीहरू, धनकुटाको तमोर नदी, कर्णालीको चिसापानी, जुम्लाको तीला नदी, डोटीको सेती नदी र डडेलधुराको महाकाली नदीमा बाढी आएको बताइएका थिए ।

कोशी, कर्णाली र महाकाली नदीमा पानीको बहाव धेरैमाथि पुगेकाले उच्च सतर्कता अपनाउन अनुरोध गरेका थिए ।

बाढी पहिरो प्रभावित क्षेत्रमा राहतको व्यवस्थापन गर्न सुरक्षाकर्मी परिचालन गर्ने र हेलिकोप्टरलाई सम्भावित जोखिम रहेका स्थानमा तयार अवस्थामा राख्न निर्देशन दिइएको थियो ।

अहिलेको वर्षाले धेरै जिल्लामा धान बालीमा असर गरेको अधिकारीहरूले जनाएका थिए ।

नेपाल मौसम : कहाँकहाँ वर्षा र हिमपात हुनसक्छ ।

अहिले देशका अधिकांश भू-भागमा बदली भई कतिपय स्थानमा हल्कादेखि मध्यमसम्म वर्षा भईरहेको मौसम पूर्वानुमान महाशाखाले बताएका थिए ।

बंगालको खाडी र मध्य भारतमा रहेका न्यून् चापीय एवम् पश्चिमी वायु प्रणालीले ठूलो असर पारेको थियो ।

सुदूरपश्चिम प्रदेश, कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा तथा प्रदेश नं १, २ र बागमती प्रदेशका केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको जनाएका थिए ।

महाशाखाका अनुसार पश्चिमी उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्कादेखि मध्यम र बाँकी हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको समेत सम्भावना थियो ।

प्रदेश नं १, २, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा ठूलो वर्षा हुने समेत सम्भावना रहेका थिए ।

भारतको केरलामा बाढीका कारण कम्तीमा २६ जनाको मृत्यु, कैयौं शहर र गाउँसँग सम्पर्क विच्छेद

सगरमाथामा राखिएका उपकरणले पठाउँदै छन् ।

प्रदेश नं १, २, बाग्मती, गण्डकी, लुम्बिनी प्रदेशका धेरै स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएका थिए ।

महाशाखाका अनुसार प्रदेश नं १, २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा ठूलो वर्षाको समेत सम्भावना रहेको छ ।

**कञ्चनपुरमा धानबालीमा नोक्सान**

मौसमविद् मञ्जु बासीका अनुसार यो वर्ष पूर्वानुमानभन्दा केही दिन ढिलो गरी अक्टोबर ८ तारिखमा नेपालबाट मनसुन बाहिरिएको छ ।

अक्टोवर र नोभेम्वरलाई हामी पोस्ट-मनसुन भन्छौं । यो बेला बङ्गालको खाडीमा न्यून् चापीय क्षेत्र बन्दा त्यहाँबाट जलवाष्पयुक्त हावा नेपालमा छिर्दा वर्षा हुने गर्छ ।

सात वर्षअघि अर्थात् सन् २०१४ को अक्टोबर महिनामै अन्नपूर्ण क्षेत्रको थोराङ्ला भन्ज्याङ क्षेत्रमा हिमपातका कारण ४० जनाभन्दा बढी पर्यटक र नेपाली सहयोगीको ज्यान गएको थियो ।

मौसमविद्हरूका अनुसार त्यस बेला अन्डमान सागरबाट शुरु भएको हुदहुद आँधीले नेपालका हिमाली क्षेत्रमा हिमपात गराएका थिए ।

जलवायु परिवर्तनको हेक्का नराखी ठूला आयोजना बनाउनु घातक हुन सक्ने चेतावनी तापक्रम थोरै बढ्दा पनि हिमाली क्षेत्रमा उथलपुथल हुनसक्ने चेतावनी, डढेलधुरा, डोटी र छेउछाउका क्षेत्रमा विगत १२ घण्टामा ठूलो वर्षा भएको तथा थप हुने पूर्वानुमान रहेकोले रंगुन नदी तथा सो क्षेत्रका अन्य स-साना नदीमा बाढी आउन सक्ने भन्दै तटीय क्षेत्रहरूमा उच्च सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले अपील गरेको छ ।

विदाको मौका पारेर अहिले धेरैले घुमफिर गर्ने भएको हुँदा सुरक्षा सतर्कता अपनाउन मौसम पूर्वानुमान महाशाखाले आग्रह समेत गरेका थिए ।

खासगरी पाकिसकेर काट्न तयार भएका धानलाई अहिलेको पानी असर पार्न सक्ने भन्दै किसानहरूले चिन्ता व्यक्त गरिरहेका छन् ।

कृषि विभागस्थित वरिष्ठ कृषि अर्थविद् महादेवप्रसाद पौडेल पनि पाकेको धानलाई अहिलेको पानीले केही हदसम्म हानी पुऱ्याउन सक्ने बताउँछन् ।

जलवायु परिवर्तन सम्बन्धी नयाँ प्रतिवेदन मानव जातिका लागि "उच्च खतराको घण्टी" हजारौं वर्षअघि फर्केर हेरौं मेलम्चीमा कहाँबाट र कसरी आयो गेगरानयुक्त बाढीहरु

हामीकहाँ धान काटिसकेपछि त्यसलाई सुकाउने प्रचलन रहेको हुँदा पानीले भिज्यो भने चामलको गुणस्तरमा असर पर्न सक्छ ।

अर्को कुरा अलि लामो समय भयो भने बोटमै अथवा काटेकै ठाउँमा धान उम्रिन सक्छ ।

३ कात्तिक, काठमाडौं । विगत चार दिनदेखिको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुवानमा परी मृत्यु हुनेको संख्या ७७ पुगेको छ । वेपत्ता हुनेको संख्या २६ रहेको छ भने घाइते हुनेको संख्या २२ पुगेको छ ।

गृह मन्त्रालयका अनुसार पहिरोले सबैभन्दा बढी मानवीय क्षति पाँचथरमा पुऱ्याएको छ । पहिरोमा परी पाँचथरमा मात्रै २४ जनाको मृत्यु हुँदा ६ जना घाइते भएका थिए ।

पाँचथरपछि बढी मानवीय क्षति हुने जिल्ला इलाम बनेको छ । ईलाममा पहिरोमा परी १३



किसानका लागि महत्वपूर्ण वस्तु रहेको पराल पनि वर्षाका कारण बिग्रिन सम्भावना पनि उत्तिकै रहने कृषि अर्थविद् पौडेल औंल्याउँछन् ।

नेपाल मौसम अविरल वर्षाले १०० उडान रद्द, विराटनगर विमानस्थल बन्द

अविरल वर्षाका कारण देशभर करिब १०० हवाई उडानहरू रद्द गरिएको नेपाल उड्डयन प्राधिकरणका निमित्त महानिर्देशक राजकुमार क्षेत्रीले बताए छन् ।

दुई दिनको अविरल वर्षाका कारण देशको विभिन्न भागमा हवाई उडान अवरुद्ध हुनुका साथै विराटनगर विमानस्थल डुबेको छ ।

काठमाडौंबाट उड्ने बुद्ध एयरको १३ वटा, तारा एयरको १३ वटा, गुण एयरको तीन वटा, सौर्य एयरको छ वटा, श्री एयरको दुईवटा र नेपाल एयरलाइन्सको पाँच वटा उडान रद्द भएको बताइएको छ ।

**बाढी पहिरोबाट ७७ जनाको मृत्यु, २६ जना वेपत्ता :**

पाँचथरमा मात्रै २४ जनाको मृत्यु

जनाको मृत्यु हुनो २ जना घाइते भएका छन् भने ३ जना वेपत्ता छन् ।

**सरकारले राहत दिने घोषणा :**

बाढी पहिरोबाट मृत्यु हुनेको परिवारलाई सरकारले २ लाख राहत दिने

धानमा ठूलो क्षति भोगेका किसानले पाएनन् भारी वर्षाको सूचना

लुम्बिनीमा ३६ हजार हेक्टरमा काटेको धान डुवानमा

यस्तै डोटीमा पहिरोमा परी १२ जनाको मृत्यु र ५ जना घाइते भएका थिए ।

धनकुटामा ७, हुम्लामा ६, बैतडीमा ४ जनाको मृत्यु भएका थिए ।

यस्तै पहिरो र बाढीमा परी बझाङ, सुनसरी र उदयपुरमा २(२ जना तथा कालीकोट, डडेलधुरा, प्युठान, सोलुखुम्बु र मोरङमा एकरएक जनाको मृत्यु भएको छ ।

**धानढल्यो, धानको दाना नलाग्ने किसानलाई चिन्ता :**

३ कात्तिक, विरगञ्ज । कात्तिकमा पनि असार-साउनमा जस्तो झरि छ । सोमबारदेखि परेको पानी बुधबारसम्म रोकिने छाँटकाट छैन । कतिपय किसानको धानमा दाना लाग्दै छ त कतिपयको बाली भित्र्याउने बेला भएको छ । वर्षासँगै आएको हावाहुरीका कारण धान ढलेको छ ।

धान ढल्दा फुलपनि झर्ने भएकोले दाना नलाग्ने हो कि भन्ने चिन्तामा किसान छन् । विरगञ्ज महानगरपालिका-१८ इनर्वा मनियारीका किसान हिरालाल प्रसाद चौहानलाई १२ वर्षयता धानबालीमा यसपालि जस्तो क्षति भएको थाहा छैन । "एक त मल समयमा पाइएन, धान फुट्दै थियो, हावाहुरीले धान ढालेको छ । अब किसान के खान्छन् । भोकै मर्नुपर्ने अवस्था पो आउने हो कि भन्ने चिन्ता छ ।"

रोपाईं गर्ने बेला पानी परेकोले यसवर्ष धान बढी फल्ने आश गरेका वैजनाथ पटेल निराश छन् ।

"पानीसँगै बतास आयो, धान ढलाईदिएको छ । ढलेको धान फल्दैन, अब के खाने ।" विरगञ्ज महानगरपालिका ईनर्वाका किसान भुनर राउतको मात्रै ४ विगाह भन्दा बढी धान ढलेको छ ।

४० वर्षदेखि धान खेती गर्दै आएका राउत भन्छन्, "हावा पानीले गर्दा यसपालिको धान खत्तम भयो, धान ढलेर फुल झरेको छ । फुल झरेपछि जति औषधिमुलो गरेपनि, भगवान नै आएर भनेपनि दाना लाग्दैन । भुस बन्ने हो ।"

सरकारसँग गुनासो :

यसवर्ष रासायनिक मल पनि महँगोमा किनेर हालेको राउत सुनाउँछन् । "लौन यस्तो भो सहयोग गर्नुपर्‍यो भनेर गयो भने तपाईंलाई मात्रै हैन सबैलाई समस्या परेको छ भनेर टारिदिन्छन्" स्थानीय जनप्रतिनिधिबारे उनी भन्छन् ।

कृषि सहकारी संघ पर्साका अध्यक्ष शिवकुमार साह पनि सबैभन्दा बढी जनसंख्या भएको किसान सबैतिरबाट बेवास्तामा परेको बताउँछन् ।

"जुनसुकै पालिकामा पनि किसानको संख्या बढी छ, किसानकै भोटले नेता बन्छन् । अनि किसानलाई आपत पर्दा बिर्सन्छन् ।"

**क्षतिपूर्तिको माग :**

पानीले धानबालीमा मात्रै हैन तरकारीको बिउमा पनि क्षति पुर्‍याएको छ । खेतमा तोरी छरिसकेका किसानको बिउ खेर जाने गएको छ । गत वर्ष लकडाउनबाट प्रभावित पर्साका

*कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको नेपाल कृषि अनसुन्धान परिषद् र राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले किसानलाई कृषि मौसमबारे सूचना दिन्छन् ।*

*त्यसको पछिल्लो हप्ता जारी गरेको मौसम बुलेटिन अस्पष्ट छ । असोज २८ गते विहीबार मौसमी सारांशमा राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले कात्तिक ४ गतेसम्मका लागि मौसम बुलेटिन सार्वजनिक गरेको थियो ।*

४ हजार ६ सय ६५ जना किसानलाई प्रदेश सरकारले २ करोड ९४ लाख रुपैयाँ ब्याज अनुदान दिएको थियो । अहिले धानबालीमा पुगेको क्षतिको पनि मुल्याङ्कन गरेर नगद राहत पाउनुपर्ने माग किसानको छ ।

कृषि सहकारी संघ पर्साका अध्यक्ष साह किसानलाई परेको मर्काका बारेमा तीनै तहको सरकारले ध्यान दिनुपर्ने बताउँछन् । "किसानलाई पुगेको क्षतिबारे स्थलगत अनुगमन हुनुपर्छ, त्यसको मुल्याङ्कन गरेर नगदमा राहत दिनुपर्छ" उनले भने, "चुनावमा ठूला-ठूला कुरा गर्ने अनि अहिले आपत पर्दा सहयोग नगर्ने ।"

**वर्षाहुन अगावै सूचना कमी**

कृषिलाई यान्त्रिकीकरण गर्न, किसानलाई समयमै सही सूचना दिन र विपदको समयमा धान भण्डारणका लागि पूर्वाधार निर्माणमा सरकारले ध्यान दिनुपर्ने बताउँछन् ।

**कृषि यान्त्रिकीकरणमा जोडदिनु पर्ने विज्ञाको सुझाव :**

प्रदेश २ मा यसवर्ष ४ लाख ३ हजार हेक्टर जमिनमा धान खेती गरिएको छ । सोमबारदेखिको वर्षाले प्रदेशभर किसानले के कति क्षति बेहोर्नुपर्‍यो भन्ने तथ्याङ्क संकलन भइसकेको छैन । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं २ का सूचना अधिकारी मनिषकुमार पालले ८ वटै जिल्लाबाट तथ्याङ्क संकलन भइरहेको बताए ।

"प्रदेश २ मा धान कटानी शुरु भईसकेको छैन, धान ढलेको र पानीमा डुबेको छ' "८ वटै जिल्लामा पानीले धान तथा तरकारी बालीमा पुर्‍याएको क्षतिको तथ्याङ्क संकलन गरिसकेको छ । तथ्याङ्क आईपुगिसकेको छैन ।' कृषि अनुसन्धान निर्देशनालय परवानीपुरका निर्देशक एवं धानबाली विशेषज्ञ डा.रामवरण यादवले भने प्रदेश २ मा वर्षाका कारण धानबालीमा ५ प्रतिशत क्षति पुगेको अनुमान गरिएको थियो । तर, समयमै लडेको धान नउठाए थप क्षति हुनसक्छ ।

"हावा पानीसँगै आएकोले गर्दा पाक्न लागेको, दाना लाग्दै गरेको धान खेतमै लडेको छ, त्यसलाई तत्काल बाँधेर उठाउनुपर्छ' उनले भने 'होइन भने ६० देखि ७० प्रतिशत क्षति हुन्छ ।"

पाकेको धान भने किसानले काटेर खेतमै छोड्ने भन्दा थ्रेसिङ गरेर व्यवस्थापन गर्नुपर्ने सुझाव सार्वजनिक गरेको थियो ।

दीर्घकालीन रुपमा समस्या समाधानका लागि भने ५ वर्षको मौसमको अवस्था विश्लेषण गरेर निर्णय लिनु उपयुक्त हुने उनको भनाईहरु आएका छन् ।

"कृषि क्षेत्रमा जलवायु परिवर्तनको असर देखिएको छ, ५ वर्षको मौसमलाई विश्लेषण गरेर खेती लगाउने समय नै परिवर्तन गर्नुपर्ने हो भने पनि गर्नुपर्छ" "सँगसँगै पानी जम्ने ठाउँमा लगाउन मिल्ने, नढल्ने जातको धानको बिऊ रोज्नुपर्छ ।"

सरकारले सुकाउने मेशिन, हिलोमा समेत चल्न सक्ने कम्वाइन्ड हार्भेस्टर खरिद गर्न किसानलाई प्रोत्साहन गर्ने तथा अनुदानमा वितरण गर्नुपर्ने सुझाव छ ।

कृषि औजार अनुसन्धान केन्द्र विरगञ्जका प्रमुख वैज्ञानिक सचिन मिश्र किसानलाई प्रविधि प्रयोगमा प्रोत्साहित गर्न सके मौसमी असरले कृषि क्षेत्रमा पार्ने असरलाई कम गर्न सकिने सुझाव दिइएको छ ।

"धान काटेर खेतमा राख्ने परम्परागत पद्धति हो, त्यसले गर्दा बढी क्षति भएको र "कम्बाइन्ड हार्भेस्टर प्रयोग गर्‍यो भने उतिनै बेला धान निक्लिन सक्थ्यो ।"

वेमौसमी वर्षाले धानबालीमा ठूलो क्षति भोगेका किसानले मौसमबारे समयमा सही सूचना नपाएको देखिएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको नेपाल कृषि अनसुन्धान परिषद् र राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले किसानलाई कृषि मौसमबारे सूचना दिन्छन् । त्यसको पछिल्लो हप्ता जारी गरेको मौसम बुलेटिन अस्पष्ट छ । असोज २८ गते विहीबार मौसमी सारांशमा राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले कात्तिक ४ गतेसम्मका लागि मौसम बुलेटिन सार्वजनिक गरेको थियो । जसमा "मौसममा बदली हुनेछ तर साताको अन्तिम अर्थात कात्तिक ३ गते बुधबारदेखि मात्रै देशका विभिन्न प्रदेशमा भारी वर्षाको

सम्भावना छ ।'' ५ बुँदे बुलेटिनको सारांशमा उच्च हिमाली क्षेत्रमा हिमपात हुने अनुमान गरिए पनि केही स्थानमा मात्र भारी वर्षा हुने भनिएको थियो र हावाहुरीबारे उल्लेख गरिएको थिएन ।

प्रदेश १ मा साताको शुरुमा आंशिक बदली हुने र एक र दुई स्थानमा हल्का हिमपात, साताको मध्यमा आंशिकदेखि सामान्य बदली रहने र केही स्थानमा हल्कादेखि मध्यम हिमपात हुने अनुमान गरिएको थियो । साताको अन्तिममा सामान्यदेखि पूर्ण बदली रहने र उच्च हिमाली तथा पहाडी क्षेत्रमा हल्कादेखि मध्यम हिमपातको सम्भावना औंल्याइएको थियो ।

सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा साताको अन्त्यमा भारी हिमपातको सम्भावना औंल्याइएको थियो । देशका पहाडी भेगमा साताको शुरुमा आंशिक बदली रहने, प्रदेश १ र बागमतीका केही स्थानमा र बाँकी प्रदेशका एक र दुई स्थानमा हल्का वर्षा, साताको मध्यमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षाको आंकलन गरिएको थियो ।

साताको अन्त्यमा सामान्यदेखि पूर्ण बदली रहने धेरै स्थानहरुमा हल्कादेखि मध्यम वर्षाको साथै सुदूरपश्चिम, लुम्बिनी, गण्डकी र प्रदेश १ का थोरै स्थानमा भारी वर्षा र प्रदेश १ का एक र दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बुलेटिनमा उल्लेख गरिएको थियो । यी भेगमा साताको मध्यमै भीषण वर्षाले धानबालीमा ठूलो क्षति पुऱ्यायो ।

देशका तराई भेगमा साताको शुरुमा (शुक्रबार शनिबार) आंशिक बदली रही एकरदुई स्थानमा हल्का वर्षा, मध्यमा (आइतबार, सोमबार र मंगलबार) आंशिकदेखि सामान्य बदली रही केही स्थानहरुमा हल्कादेखि मध्यम वर्षा र साताको अन्त्यमा (बुधबार, बिहीबार) सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानहरुमा हल्कादेखि मध्यम वर्षाको साथै सुदूरपश्चिम, लुम्बिनी, गण्डकी, वागमती, प्रदेश १ र प्रदेश २ का धेरै स्थानहरुमा भारी वर्षाको सम्भावना देखिने अनुमान गरिएको थियो ।

**अनुकूल समय हेरेर धान भित्र्याउनु अनुरोध :**

बुलेटिनमा सामान्यदेखि भारी वर्षाको पूर्वानुमान गरेको केन्द्रले किसानलाई एक वाक्यमा दोधारे सुझाव दियो । साताभरि नै भारी, मध्यम र सामान्य वर्षा हुन्छ भनेको केन्द्रले धान काट्ने, नकाट्ने वा भित्र्याउने सम्बन्धमा स्पष्ट सुझाव आफ्नो सूचनामा लेखेको थिएन ।

जलवायु प्रकोप समुत्थान निर्माण राष्ट्रिय आयोजना निर्देशक शिवनन्दन प्रसाद साहका अनुसार जल तथा मौसम पूर्वानुमान महाशाखाले दिएको सूचनाका आधारमा उक्त सूचना किसानलाई पठाइएको हो ।

धेरै धान उत्पादन हुने तराईका २६ जिल्लाका ३० हजार किसानलाई मोवाइलमा उक्त एसएमएस पठाइएको साहले बताए । ''मौसम पूर्वानुमान महाशाखाको पूर्वानुमान र त्यसको कृषिमा पर्न सक्ने असरबारे राष्ट्रिय कृषि अनुसन्धान परिषद्का वैज्ञानिकले तय गरेको भाषा किसानलाई पठाइएको थियो '' साहले आफूहरुले मौसमको सम्भावनामात्रै बताउने तर ग्यारेन्टी गर्न नसक्ने बताएका थिए ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र विश्व बैंक लगायतको दातृ निकायको सहयोगमा सञ्चालित यो आयोजनाले मौसमी प्रतिकुलता र कृषि उपज बचाउने उपायसम्बन्धी जानकारी वेबसाइटमा साप्ताहिक रुपमा प्रकाशित हुने बुलेटिन, मोवाइल एप र एसएमएसबाट किसानलाई दिने गरेको छ ।

तर, लामो समयदेखि वेबसाइट नियमित अपडेट छैन । सन् २०१९ को सेप्टेम्वरयता केन्द्रको फेसबुक पेज पनि अपडेट छैन भने वेबसाइटमा पछिल्लो सूचना तथा जानकारी २०७६ सालको दशैंमा व्यक्त गरिएको शुभकामना सन्देश मात्रै छ ।

केन्द्रका प्रमुख साहका अनुसार अहिले नियमित भनेको मौसमबारे जानकारी दिने एसएमएसमात्रै हो । ''किसानहरु मोबाइल एप, वेबसाइट चलाउन नजान्ने र एसएमएस पनि प्राविधिक कुरा भएकाले बुढाबुढी किसानले बुझ्नेनन् यसपटक यस्तै कमजोरी भयो ।''

दाङ देउखुरीका किसानको धान डुव्यो

२ कात्तिक, दाङ देउखुरीमा अविरल वर्षाका कारण धान खेतमै डुबेपछि दाङका किसानहरु चिन्तित भएका छन् । दाङ देउखुरी क्षेत्रको अधिकांश किसानहरुको काटेर राखेको धान खेतमै डुबेको छ ।

देउखुरी क्षेत्रमा गतवर्ष भन्दा यस वर्ष धान राम्रो फलेपछि किसानहरु उत्साहित थिए । तर धान भित्र्याउने बेलाको वेमौसमी वर्षातले भने उनीहरुलाई निराश बनाएको छ ।



कतिपयको धान खोलामा आएको बाढीले बगाएको छ भने कतिपयको धान खेतमै डुबेको छ ।

खेतमा काटेर राखेको धानमा आइतबार दिउँसोदेखिको निरन्तर वर्षाका कारण ठूलो नोक्सानी भएको छ । गंगदी खोलाको बाढीले बगर क्षेत्रमा करिब ४० देखि ५० विघा क्षेत्रफलमा काटेर राखेको धान बगाएको बताए । ''दशैं लगत्तै धमाधम धान भित्र्याउने तयारी गरेको धान एक्कासी आएको अविरल वर्षाले सबै धान खोलाले बगाएको छ ।

लमही नगरपालिका वडा नम्बर ३ मजगाउँका किसानहरु पनि खेतमा काटेर राखेको धान पानीले भिजाएपछि चिन्तत बनेका छन् । दाउनको लागि ठिक्क पारेर राखेको धान पानीले भिजाएको छ । त्यो भिजेको धान दाउनुअघि फेरि सुकाउनु पर्ने भएको छ । यसबाट कामको बोझ बढेको त छ नै पानी परेको धान मक्किने र गाईवस्तुलाई खुवाउने पराल कामै नलाग्ने हुँदा किसान मर्कामा परेका छन् ।

खेतमा काटेर राखेको धान पानीले भिजाएपछि दाङ सहित देशैभरका कृषकहरु मर्कामा परेका छन् । दाङका विभिन्न भेगमा काटेर उठाउने तयारीमा रहेको सयौं विगाहाको धान पानीमा डुबेको किसानहरुले बताएका छन् ।

जिल्ला कृषि ज्ञान केन्द्र दाङका सूचना अधिकारी रुद्रमणी पौडेलले कृषि कार्यालयमा धान नोक्सानीको विषयमा कुनै पनि तथ्याङ्क नरहेको बताए । तथ्याङ्क संकलनको लागि स्थानीय तहमा खबर पुऱ्याएको, कतैबाट पनि तथ्याङ्क नआएको बताए । ''पानीले धानमा नोक्सानी भएको होला तर स्थानीय तहरुबाट अहिलेसम्म हामीले आधिकारीक तथ्याङ्क नपाएको, दाङ जिल्लामा गत वर्ष ३७ हजार हेक्टर क्षेत्रफलमा धान लगाइएकोमा यो वर्ष ३९ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको जनाएको छ ।

कैलाली जिल्लाका किसानले धान भित्र्याउन पाएनन्

असोजको महिना किसानका लागि महत्वपूर्ण महिना हो । कैलालीको भजनी नगरपालिकाका किसान रामबहादुर चौधरीले १० बिघामा धानखेती गर्नुभएको छ । असारमा रोपेको धान भित्र्याइने समय भइसक्दा पनि रामबहादुरको खेतमा पानी कम भएको छैन । ''धान पाकेर खेतमै झर्ला जस्तो भइसक्यो, मौसमले अझै साथ दिएको छैन', उनी भन्छन्, 'यसरी वर्षा भइरहने हो भने त धान भित्र्याउन निकै समस्या हुने देखिएको छ । आकाशमा बादल मडारियो भने कतै पाकेको धानबाली नष्ट गर्छ कि भन्ने त्रासले मन पनि त्यसैगरी मडारिन्छ ।''

यो समयमा किसान खेतमा हुनुपर्ने भए पनि मौसमको खराबीका कारण पाकेको धान भित्र्याउन समस्या भएको छ ।

हिउँदे खेती कम हुने भए पनि बर्खेखेती प्रायः सबै किसानले गर्ने गरेका छन् । अहिले दैनिकजसो वर्षा हुने गरेको छ । वर्षासँगैको हावाहुरीका कारण धान खेतमै ढल्ने र पानीले तल्लो भाग गलेर पराल पनि काम नलाग्ने हुन थालेको छ ।

कैलालीको टीकापुर नगरपालिकाकामा २६ बिघा जमिनमा धानखेती गरेका छन् । लामो समयदेखि कृषिमा लागेका स्थानीय वासीहरु विगतका वर्षमा यतिबेला सबै धान भित्र्याउन सक्थे । खेतमा धान पाकेर कालो पर्न थालिसक्यो । दैनिकको वर्षाले कतिपय ठाउँमा धान ढलेर बिग्रिसकेको छ । यो वर्ष धान राम्रो भएको जनाएको छ । मौसमले साथ नदिएका कारण खेतमै धान नष्ट हुन थालेपछि किसानहरु चिन्तामा छन् ।''

धनसिंहपुर कृषि सहकारी संस्थाले धानको बीउ उत्पादनका लागि ४५ हेक्टरमा बिज वृद्धिका लागि धानखेती गरेको छ । बीउको धान समयमै भित्र्याउन नपाए त्यसले भोलि राम्रो उत्पादन दिन नसक्ने भन्दै सहकारीका अध्यक्षसमेत रहेका साउद एक/दुई दिनमा मौसममा सुधार नआए किसानले ठूलो क्षति बेहोर्नुपर्ने चिन्तामा छन् ।

अहिले टीकापुर क्षेत्र बिज वृद्धिमा आत्मनिर्भर भइसकेको छ । बदिलँदो मौसमले हामीलाई समयसमयमा चुनौती थप्दै आएको बताए ''बीउ उत्पादनमा लगानी पनि बढी भएको हुन्छ । समयमै भित्र्याउन नसके धान कालो हुने र बीउका लागि उपयुक्त नहुने भएकाले पनि अहिले मौसमका कारण बीउ उत्पादनमा ह्रास आउँछ कि भन्ने चिन्ता बढेको बताएको छ ।''

जानकी गाउँपालिकामा रहेको बीज वृद्धि कृषक सहकारी संस्थाले १६३ हेक्टरमा बीज वृद्धिका लागि धानखेती गरेको छ । कैलालीकै सबैभन्दा बढी बीउ उत्पादन गर्ने उक्त संस्थाका व्यवस्थापक गोविन्दराज रावल धान खेतमै बिग्रन अवस्थामा पुगेका कारण बीज वृद्धिमा समस्या आउनसक्ने बताए ।

धान खेतमै ढलेर पानीमा सड्न थालेकाले मौसमले पनि किसानलाई नै चुनौती दिएको उनको भनाई छ ।'' अहिलेको मौसमका कारणले बीज वृद्धिमा कमी आउने संकेत देखिएको छ ।

धान भित्र्याउने समय भए पनि किसान अझै खेतसम्म पुग्न सकेका छैनन्', ''धेरै पाकेको धानलाई पनि बीउका लागि उपयुक्त मान्न सकिँदैन । समयमै धान भित्र्याउन सकिएन भने बीउका लागि रोपेको धान पनि बजारमा बिक्री गर्नुको विकल्प छैन ।''

**गोरखामा पनि धानबालीमा क्षति :**

केही दिनयताको अविरल वर्षाले गोरखामा धानबालीमा ठूलो क्षति भएको छ । गोरखाको बारपार सुलिकोट गाउँपालिका वडा-५ मा पाकेको धान काटेर भित्र्याउन ठिक्क परेको धान पानीले भिज्दा क्षति पुगेको स्थानीय किसानहरुले बताएका छन् ।

वर्षाको पानी तर्काउन किसानहरुले पानी परिरहेकै समयमा खेतको आलीमा धान राख्न व्यस्त भएका थिए । लगातारको वर्षाले गोरखाका अधिकांश ठाउँमा धान बिगारेको थियो ।

**किसानलाई थपिय ऋणको बोझ :**

धनुषाको कमला नगरपालिका वडा नम्बर ४ मुकेशकुमार यादव गाउँमा सरसापट गरी डेढ बिघा जग्गामा जिरी जातको धान लगाए । समयमै वर्षा भएका कारण राम्रै फल्यो । ऋण तिर्न र परिवारका निम्ति अन्न जोहो भयो भनेर उनी खुशी भए ।

तर असोज १ गते सोमबार रातिदेखि परेको पानीले पाकिसकेको उनको धान डुवानमा बताए । ''डेढ बिघा खेतकै धान भित्र्याउन मात्रै बाँकी थियो । मेरो मिहिनेत, लगानी सबै बर्बाद भयो' उनी भन्छन्, कसरी ऋण तिर्ने, अनि परिवारलाई कसरी पाल्ने ?''

उनका अनुसार खेती गर्ने समयमा मजदुरको ज्याला र मलखादका लागि ५० हजार रुपैयाँ ऋण लिएका थिए । ''प्रत्येक वर्ष यस्तो ऋण लिएर खेती गर्दै आएको छु'' ''उब्जेको धान बेचेरै ऋण चुक्ता गर्ने र परिवारलाई पाल्दै आएको हो । यस पटक अब न ऋण तिर्न सकिन्छ, न त परिवारलाई नै पाल्न सकिन्छ ।''

मुकेशको जस्तै पीडामा छन्, मालवर मण्डलको पनि त्यही पीडा छ । ९५ वर्षका मण्डलले १५ कट्ठा जग्गामा धानबाली लगाएका थिए । पाकिसकेको धानबालीलाई घर भित्र्याउन बाँकी थियो । काटेर खेतमा राखेको धान बेमौसममा परेको पानीले डुबाएको छ । ''शुरुदेखि खेती गरेरै परिवार पाल्दै आएको छु, अब कसरी छाक टार्ने ?'' भन्ने चिन्ता बढेको छ । मण्डल भन्छन्, 'सबै बर्बाद भयो, यसपालि पेट पाल्नै समस्या हुन्छ ।

**काटिएका सबै धानमा ठूलो क्षति :**

सोमबार साँझदेखि शुरु भएको बर्षा जारी रहँदा प्रदेश २ को धनुषासहित सबै जिल्लामा लगाइएको धानबालीलाई नोक्सान पुऱ्याएको छ । पानीले धान बालीमा पुऱ्याएको क्षतिको विवरण संकलन भइरहेको प्रदेशको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बताएको छ । मन्त्रालयका सूचना अधिकारी मनिष पालका अनुसार प्रदेशका ८ वटै जिल्लामा लगाइएको धानबालीमा वर्षाले प्रभाव पारेको छ ।

काटिइसकेको धानमा बढी क्षति पुगेको भन्दै उनले भने, ''पूर्वतिरको जिल्लामा अलिक बढी क्षति पुऱ्याएको देखिएको छ । लगाइएको कुल धानबालीमध्ये ५ प्रतिशत धान काटिइसकेको थियो । झरीले क्षति पुऱ्याएको छ, कतिपय ठाउँमा बगाएको पनि सूचना छ ।''

मन्त्रालयका अनुसार प्रदेशका ४ लाख ३ हजार १ सय ६४ हेक्टर जग्गामा धान खेती भएको छ । वर्षाले काट्न बाँकी धानमा धेरै क्षति

पुगेको छैन । तर पानी नरहे नकाटिएका धानमा पनि ठूलो क्षति पुऱ्याउन सक्ने सूचना अधिकारी पालले बताए ।१ लाख ८४ हजारबढी हेक्टरमा फलाएको धान डुबानमा पर्दा आर्थिक बृद्धिमै धक्का पुग्नसक्छ

कृषि मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाश सञ्जेल अनुसार प्रदेशहरुबाट प्राप्त विवरणअनुसार मंगलबार मध्यान्नसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशमा ठूलो क्षति भएको छ । "निरन्तरको ठूलो वर्षा र बाढीका कारण कर्णाली, सुदुरपश्चिम र लुम्बिनी प्रदेशका ७ जिल्लामा पाकेको धान बालीमा ठूलो असर पारेको छ, "

प्रारम्भीक सूचना अनुसार कैलाली, कञ्चनपुर, सुर्खेत, बाँके, बर्दिया र कपिलवस्तु जिल्लाका किसानको पाकेको धान बाढीको चपेटामा परेका छन् । किसानहरूले काटेर खेतमा सुकाएको र कुन्यू लगाएर राखेको धान बाढीले डुबेको प्रवक्ता सञ्जेल बताए ।

प्रदेश एक, प्रदेश दुई, बागमती र गण्डकी प्रदेशमा पनि भित्र्याउन लागेको धान पानीले बिगारेको छ । पानीले बोटमा भिजेको धानभन्दा किसानले काटेर खेतमा सुकाएको, हावा र पानीका कारण ढलेर भिजेको धान बिउका लागि प्रयोग गर्नै नसक्ने गरि बिग्रिएको छ । प्रदेश दुईमा मंगलबार दिउँसोबाट निरन्तर वर्षा शुरु भएकाले किसानहरु चिन्तित छन् । अन्य प्रदेशमा पनि आंशिक असर देखिएको छ । सातै प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार पानी र हावाका कारण देशको कुल धान उत्पादन क्षेत्रफलको ७.२९ प्रतिशत क्षेत्रफलमा प्रारम्भिक असर परेको देखिएको छ ।

नेपालमा यो वर्ष १३ लाख ४२ हजार ८१९ हेक्टर जमीनमा धान रोपाइँ भएको थियो । मंगलबार अपरान्हसम्म एक लाख ८४ हजार २०० हेक्टर क्षेत्रफलमा फलाइएको धान डुबानमा परेको छ ।

प्रदेशका सबभन्दा धेरै धान उब्जनी हुने कञ्चनपुर र कैलालीको पकेट क्षत्रमै बाढीले पाकेको धान सखाप बनाएको छ ।

कृषि विकास निर्देशनालय, सुदुरपश्चिमका प्रमुख यज्ञराज जोशीका अनुसार पाकेको धान काटेर खेतको गरामा सुकाएका, कुन्यू लगाएको फाँटहरुमा डुवानमा परेका छन् । किसानका घर वरपर नै डुवान भएकाले धान खेतको पानी तर्काउने वा धानलाई व्यवस्थित गर्ने काम गर्नै नसकेको बताएका थिए ।

वेमौसममा आएको पानीका कारण प्रदेशको कुल धान उत्पादनको करिब २५ प्रतिशत धानमा असर परेको छ ।

कैलाली र कञ्चनपुरमा मात्रै झण्डै ४६ हजार ४६७ हेक्टर क्षेत्रफलमा लगाईको एक लाख ७१ हजार ९२७ मेट्रिकटन धान बालीमा क्षति पुगेको निर्देशनालयको प्रारम्भिक अनुमान छ । दशैंको बिदामा किसानले काटेको धान भित्र्याउन पाएका थिएनन् । प्रदेशभरी ६० प्रतिशत जति धान काटेर भित्र्याएका छन् । १५/२० प्रतिशत जति काट्नै बाँकी छ भने काटेर सुकाएको २५ प्रतिशत धानमा क्षति भएको अनुमान छ । दशैंअघि काटेर सुकाएको र कुन्यू बनाएको कञ्चनपुर र कैलालीको धानको यो बेमौसमको झरीले बर्बाद बनाएको छ ।

कृषकले मानो उब्जाएर मुरी फलाउन लगाएको परिश्रम खेरा जाने जोखिम छ । धान बालीको क्षति अनुगमन गर्न स्थलगत रुपमा कैलालीको जोशीपुर नगरपालिका पुगेको थाहा भएको छ ।

हामी स्रोत साधनले भ्याएसम्म उपाय गरेर फिल्डमा हिँडेका छौं, सबै जिल्लाबाट विवरण मागेका छौं । सुदूरपश्चिमको कुल धान उत्पादनको ७० देखि ७५ प्रतिशत धान फल्ने कञ्चनपुर र कैलाली बेस्सरी प्रभावित छ । एकाध दिनमा घाम लाग्यो र सुकाउन पाइयो भने केही मात्रामा धान प्रयोगका लागि योग्य हुन्नसक्छ । निरन्तर वर्षा भइरहे सबै धान खेतमै उम्रिने अवस्था आउँछ भन्ने चिन्ता छ ।

**कर्णालीमा डुवानसँगै हावाहुरी :**

कर्णाली प्रदेशका निर्देशक चित्रबहादुर रोकायका अनुसार निरन्तरको वर्षाका कारण धान बालीमा निकै ठूलो असर पुगेको छ । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार सुर्खेत, जुम्ला, दैलेख र सल्यान जिल्लाका किसान मारमा परेका छन् ।

प्रारम्भिक तथ्याङ्कअनुसार प्रदेशभर रोपाईंको झण्डै २० प्रतिशत अर्थात् ७ हजार ६७७ हेक्टर क्षेत्रफलमा किसानले लगाएको धान हुरी र डुवानमा परेको निर्देशनालयका निमित्त निर्देशक चित्रबहादुर रोकायले बताएका छन् । "तीन दिनदेखि पानी लगातार परिरहेको छ । प्रदेशको कुल रोपाईंको २० प्रतिशतले धान किसानले खेतमा काटेर सुकाएको र त्यो धान डुवानमा परेको छ,।"

पानीको निकास नभएकाले काटेको धान सुरक्षित गर्न नसकिएको र नकाटेको धान पनि हावाले ढालेको उनले बताए ।

लुम्बिनी प्रदेशमा पनि भित्र्याउन ठिक्क पारिएको धान बालीमा पानी र हावाले क्षति पुऱ्याएको छ । मंगलबार मध्यान्हसम्म प्रदेशभर १ लाख ३० हजार ५६ हेक्टर क्षेत्रफलमा लगाइएको धानमा बाढी र हावा लागेको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

प्रदेशभर कुल ३ लाख १७ हजार ४१४ हेक्टरमा धान लगाएकोमा ५५ हजार ५४ हेक्टरको धान काटेर भित्र्याईएको निर्देशनालय प्रमुख यम नारायाण देवकोटाले बताए । यस्तै ३६ हजार ४८० हेक्टरमा लगाईएको काटेर खेतमा रहेको र ९३ हजार ५७६ हेक्टरमा लगाइएको धान हावा हुरी र भारी वर्षाले ढलाएको बताए ।

गण्डकी र प्रदेश २ मा आंशिक असर :

वर्षा निरन्तर भएपनि गण्डकी र प्रदेश दुईको धान बालीमा भने असर कम परेको पाइएको छ । गण्डकी कृषि विकास निर्देशनालयका निमित्त प्रमुख बासुदेव रेग्मीकाअनुसार प्रदेशमा धेरै धान उत्पादन हुने नवलपुर, कास्की र स्याङ्जामा धानहरु भिजेको छन्, तर डुबेको छैन ।

डुवान नहुने क्षेत्र भएका कारण चामलको गुणस्तर घट्ने र पराल बिग्रिने जस्ता समस्या देखिने भए पनि ठूलो क्षति तत्काल नदेखिएको रेग्मीले बताए । पहाडी क्षेत्रमा लगाइएको धानमा फुल खेल्ने र पसाउने बेला भएको छ । हावा र पानीले त्यसमा पनि असर परेको उनले बताए । प्रदेश अर्न्तगतको सबै जिल्लाबाट क्षतिको विवरण माग गरिएको भन्दै रेग्मीले तत्कालका लागि क्षति न्यून् मात्रै भन्न सकिने बताए ।

धानको भण्डारण मानिने प्रदेश दुईमा भने मंगलबार मध्यान्हपछि वर्षा शुरु भएको थियो । प्रदेश कृषि विकास निर्देशनालय प्रमुख रतन कुमार झाका अनुसार धान डुवानमा परेको छैन । तर केही मात्रामा धानहरु ढलेको र खेतमा रहेको धान भिजेको सूचना आएको थियो । "पाकेको धान पानी र हावाले ढलेको छ, । कात्तिकमा काट्न लगाइएको अगौटे धानलाई भने असर गर्ने अनुमान गरेको बताएका छन् ।

भारी वर्षा र हुरीका कारण धान बालीमा पुगेको यकिन विवरण आइनसकेको बागमती र प्रदेश एक कृषि विकास निर्देशनालयले जनाएका छन् । पानीले धान बालीमा परेको असर पहिल्याउन "ऱ्यापिड टास्कफोर्स" गठन गरेको कृषि विकास निर्देशनालय, बागमतीका प्रमुख रविन्द्रबहादुर प्रधानले बताए । नजिकैको

स्थानीय तह वा ज्ञान केन्द्रमा आफ्नो क्षतिको विवरण पठाउन किसानलाई आग्रह गरिएको प्रधानले बताए ।

चितवन, काभ्रे, धादिङ लगायतका ठाउँहरुमा धान बालीलाई हावा र पानीले ढालेको विवरण अपुष्ट रुपमा प्राप्त भएको उनको भनाई छ । प्रदेशभर ठूलो डुवानको अवस्था नहुने भएकाले पानी पर्न कम भए खासै ठूलो असर देखिने अवस्था नरहेको उनले बताए ।

प्रदेश एक भने धान बालीमा ठूलो असर परेको, तर क्षतिको विवरण प्राप्त नभएको कृषि विकास निर्देशनालयले जनाएको छ । असोज ३१ गतेदेखि निरन्तर वर्षा भएकाले झापामा ठूलो क्षति पुगेको खबर आएको थियो ।

गुवा धान बाली भित्र्याउने चटारोमा रहेका किसानहरु झरीको मारमा परेको हुनसक्ने आंकलनसहित कृषि ज्ञान केन्द्रहरुलाई फिल्डमा पुगेर सूचना लिन लिइरहेको बताएको थिए ।

**आर्थिक वृद्धिमै धक्का पुग्ने :**

भित्र्याउने बेला भएको धान पानी र हुरीको चपेटामा परेपछि आगामी वर्ष उन्नत बिउ उत्पादनमा संकट आउन सक्ने आंकलन विज्ञहरुको छ ।

वरिष्ठ कृषि अर्थविज्ञ डा.महादेवप्रसाद पौडेलका अनुसार सामान्य पानीले धान डुब्यो भने चामलको स्वाद हराउने र चामल पहेँलो हुन्छ । ''एक दुई दिन मात्रै डुबे चामल प्रयोगका लागि ठीकै हुन्छ, तर ५/६ दिन भिज्यो भने धान कुहिन्छ र उम्रिन थाल्छ, ।''

पाकेपछि पानीमा भिजेको धानको बिउ उन्नत नहुने उनले बताए । देशैभरको धान बिग्रिने भो, कतै यस्तै धानबाट बिउ बनाइयो भने अर्को वर्ष झन् दानै नलाग्ने हुनसक्छ ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का धानबाली विज्ञ डा.सुशील सुवेदी धान भित्र्याउने बेला देखिएको पानीको असर मुलुकको आर्थिक वृद्धिमै पर्ने बताए । गत वर्षको आँकडाअनुसार कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५.८३ छ, जसमा माछा र वनजंगलको भन्दापनि धानको योगदान धेरै छ । डाक्टर सुवेदीका अनुसार पानीका कारण पाकेको बालीमा परेको डुवान यस कारण पनि मुलुकका लागि खतरा छ । सुवेदीका अनुसार नकाटेको धानमा त धेरै क्षति नपर्ला, तर काटेर सुकाएको धान बगाउनु र डुबाउनु ठूलो समस्या हो । यसले धान उत्पादन घट्छ, र समग्र अर्थतन्त्रमा असर पार्छ ।

वर्षातका कारण पूर्वभन्दा पश्चिम नेपाल धेरै प्रभावित भएको र फूल फुल्न थालेको धान उच्च जोखिममा रहेको बताए । बिउ काट्ने बेलामा धान पानीमा भिजेपछि धान परिपक्क हुनै नपाउने र बनाउने बिउको उम्रिने शक्ति पनि घट्ने आँकलन गरिएको छ ।

कृषि अनुसन्धान परिषद् नार्कका सूचना अधिकारी डा.बालकृष्ण जोशीले केही दिन पानी परिरहने भएकाले सकेसम्म सग्लो रहेको धान नकाट्न किसानलाई अनुरोध गरेको छ । ''सकेसम्म धान नकाट्ने, काट्नबाट रोक्ने नसक्ने अवस्था आए सुकाउने प्रबन्ध गर्न अनुरोध गर्दछु,'' । भिजेको धान पनि पंखा र कुनै माध्यमबाट सुकाउन सकिन्छ भने त्यसो गर्न पनि उनले किसानहरुलाई सुझाव दिएका छन् ।

**लुम्बिनी प्रदेशको ३६ हजार हेक्टर धान डुबानमा :**

लगातारको वर्षा र बाढीले लुम्बिनी प्रदेशमा ३६ हजार हेक्टर क्षेत्रफलमा काटेर राखेको धान डुबेको थियो । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार प्रदेशका १२ जिल्लामा काटेर खेतमै राखिएको ३६ हजार ४ सय ८० हेक्टर क्षेत्रफलको धानमा क्षति भएको छ । प्रदेशभर कुल खेती भएको ३ लाख १७ हजार ४ सय १४ हेक्टर क्षेत्रफलमध्ये ५५ हजार ५४ हेक्टर क्षेत्रफको धान भने किसानले भित्र्याएका छन् । ९३ हजार ५ सय ७६ हेक्टर क्षेत्रफलको धान काट्न बाँकी भएपनि धान काटिसकेको छ । प्रदेशका १२ जिल्लामध्ये सबैभन्दा धेरै बर्दियामा १० हजार हेक्टर जमीनको धानमा क्षति पुगेको प्रदेश कृषि विकास निर्देशनालयकी बाली विकास अधिकृत सुनैना बराइलीले बताइन् । बर्दियामा २५ हजार २ सय हेक्टर जमीनको काटी सकेको छ ।

कपिलवस्तुमा काटेर खेतमै राखिएको ८ हजार ८ हेक्टर क्षेत्रफलको धानमा क्षति भएको छ । जिल्लामा २७ हजार ४ सय ५५ हेक्टर खेतमा धान काटी सकेको थियो ।

दाङमा काटेर खेतमै राखिएको ३ हजार ४ सय हेक्टर जमीनको धानमा क्षति पुगेको छ । दाङमा ४ हजार ३ सय हेक्टर जमीनको धान काटी सकेको छ ।

बाँकेमा काटेर खेतमै रहेको ७ हजार ५ सय हेक्टर जमिनको धानमा वर्षाले क्षति पुऱ्याएको छ । त्यस्तै १० हजार हेक्टर जमिनको धान काटी सकेको छ बाँकी १ हजार १ सय हेक्टर जमीनको धान भित्र्याइएको छ ।

रुपन्देहीमा काटेर खेतमा रहेको ३ हजार ४ सय ६८ हेक्टर जमिनको धानमा क्षति पुगेको छ । जिल्लामा २० हजार ७ सय ९३ हेक्टर खेतको धान काटीसकेको छ ।

प्यूठानमा काटेर खेतमै रहेको ३ हजार ७ हेक्टर जमीनको धानमा क्षति पुगेको छ भने ७ सय ८८ हेक्टर खेतको धान काटी सकेको छ ।

नवलपरासी पश्चिममा काटेर खेतमै रहेको ४ सय १० हेक्टर जमीनको धानमा वर्षाले क्षति गरेको छ भने ४ हजार १ सय हेक्टर खेतको धान काटी सकेको छ । रुकुम पूर्वमा काटेर राखेको ४ सय १२ हेक्टर खेतको धान डुवानमा परेको छ ।

गुल्मीमा काटेर खेतमै रहेको ८ हेक्टर खेतको धान वर्षाले भिजाएर क्षति पुऱ्याएको निर्देशनालयले जनाएको छ ।

पाल्पामा काटेर खेतमै रहेको २ सय ७० हेक्टर जमीनको धानमा क्षति पुगेको छ । पाल्पामा २ सय ६५ हेक्टर खेतको धान काटी सकेको छ । रोल्पामा २५ हेक्टर खेतको धान बालीमा क्षति पुगेको छ । त्यस्तै ३५ हेक्टर जमीनमा लगाइएको मकै र १३ हेक्टरमा गरिएको सिमी बालीमा पनि वर्षाले क्षति पुऱ्याएको छ ।

**कैलालीमा दूईसय घर डुवान :**

धनगढी । लगातारको वर्षाका कारण महाकाली र जोगबुढा नदीमा आएको बाढीले तटीय क्षेत्रका दुई सय घर डुवानमा परेका छन् । कञ्चनपुरको भीमदत्त नगरपालिकाको वडा नम्बर ९, १२ र १३ तथा दोधाराचाँदनी नगरपालिका वडा नम्बर १० को कुतियाकवर क्षेत्रका दुई सय घर डुवानमा परेका हुन् । बाढीले चार लेनको महाकाली पुललाई जोड्ने पहुँच मार्गका रुपमा निर्माण भइरहेको ६ लेनको सडकमा पनि क्षति पुऱ्याएको छ ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डेले महाकाली नदी र जोगबुढा नदीमा अहिलेसम्मकै ठूलो बाढी आउँदा तटीय क्षेत्रका सयौं घरपरिवार प्रभावित भएको बताएका थिए ।

नदीमा पानीको बहाव बढ्दा जोखिमयुक्त क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने काम जारी रहेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) सिद्धराज न्यौपानेले बताएका थिए ।

**उद्धारका लागि सुरक्षाकर्मीको संयुक्त टोली परिचालन :**

प्रभावित परिवारहरुको उद्धार तथा राहतका लागि बिहानैदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका संयुक्त टोलीहरु परिचालन

गरिएको प्रमुख जिल्ला अधिकारी पाण्डेले बताएका थिए । उद्धार तथा राहतको कार्यमा जिल्लामा क्रियाशील गैर-सरकारी संघ-संस्थाहरुको सहयोग लिने काम समेत भइरहेको बताए ।

तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने काम जारी राखिएका थिए । भिमदत्त नगरपालिका वडा नम्बर १२ का ४० परिवारलाई स्थानीय विद्यालयमा राखिएका थिए ।

**'महाकालीमा २०७० सालयताकै ठूलो बाढी'**

डिएसपी न्यौपानेका अनुसार महाकाली नदीमा बिहान तीन लाख ९१ हजार क्युसेक मापन गरिएको पानीको सतह अहिले बढेर चार लाख ६१ हजार सात सय २८ क्युसेक पुगेको बताए । नदीले चार लेनको महाकाली पुललाई जोड्ने पहुँच मार्गका रुपमा निर्माण भइरहेको ६ लेनको कालोपत्रे सडक पनि कटान गरेका थिए । सडकको एकातर्फको आधा भाग नदीले कटान गरिसकेका थिए ।

असोज ३१ गतेसम्म परेको वेमौसमी वर्षाको कारण दाङ देउखुरीमा धान खेत डुबेपछि दाङका किसानहरु चिन्तित भएका थिए ।

देउखुरी क्षेत्रमा गतवर्ष भन्दा यस वर्ष धान राम्रो फलेपछि किसानहरु उत्साहित थिए । तर धान भित्र्याउने बेलाको बेमौसमी वर्षातले भने उनीहरुलाई निराश बनाई दियो । कतिपयको धान खोलामा आएको बाढीले बगायो भने कतिपयको धान खेतमै डुबाईदियो । खेतमा काटेर राखेको धानमा दिउँसोदेखिको निरन्तर वर्षाका कारण ठूलो नोक्सानी भएको दाङ देउखुरी राजपुर गाउँपालिका वडा नम्बर ६ गंगदी निवासी सुदय चौधरीले बताए । उनका अनुसार गंगदी खोलाको बाढीले बगर क्षेत्रमा करिब ४० देखि ५० विघा क्षेत्रफलमा काटेर राखेको धान बगाएको बताए । ''दशैं लगत्तै धमाधम धान भित्र्याउने तयारीमा रहेका थियौं तर, एक्कासी आएको अविरल वर्षाले सबै धान खोलाले खायो,' चौधरीले भने ।

लमही नगरपालिका वडा नम्बर ३ मजगाउँका किसानहरु पनि खेतमा काटेर राखेको धान पानीले भिजाएपछि चिन्तत बने । दाउनको लागि ठिक्क पारेर राखेको धान पानीले भिजाए । त्यो भिजेको धान दाउनुअघि फेरि सुकाउनु पर्ने भयो । यसबाट कामको बोझ बढेको त छ नै पानी परेको धान मक्किने र गाईवस्तुलाई खुवाउने पराल समेत कामै नलाग्ने हुँदा किसान मर्कामा परेका छन् ।

स्थानीय कृषक छविलाल कोपिलाले भने, मजगाउँमा मात्रै ४० देखि ५० विघा खेतमा लगाएको धान पानीले भिजाउँदा नोक्सानी भएको छ । खेतमा धान काटेर रास लगाइएको थियो । अहिले सबै धान भिजेको छ ।

लमही नगरपालिका वडा नम्बर ७ बनघुस्री निवासी आगनु चौधरीले करिब दुई विघा खेतमा लगाएको आफ्नो धान नोक्सानी भएको बताए ।

जिल्ला कृषि ज्ञान केन्द्र दाङका सूचना अधिकारी रुद्रमणी पौडेलले कृषि कार्यालयमा धान नोक्सानीको विषयमा कुनै पनि तथ्याङ्क नरहेको बताए । तथ्याङ्क संकलनको लागि स्थानीय तहमा खबर पऱ्याएको बताउँदै उनले अहिलेसम्म कतैबाट पनि तथ्याङ्क नआएको बताएका थिए ।

दाङमा गत वर्ष ३७ हजार हेक्टर क्षेत्रफलमा धान लगाइएकोमा यो वर्ष ३९ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको थियो ।

**महाकाली नदीको सतह नाघ्दा शारदा ब्यारेजमा आवागमन बन्द :**

लगातारको वर्षापछि महाकाली नदीमा पानीले खतराको सतह नाघेको थियो । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) सिद्धराज न्यौपानेले नदीमा पानीले खतराको सतह नाघेको जानकारी दिएका थिए ।

कार्तिक २ गते बिहान गरिएको मापनअनुसार महाकालीमा पानीको सतह बढेर तीन लाख ९१ ह्जार क्युसेक पुगेका थिए ।

नदीमा पानीले खतराको सतह नाघेपछि शारदा ब्यारेजमा आवागमनमा रोक लगाइएका थिए । शारदा ब्यारेजमा सवारीसाधन र मानिसको आवागमनलाई पूर्ण रुपमा रोक लगाउनु परेको सुरक्षाकर्मीहरुले जानकारी दिएका थिए ।

लुम्बिनी प्रदेशमा कृषितर्फ चार अर्ब भन्दा बढीको क्षति भएको छ । केही दिनदेखि भएको अविरल वर्षाका कारण कृषिमा भएको क्षति बारे कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गराएको जानकारी अनुसार लुम्बिनीमा चार अर्ब ५१ करोड ४२ लाख ५४ हजार ८० रुपियाँ बराबरको क्षति भएको हो । मन्त्रालयका अनुसार त्यहाँका किसानलाई ३२ करोड रुपैयाँ बराबरको राहत प्याकेज दिनुपर्ने हुन्छ ।

लुम्बिनी प्रदेशमा ४२ हजार ४२७ हेक्टरमा बाढीले क्षति पुऱ्याएको छ । काटिएको धान ३६ हजार ४८० हेक्टर क्षेत्रमा राखिएको छ, त्यसमध्ये ६५ प्रतिशत अर्थात २३ हजार ७१२ हेक्टरमा रहेको धानमा क्षति पुगेको मन्त्रालयले जनाएको छ । ९३ हजार ५७६ हेक्टर क्षेत्रफलमा रहेको धान खेतमै ढलेको छ, त्यसमध्ये २० प्रतिशत अर्थात १८ हजार ७१५ हेक्टरको धानबालीमा क्षति पुगेको छ ।

लुम्बिनी प्रदेशमा तीन लाख १७ हजार ४१४ हेक्टरमा क्षेत्रफलमा धान रोपाइँ भएको थियो । त्यसमध्ये सबैभन्दा बढी रुपन्देहीमा धान रोपाईं भएको थियो । त्यहाँ ६७ हजार ५५० क्षेत्रफलमा धान रोपाइँ भएको थियो । पाल्पामा आठ हजार १९०, गुल्मी १० हजार २४६, अर्घाखाँची ८ हजार ३०४, नवलपरासी २२ हजार ७१२, कपिलवस्तुमा ६४ हजार ३५०, दाङमा ३७ हजार ९३६, बाँके ३५ हजार ६२५, बर्दियामा ४९ हजार ६३८, रुकुम पूर्वमा दुई हजार ५८, प्युठानमा छ हजार १४ र रोल्पामा चारहजार क्षेत्रफलमा धान रोपाइँ भएको थियो । त्यसमध्ये किसानले ५५ हजार ५४ क्षेत्रफलमा धान काटेर घर भित्र्याईं सकेका थिए ।

वर्षाले प्रदेश २ मा १५ प्रतिशत धानमा क्षति

देशभरि केही दिनदेखि भइरहेको निरन्तरको वर्षाका कारण प्रदेश २ मा पनि ठुलो क्षति भएको छ । प्रदेश २ मा वर्षाका कारण मानवीय क्षति नभएपछि धानबालीमा व्यापक क्षति भएको हो । प्रदेश २ का खेतहरूमा लगाइएका धानहरू मध्ये १५ प्रतिशत धानमा क्षति पुगेको जनाइएको छ ।

कार्तिक महिनामा अप्रत्याशित रूपमा अविरल वर्षाका कारण बालासम्म फुट्न नपाएको धानको बोट पानीमा ढलेको छ । ढलेका धानहरूमा क्षति पुग्ने किसानहरूको भनाइ छ । कम लम्बाई हुने धानहरू सोना मनसुली, कतरनी, रामविलास लगायतका धानहरूमा क्षति नपुग्ने अनुमान कृषि ज्ञान केन्द्र धनुषाले गरेको छ । तर बासमती, करिया कामुर लगायतका धानहरूको बढी लम्बाई हुने भएकाले पानीमा ढलेको र बाला फुट्न नपाउँदै पानीमा गल्ने सम्भावना समेत बढेको केन्द्रको छ । चार मेट्रिक टन प्रति हेक्टर धान उत्पादन हुने अनुमान गरिएको धनुषा जिल्लामा धान उत्पादनमा यो वर्षाका कारण कमी आउने कृषि ज्ञान अध्ययन केन्द्र धनुषाका प्रमुख शंकर साहले जनाए । उनले धनुषामा धान खेतीमा खासै असर नपरेपनि बाला फुटिसकेको धानमा क्षति पुग्ने उनले बताए । धनुषा जिल्लामा चार मेट्रिक टन प्रति हेक्टर धान उत्पादनको अनुमान गरिएकोमा केही ह्रास आउने उनले बताए । धनुषा जिल्लामा यस

वर्ष ५८ हजार हेक्टरमा धान खेती गरिएको छ ।

सर्लाही जिल्लामा काट्न बाँकी रहेको अगौटे धान मध्ये ५० प्रतिशत धानमा क्षति पुगेको कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेव प्रसाद कुश्वाहाले अगौटे धानमध्ये ७५ प्रतिशत धान काटिसकिएको र बाँकी रहेको २५ प्रतिशत धान मध्ये ५० प्रतिशत धानमा क्षति पुगेको बताए ।

४० हजार हेक्टरमा धान खेती गरिएको सर्लाही जिल्लामा अगौटे र पछौटे धान मिलाएर कुल १५ प्रतिशत धानमा क्षति पुगेको कुश्वाहाले बताए । सर्लाहीमा ४ मेट्रिक टन प्रति हेक्टर धान उत्पादन हुने अनुमान गरिएको थियो । वारा तथा पर्सा जिल्लामा समेत १० प्रतिशत धानमा अविरल वर्षाका कारण क्षति पुगेको छ । कृषि ज्ञान केन्द्र बाराका प्रमुख जितेन्द्र यादवले बारा जिल्लामा ५८ हजार हेक्टर जग्गामा धान खेती गरिएको बताए ।

महोत्तरी जिल्लामा गहिरो खेतमा रहेका धानहरूमा ठुलो क्षति पुगेको छ । यद्यपि अन्य भागमा रहेका खेतहरूमा पानी लागे पनि धान उत्पादनमा खासै ह्रास नआउने कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द रायले बताए । महोत्तरीमा ४६ हजार हेक्टर जग्गामा धान खेती गरिएको छ ।

दुई दिन परेको वर्षाको कारण महोत्तरीमा साढे ९ लाख भन्दा बढीको सम्पत्तिमा नोक्सान भएको छ । मंगलबार देखि परेको वर्षा सँगै आएको हावाहुरीबाट महोत्तरीको विभिन्न स्थानमा ९ लाख ५५ हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिएको बताए ।

धान भित्र्याउने समयमा परेको अविरल वर्षाले यहाँको धानबालीमा ३० प्रतिशत क्षति पुर्‍याएको छ । पानी र हावाहुरीले धान ढालेर, डुबाएर र बगाएर क्षति भएको हो

कृषि ज्ञान केन्द्र भरतपुरका योजना अधिकृत उमाराज अर्यालका अनुसार जिल्लाको पूर्वी क्षेत्र र माडीमा ५० प्रतिशत धान भित्र्याइसकिएको छ । भरतपुर महानगरपालिका क्षेत्रमा अविरल वर्षा हुँदा चितवनमा १० प्रतिशत मात्रै भित्र्याइएको थियो । भित्र्याउन बाँकीमध्ये महानगरमा ७० प्रतिशत खडा अवस्थामा र २० प्रतिशत हाराहारी काटेको अवस्थामा रहेकामा दुबै धानमा आधाभन्दा बढीमा क्षति पुगेको जानकारी दिएका थिए ।

पूर्वी चितवन र माडीमा ३० प्रतिशत काटेको अवस्था र २० प्रतिशत काट्न बाँकी रहेकामा खडा अवस्थाको धान ढलेको थियो भने पाँगा पानीले डुबाएको थियो । जसका कारण दुबै धानमा क्षति पुगेको अर्यालको भनाई छ । उनको भनाईमा पानीमा डुबेको धानबाट राम्रो चामल, चिउरालगायत उत्पादन हुन सक्दैन । काट्न बाँकी र काटिएका धानको पराल काम लाग्ने अवस्थामा नरहेको जानकारी दिए ।

कार्यालयका प्रमुख युवराज पाण्डेले सबै पालिकामा स्थलगत निरीक्षण र दैनिक क्षतिको विवरण लिने काम भएको थियो ।

चितवनमा यस वर्ष २७ हजार ३०५ हेक्टर क्षेत्रफलमा धान रोपिएको थियो । गत वर्षमा २७ हजार ३०५ हेक्टर क्षेत्रफलमा धानखेती भएकामा एक लाख तीन हजार ४१६ मेट्रिकटन धान उत्पादन भएको थियो । जिल्लामा विगत वर्षको आँकडालाई हेर्दा प्रतिहेक्टर ३.८ मेट्रिकटन उत्पादन हुने गरेको छ । चितवनमा सावा मन्सुली, वार, सावित्री, मोती, गोरखनाथ र जिरा मसिना जस्ता प्रजातिका धान लगाइने गरिन्छ ।

**बाढी प्रभावित क्षेत्रमा प्रधानमन्त्रीको भ्रमण :**

कार्तिक ४ गते प्रधानमन्त्री शेरबहादुर देउवा बाढी पहिरो र डुवान प्रभावित क्षेत्रको अवलोकनमा निस्किएका छन् । विहीबार विहान ८ बजे उनी काठमाडौंबाट बाढी पहिरो र डुवान प्रभावित विभिन्न जिल्लामा अवलोकन गर्न निस्किएका हुन् । प्रधानमन्त्रीको टोलीमा अर्थमन्त्री जनार्दन शर्मा, पर्यटनमन्त्री प्रेम आले, पूर्वमन्त्रीत्रय एनपी साउद, रमेश लेखक र वीरबहादुर बलायर पनि सहभागी छन् ।

सुर्खेत विमानस्थलमा कर्णाली प्रदेशका भएको क्षतिका सन्दर्भ प्रधानमन्त्रीले बिफ्रिङ लिने छन् । त्यसपछि प्रधानमन्त्रीको टोली सुर्खेतबाट डोटीको दिपायल प्रस्थान गर्नेछ । दिपायलमा बिफ्रिङ तथा अवलोकन गर्ने कार्यक्रम छ । दिपायलबाट प्रधानमन्त्रीको टोली बझाङतिर लाग्ने छ । त्यहाँ पनि बिफ्रिङ र अवलोकन गर्ने कार्यक्रम छ ।

बझाङबाट प्रधानमन्त्री देउवा आफ्नो गृह जिल्ला डडेलधुरा प्रस्थान गर्ने छन् । त्यहाँ पनि बिफ्रिङ र अवलोकन गर्ने छन् । त्यसपछि प्रधानमन्त्रीको टोली कञ्चनपुर प्रस्थान गर्ने छ । कञ्चनपुरमा पनि बिफ्रिङ र अवलोकन गर्ने कार्यक्रम छ । कञ्चनपुरको अवलोकनपछि प्रधानमन्त्रीको टोली कैलाली जाने छ ।

कैलालीको अवलोकनपछि प्रधानमन्त्रीको टोली धनगढी बास बस्ने छ । देउवाको टोली शुक्रबार बर्दिया र बाँके हुँदै मात्रै काठमाडौं फर्किने छ ।

सरकारले बाढी पहिरोबाट मृत्यु भएकाका परिवारलाई २ लाख र घर क्षति भएको भए ५ लाखसम्म राहत उपलब्ध गराउने निर्णय गरिसकेको छ । यस्तै घाइतेहरुको उपचार निःशुल्क हुनेछ ।

**भारतमा पनि वर्षाले धानबालीमा क्षति :**

वर्षाले बाली नष्ट भएका किसानलाई दिल्ली सरकारले दिने भएको छ । क्षति वेहोर्नु परेको किसानहरुलाई प्रतिहेक्टर ८० हजार रुपैयाँ भारतको दिल्ली सरकारले क्षतिपूर्ति दिने निर्णय गरेको छ ।

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले बालीनाली क्षति भएका किसानलाई प्रतिहेक्टर ५० हजार भारु (८० हजार रुपैयाँ) क्षतिपूर्ति दिन आदेश भइसकेको जानकारी दिएको समाचार संस्था प्रेस ट्रस्ट अफ इन्डियाले जनाएको छ ।

अहिले राजश्व अधिकारीहरूले क्षतिको विवरण संकलन गरिरहेको र दुई हप्तामा विवरण संकलनको काम सकिने केजरीवालले बताए । किसानले दुई महिनाभित्र क्षतिपूर्तिको रकम पाउने छन् । दिल्ली सरकार किसानलाई क्षतिपूर्ति दिन प्रतिवद्ध रहेको र यो क्षतिपूर्ति भारतमै सबैभन्दा बढी रहेको मुख्यमन्त्री केजरीवालको भनाई थियो ।

केही दिनदेखि अस्वभाविक रूपमा पानी पर्दा नेपाल र भारतका धेरै ठाउँमा जनधनको क्षति भएको छ भने किसानहरूको धानबाली नष्ट भएको छ ।

**एमालेद्धारा क्षतिपूर्ति दिन माग :**

एमाले संसदीय दलले बुधबार मुख्यमन्त्री कुलप्रसाद केसीलाई ज्ञापनपत्र बुझाउँदै बाढी पहिरोको कारण प्रदेशका विभिन्न स्थानमा अवरूद्ध बनेका सडक खुलाउन र आवागमनलाई सहज बनाउँदै धानखेतीमा नोक्सानी बेहोरेका किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ ।

मुख्यमन्त्री केसीलाई ज्ञापनपत्र बुझाएपछि आयोजित पत्रकार सम्मेलनमा एमाले संसदीय दलका उपनेता वैजनाथ चौधरीले मौसम पूर्वानुमान विभागले वर्षा हुन सक्ने पूर्व जानकारी दिए पनि सरकारले त्यसतर्फ किसानलाई सचेत बनाउन नसक्दा ठूलो क्षति हुन पुगेको बताए ।

"सरकार किसानका मर्कामा गम्भीर बनोस् र आगामी दिनमा मौसम पूर्वानुमान विभागले दिएको पूर्वसूचनालाई आत्मसात गर्दै सम्भावित जोखिमको न्यूनीकरणमा विशेष ध्यान दिन आग्रह गरेका थिए ।

विगत चार दिनदेखि परेको अविरल वर्षाका कारण प्रदेशका सबैजसो जिल्लामा पाकेको धानबाली नष्ट भएको छ । रूपन्देही, कपिलवस्तु, नवलपरासी, बाँके, दाङ लगायतका जिल्लामा किसानले काटेर खेतमै राखेको र काट्न बाँकी रहेको धान समेत नष्ट भएको छ ।

उपनेता चौधरीले यति ठूलो प्राकृतिक प्रकोप सिर्जना हुँदा पनि प्रदेश सरकारले अहिलेसम्म कुनै सरोकार नराखेको भन्दै त्यसतर्फ तत्काल ध्यान पुऱ्याउन आग्रह गरेका हुन् ।

सरकारले बजेट संशोधनको नाममा वहुवर्षीय योजनामा व्यापक कटौती गरेको भन्दै वर्तमान सरकारले ल्याएको वजेटले प्रदेशको समृद्धि हासिल नहुने बताए ।

'एमालेले प्रस्तुत गरेको जनमैत्री समाजवादउन्मूख बजेट संशोधनका नाममा अनावश्यक काँटछाँट गरेर भुत्ते बनाउने कामबाहेक यो सरकारले केही गर्न सकेको छैन, समयमा बजेट नबन्दा अब सरकारका आगामी योजना नै सम्पन्न हुन नसक्ने पक्कापक्की भएको छ ।

दुईवटा प्रदेशको खेतीयोग्य जमीनमा लगाइएको धान तथा बालीनालीमा भएको क्षतिको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । जसअनुसार, निरन्तरको वर्षाका कारण लुम्बिनी प्रदेशमा भण्डै ४ अर्ब बराबरको धानबालीमा क्षति पुगेको छ । प्रदेशका १० जिल्लामा वर्षाका कारण आएको बाढी र डुवानले करिब ९४ हजार हेक्टर जमीनमा लगाईएको धानबालीमा क्षति पुगेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

सुदुर पश्चिम प्रदेशका जिल्लामा पनि किसानले हजारौं हेक्टर जमीनमा लगाएको धानबालीमा क्षति पुगेको विवरण प्राप्त भएको छ । खासगरी केलाली र कञ्चनपुरलगायका केही जिल्लामा बालीनालीमा बढी क्षति पुगेको छ ।

मन्त्रालयका अनुसार, कैलालीमा ५४ प्रतिशत र कञ्चनपुरमा ४२ प्रतिशत धानबालीमा क्षति पुगेको छ । कैलालीमा ७० हजार र कञ्चनपुरमा ५० हेक्टर जमीनमा धान खेती हुन्छ । सो क्षेत्र धान खेतीका दृष्टिले पकेट मानिन्छन् ।

यता, प्रदेश नम्बर १ र २ का जिल्लामा पनि किसानले लगाएको धानबालीमा ठूलो क्षति पुगेको छ । तर, यकिन विवरण आई नसकेको मन्त्रालयबाट जानकारी दिएको छ ।

दुईवटा प्रदेशबाट मात्र प्रारम्भिक क्षतिको विवरण आएको बताए । झापा, मोरङ, सुनसरी, कैलाली, कञ्चनपुर, रुपन्देही, कपिलवस्तुलगायतका विभिन्न १६ जिल्लाका खेतीयोग्य जमिनमा भित्र्याउने बेलाको धानबालीमा क्षति पुऱ्याएको छ ।

सातवटै प्रदेशबाट क्षतिको विवरण संकलन भइरहेको र तथ्याङ्क आएपछि त्यसआधारमा पीडित किसानलाई राहत तथा क्षतिपूर्ति दिने मन्त्रालयले जनाएको छ ।

**धानबालीका किसानलाई राहत दिन राष्ट्रपति भण्डारीको आग्रह :**

अविरल वर्षाका कारण धानबालीमा क्षति ब्यहोरेका किसानलाई राहत र क्षतिपूर्ति दिन राष्ट्रपति विद्यादेवी भण्डारीले आग्रह गरेकी छन् ।

भण्डारीले विज्ञप्ति जारी गर्दै राष्ट्रपति कार्यालयले प्रकोपबाट प्रभावित खासगरी कृषिक्षेत्र नष्ट भएको धानबाली र विभिन्न भौतिक पूर्वाधारको राहत, क्षतिपूर्ति र पुनर्निर्माण सम्बन्धमा समन्वयात्मक रुपमा अघि बढ्न आग्रह गरेकि छिन् । राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा भनिएको छ । राष्ट्रपति भण्डारीले सम्पूर्ण राजनीतिक दल, सामाजिक संघ-संस्था र समुदायलाई आवश्यक समन्वय र सहकार्यसहित पीडितहरुको उद्धार तथा राहत कार्यमा संलग्न हुन आग्रह गरेकी छिन् । राष्ट्रपति भण्डारीले भविष्यमा आइपर्ने प्राकृतिक प्रकोपबाट बच्न सबै पक्षले सावधानी अपनाउनु पर्ने बताइएको छ ।

**धानखेतमा खोला पसे :**

गौरीगञ्ज गाउँपालिका-२ भाकुरमाडी बस्तीमा पसेको पानी र हिलो अझै सुकेको छैन । धानका कुन्यू मिलाएजस्तै लहरै माटो र ढुङ्गाले जस्तापाता च्यापेर बनाएको घरको आँगनदेखि ओछ्यानसम्मै छिपछिप्पे हिलो र पानी छ । तर, त्यहाँका बासिन्दालाई घरभन्दा पनि पाँक्न लागेको धानखेतमा खोलो कुँदेपछि अब के खाएर बाँच्ने भन्ने चिन्ता उनको छ ।

बस्तीका ६५ वर्षीया तालु ताजपुरिया घरदेखि दुईसय मिटरमा रहेको खोला पारितिर देखाउँदै भन्नुहुन्छ,

"त्यहाँ मेरो खेतमा धान पहेँलपुर थियो । दशै सकिएपछि काटौला भन्दाभन्दै खोलाले सबै लगिदियो । अब के खाएर बाँच्नु ।" उनको चार बिघा जमीनमा धान खेती थियो । कन्काई नदी र किस्ने खोलाको बीचमा रहेको भाकुरमाडीमा ४३ घर परिवार ताजपुरिया जातिको बसोबास छ । खोला किनारमा खेती र गाईवस्तु पालेर जीविकोपार्जन गर्ने उनीहरुलाई आज कन्काई खोलाको बाढीले विस्थापित बनाएको भन्दा पनि पाँकेको धान खोलाले बगाएपछि आत्तिएका छन् ।

सोही बस्तीकी ४८ वर्षीया आनन्दी ताजपुरियाको तीन बिघा जमीनमा लगाएको धानखेतमा खोला कुदिरहेको छ । बस्तीको पारिपट्टी अर्थात् भारतको विहार प्रान्तको कञ्चपुरसँग सीमा जोडिएको स्थानमा उनीहरुले धान खेती गर्दै आएका थिए । प्रत्येक परिवारको १० कट्ठादेखि पाँच बिघासम्म खेती थियो । करिब १५० बिघामा लगाएको धान खेतमा कन्काई खोला बगिरहेको छ । उनीहरुले बासमती, भाले शर्ना, गरिमा जातका धानखेती गरेका थिए ।

वडा नम्बर १ स्थित रङ्गियाथान बस्तीका ६८ वर्षीय सत्यनारायण राजवंशीले कात्तिक महिनामा यत्रो ठूलो खोलामा बाढी आएको पहिलोपटक भएको बताए । "यति ठूलो बाढी त असार साउनमा पनि आएको थाहा छैन ।" उनले भने । कुबेलाको बाढीले किसानको धान खेत सबै लग्यो अब भोकभोकै मर्ने भयौं ।"

वेमौसमी वर्षाका कारण जिल्लाका अन्य पालिकामा भन्दा बाढीले विस्थापित हुने गौरीगञ्ज गाउँपालिकामै छन् भने धानखेत पूर्ण रुपमा गुमाउने पनि यही रहेको पालिकाका अध्यक्ष बाबुराज श्रेष्ठले बताए । उहाँले सयौं किसानको पाक्न लागेको धान मात्र होइन जमीनमाथि नै खोला कुँदेको जानकारी दिए । वडा नम्बर २ भाकुरमाडीका किसानको १५० बिघा, वडा नम्बर १ स्थित धानगाढाका किसानको १०० बिघा, होक्लाबाडीको ६० विगाह, विर्खेवस्तीको ६० विघा, रङ्गियाथानको १०० बिघा, बालुवाडी भन्सार चोकको ५० विघा गरी करिब ५२० विघाभन्दा बढी जमीनको धान खोलाले बगाएको बताए ।

कृषि ज्ञान केन्द्र झापाले सोही क्षेत्रको स्थलगत अवलोकन बुधबारै गरिसकेको छ । केन्द्रका प्रमुख निलकमल सिंहले क्षतिको विवरण कृषि मन्त्रालयमा पठाएर क्षतिपूर्तिका लागि पहल गर्ने उनीहरुलाई आश्वसन दिएका छन् । उनले जिल्लाका अन्य स्थानमा पानीले धान ढाल्ने र डुबाउने गरे पनि गौरीगञ्जका केही वडामा पूर्णरुपमा धानखेतीमा खोलाले क्षति पुऱ्याएको बताए ।

# तिहारमा माला आयात नगर्न अर्थमन्त्री शर्मा अनुरोध

काठमाडौं, कात्तिक १२ गते । अर्थमन्त्री जनार्दन शर्माले देशलाई फूलमा आत्मनिर्भर गराउन पुष्प व्यवसायीहरूलाई अनुरोध गरेका छन् । शुक्रबार १४ औं गोदावरी पुष्प प्रदर्शनी मेलाको उद्घाटन समारोहमा अर्थमन्त्री शर्माले आगामी वर्ष तिहारलाई फूल आयात गर्न नपर्ने गरी उत्पादनमा लाग्न अनुरोध गरेका हुन् ।

नेपालको वार्षिक मागको ९० प्रतिशत फूल स्वदेशी उत्पादनले धान्दै आएको छ । बाँकी १० प्रतिशत व्यवसायीले बाहिरबाट आयात गर्छन् । पुष्प खेतीले अर्थतन्त्रलाई चलायमान गराई व्यापार घाटा न्यूनिकरणमा सहयोग पुर्याउने भन्दै अर्थमन्त्री शर्माले पुष्प व्यवसायलाई विस्तार गर्न आग्रह गरे । विश्वव्यापी रूपमा फैलिएको कोभिडका कारण तहसनहस भएको पुष्प व्यवसायीले पछिल्लो समय परेको बेमौसमी वर्षाको क्षति समेत बेर्होन परेको अर्थमन्त्री शर्माले बताए ।

पुष्प व्यवसाय विस्तारको लागि सरकार सहयोग गर्न तयार रहेको शर्माको भनाइ छ । उनले भने, 'फूलको अनुसन्धान, उत्पादन र बजारीकरणमा राज्यले सहयोग गर्छ ।' वर्षैनी करोडौंको विरूवा आयात भइरहेको बताउँदै अर्थमन्त्री शर्माले स्वदेशमै त्यस्ता विरुवाको उत्पादन गर्नुपर्ने बताए ।

पुष्प व्यवसायीहरूको वजारीकरणको लागि चोभारमा छुट्टै मार्केट हाउस निर्माणाधीनको क्रममा रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा.गोविन्द शर्माले बताए । मन्त्रालयले पुष्प व्यवसायलाई व्यवस्थित गर्न कार्यविधि तयार गरी स्वीकृतको चरणमा पुगेको छ । उनले भने, 'अनाधिकृत रूपमा आउने फूलको लागि हामीले कार्यविधि बनाएका छौं । अहिले मन्त्री ज्युलाई दिएका छौं । मन्त्री ज्युबाट पारित भएपछि मन्त्री परिषद्मा लजान्छौं ।' वनस्पति विभागका महानिर्देशक बुद्धि सागर पौडेललेकोभिडबाट थलिएको पुष्प व्यवसायलाई यो मेलाले प्रचार प्रसार गर्न सहयोग पुर्याउने बताए ।

उनका अनुसार विभागले टिस्युकल्चर प्रविधिबाट गोदावरी फूलको प्रर्द्धन गरिरहेको छ । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले कार्यक्रममा अर्थमन्त्री जनार्द्धन शर्मालाई व्यवसायीलाई चाहिने कच्चा पदार्थ आयातमा सहजीकरण गरिदिने आग्रह गरे । पछिल्लो समय बोट बिरूवाको लागि आवश्यक पर्ने फर्टिलाइजर आयातमा समस्या आएको भन्दै उनले सहजीकरण गरिदिन मन्त्री शर्मालाई आग्रह गरेका हुन् । श्रेष्ठले सरकारले कुनै पनि व्यवसायलाई नियन्त्रण




र नियमन गर्ने भन्दा प्रोत्साहन गर्ने नीति ल्याउनु पर्ने बताएका छन् ।

ललितपुरको जावलाखेल मैदानमा १४ औं गोदावरी पुष्प मेला आजदेखि सुरू भएको छ । फूल प्रवर्द्धनका लागि मेलाको आयोजना गरिएको हो । कृषि विभाग र फ्लोरिकल्चर एसोसिएसनको संयुक्त आयोजनामा उक्त मेला हुने भएको छ । नजिकिएको तिहार तथा छठ लक्षित आयोजना गरिएको मेलामा विभिन्न प्रजातिका फूल तथा विरूवा प्रदर्शनीमा राखिएको फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष मीन बहादुर तामाङले जानकारी दिए ।

'रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि' भन्ने अभियानका साथ आयोजना गरिएको मेला प्रदर्शनीमा व्यावसायिक ४४ र सूचनामूलक चार गरी ४८ वटा स्टल छन् । पुष्प व्यवसायीहरू प्रतिस्पर्धाका लागि आवश्यक पर्ने फूल-विरूवा कोभिडले तयारी गर्न नसकेका कारण यस वर्ष गोदावरीको विभिन्न विधामा गरिने प्रतिस्पर्धात्मक प्रदर्शनी राखिएको छैन । मेलामा सहभागी नर्सरी व्यवसायीलाई उत्साह थप्न उत्कृष्ट स्टलतर्फ प्रतिस्पर्धा गराई उत्कृष्ट थापा नर्सरीलाई नगद तथा प्रमाणपत्र दिइएको छ । मेलामा ३५ हजार बढीको अवलोकनबाट ५० लाख रुपैयाँको कारोबार हुने अनुमान गरिएको छ । मेलाले पुष्प व्यवसाय प्रवर्द्धन गर्न र व्यवसायीबीच प्रतिस्पर्धात्मक भावनाको विकास गरी गुणस्तरीय उत्पादनमा टेवा पुऱ्याउने आयोजकले विश्वास लिएको छ । मेला कात्तिक १५ गतेसम्म चल्ने छ । तिहारमा सयपत्री, गोदावरी र मखमली गरी १८ लाख बढी मालाको माग छ । जसमा सयपत्री १५ लाख ५० हजार, गोदावरी १५ हजार र मखमली ३ लाख हुन्छ ।

तिहारका लागि सयपत्रीका १३ लाख ५० हजार वटा माला आन्तरिक उत्पादनले धान्दै आएको छ भने २ लाख माला छिमेकी मुलुक भारतबाट आयात हुन्छ । यस वर्ष भने थप ५० हजार वटा माला आयात गर्नुपर्ने एशोसियसनका अध्यक्ष मीन बहादुर तामाङले बताए । सयपत्रीको व्यवसायिक उत्पादन काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, चितवन, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, गोर्खा, मकवानपुर, रामेछाप, झापा, इलाम, धनकुटा, सुनसरी, मोरङ, सर्लाही, सिराहा, रूपन्देही, कास्की, स्याङ्जा, बाँके, पाल्पा, तनहुँ, दाङ, कैलालीमा हुँदै आएको एसोसिएसनले जानकारी दिएको छ ।

मखमलीको व्यवसायिक उत्पादन काठमाडौं उपत्यकका इचंगुनारायण, गुण्डु, गोदावरीका साथै कैलाली, पाल्पा, धादिङ र इलाममा हुँदै आएको छ । यस वर्ष माला प्रतिगोटा ८० देखि ९० रूपैयाँ पुग्ने तामाङले बताए । 'प्रतिगोटा ५० देखि ६० रूपैयाँ थोक मूल्य नै छ । त्यसमा २० देखि २५ प्रतिशत नाफा राख्दा ८० देखि ९० रूपैयाँसम्म पर्न सक्छ,' उनले भने । उनका अनुसार सयपत्री आयात गरिए पनि तिहारमा मखमली भने निर्यात हुँदै आएको छ । नेपालीहरू बस्ने अष्ट्रेलिया, युरोप लगायत खाडीका केही देशमा एक लाख माला निर्यात हुँदै आएको छ ।

पछिल्लो समय कोरानाका कारण बर्सेनि फूलको कारोबार घट्दै गएको एशोसिएसनले बताएको छ ।

# किसान परिचालन समिति गठन

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) को असोज १७ गते असाधारण परिस्थिति पस्चातको केन्द्रीय समितिको

प्रथम **पूर्ण बैठकमा प्रस्तुत :**

सकुम्वासी समस्या समाधानका लागि किसान परिचालन समिति गठन बारे ।

नेपालको भूमिहीन, दलित, भूमिहीन र अव्यवस्थित वासोवासीहरुको समस्याको समाधान गर्नका लागि नेपाल सरकारले राष्ट्रिय कृषि भूमि आयोग गठन गरेको छ । र पार्टीको तर्फबाट नेतृत्व गर्दै संगठनका स्थायी समिति सदस्य नहेन्द्र खड्कालाई उपाध्यक्ष नियुक्त गरिएको सन्दर्भमा भूमि आयोगलाई सहयोग गर्दै छिटोभन्दा छिटो लालपुर्जा वितरण गर्ने वातावरण तयार गर्नका लागि केन्द्रीय, प्रादेशिक, जिल्ला र स्थानीय स्तरमा नेतृत्व तहका महासंघका अध्यक्ष संयोजनमा नेतृत्वमा किसान महासंघ र घटक संगठनहरुका सबै केन्द्रीय सदस्य, सल्लाहकार, विभागीय सदस्य तथा अन्य आवश्यक महत्वपूर्ण कमरेडहरुलाई समेत 'सुकुम्वासी समस्या समाधानका लागि किसान परिचालन समिति' गठन गरि तत्काल कार्यक्षेत्रमा परिचालित भएर छिटोभन्दा छिटो किसानहरुले लालपुर्जा सहितको जमीन पाउने कुरा सुनिश्चित गराउनका लागि अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

केन्द्रीयस्तरमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठ अध्यक्ष सदस्यहरुमा महासंघको सबै केन्द्रीय सदस्यहरु, केन्द्रीय सल्लाहकार विषयगत किसान संगठनका केन्द्रीय सदस्यहरु रहने गरि १००१ सदस्यीय केन्द्रीय सकुम्वासी समस्या समाधानका लागि किसान परिचालन समिति गठन गर्ने निर्णय गरियो ।

**एकल वा संयुक्त किसान संघर्ष बारे :** देशमा विद्यमान विभिन्न दीर्घकालीन र तत्कालीन समस्यहरुमा केन्द्रीत रहेर किसानहरुको हक, हित र अधिकारको पक्षमा, कृषि क्रान्ति, कान्तिकारी वैज्ञानिक भूमिसूधार, खाद्य सम्प्रभुक्ता र जलवायू नयाँको पक्षमा, कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने कुरा, दलाल पूँजी र कृषि क्षेत्रमा वैदेशिक हस्तक्षेपको विरुद्धमा संयुक्त किसान संघर्ष सञ्चालन गर्नका लागि विभिन्न किसान संगठनहरुसँग संवाद र सहमति निर्माण गर्दै वातावरण बनाउने र संयुक्त संघर्षको पहलकदमी लिने निर्णय भयो । उख, दुग्ध उत्पादक, कुखुरा पालक, तरकारी किसान र गिरीवन्धु टी स्टेटको समस्या जस्तो स्थानीय र प्रदेशस्तरका समस्यामा सोही स्तरमा समेत संयुक्त वा एकल संघर्षका लागि पहल गर्ने निर्णय भयो ।



तराईका विभिन्न जिल्लाहरुमा विगत लामो समयदेखि उखु उत्पादक किसानहरुले आफ्नो मिहिनेतबाट उत्पादित उखु, चिनी मिल, उद्योगी र अन्य विभिन्न व्यापारीहरुलाई बिक्री वितरण गरिसकेपछि पनि वर्षौंदेखि आफूले पाउनु पर्ने रकम प्राप्त गर्न सकेका छैनन् । यसअघि केपी ओली सरकारले उखु किसानहरुले पाउनु पर्ने भुक्तानी तत्काल उपलब्ध गराउने र किसानहरुले सडकमा आउनुपर्ने अवस्थाको अन्त्य गर्ने भनेर किसान संगठनहरुले  र उखु किसानहरुलाई भुठो आस्वसासन दियो तर उसले आफ्नो वचन पूरा नगरि वेइमानी गर्दा उखु किसानहरुले पुनः उस्तै पीडा भोग्नु परेकोले महासंघको केन्द्रीय कार्यलयले केन्द्रीय स्तरमा संयुक्त तथा एकल रुपमा र स्थानीय, जिल्ला र प्रदेशस्तरमा महासंघ र अखिल नेपाल उखु उत्पादक किसान संघ (क्रान्तिकारी)को नेतृत्वमा समस्याको स्थायी समाधान लागि आवश्यक पहल गर्ने र समस्या समाधान नभएमा संघर्षको उठान गर्ने र त्यसको लागि आवश्यक तयारी गर्ने निर्णय भयो ।

**बधाई प्रस्ताव :**

हाम्रो महान तथा गौरवशाली पार्टी नेकपा (माओवादी केन्द्र)ले हाम्रो प्यारो संगठन अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) माथि ठूलो आशा र भरोसा गर्दै पार्टीको तर्फबाट नेतृत्व गर्दै हाम्रो संगठनका स्थायी समिति सदस्य र संगठन विभाग प्रमुख नहेन्द्र खड्कालाई नवगठित 'राष्ट्रिय भूमि आयोग'को उपाध्यक्ष पदमा नियक्त गरिएकोमा पार्टी र पार्टी नेतृत्वलाई यो बैठक हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछ । साथै यो बैठक नहेन्द्र खड्कालाई हार्दिक बढाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछ ।

**शोक प्रस्ताव :** अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का कञ्चनपुर जिल्ला संयोजक धर्मराज थारु 'अस्मित'को मिति २०७८/२/२८ गते, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्रका केन्द्रीय सचिवालय सदस्य तथा अखिल नेपाल कुखुरा पालक किसान संघका संयोजक गणेश कुँवरका श्रद्धेय हजुरबुबा ताराप्रसाद कुँवरको २०७७/१०/१० मा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का वैकल्पिक केन्द्रीय सचिवालय सदस्य तथा अखिल नेपाल सिँचाई जलउपभोक्ता संघ (क्रान्तिकारी)का संयोजक सानुबाबु थापाकी जीवन संगीनी सानु थापाको मिति २०७८/०१/२८ गते, अखिल नेपाल किसान महासंघ क्रान्तकारी केन्द्र)का केन्द्रीय सदस्य तथा अखिल नेपाल सुपारी किसान संघ (क्रान्तिकारी)का संयोजक रामहरि नेपालको ममतामयी आमा अम्विका नेपालको मिति २०७८/५/५ गते अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का केन्द्रीय सदस्य गोविन्द पोडैल रसुवा का ममतामयी आमा गणेशकुमारी पौडेलको मिति २०७८/३/४, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का केन्द्रीय सचिवालय सदस्य सीमा रिजालकी ममतामयी आमा हरिमाँया रिजाल, अखिल नेपाल किसान महासंघ क्रान्तिकारी केन्द्रका जिल्ला सदस्य तेजमान श्रेष्ठकी ममतामयी आमा जमुना श्रेष्ठको मिति २०७८/४/२० मा दुखद निधन भएकाले उहाँहरु प्रति भावपूर्ण श्रद्धाञ्ली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना सहित बैठकबाट शोक प्रस्ताव पारित भयो ।

# तत्काल राहतको व्यवस्था गर्नु पर्छ : नहेन्द्र खड्का



*लगातारको वर्षाले धानबालीमा ठूलो नोक्सान पुगेको छ। त्यसले गर्दा नदी खोलाहरु गाउँ पसेका छन्। वर्षाले वितण्डा मच्चाएको छ। किसानहरुले लगाएको धानबाली नोक्सान हुँदा किसानहरुको ढाड सेकिएको छ।*

*किसानहरुलाई उद्धार गर्नुपर्छ र राहत दिनु पर्छ भन्ने आवाज छ। यसै विषयमा देशको सुकुम्वासीहरुको समस्या र देशको भूमिहीनहरुको जमीन दिने कुरा कुरैमा सीमित भएको छ। यावत समस्याहरुको समाधान गर्न संविधानमै गाँसवास र कपासको प्रत्यभूति हुनुपर्छ भनिएको छ। पछिल्लो समयमा लगातारको वर्षाको कारणले आम किसानहरुले भोग्नु परेको समस्या प्रति राज्यले के गर्नु पर्ला भन्ने विषयमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का सचिव तथा संगठन विभाग प्रमुख राष्ट्रिय भूमि आयोगका केन्द्रीय उपाध्यक्ष* ***नहेन्द्र खड्का****सँग कृषि जर्नल मासिकका लागि* ***धनबहादुर मगर****ले गरेको कुराकानीको प्रस्तुत अंश :*

**प्रकृतिले किसानहरलाई साँच्चीकै रुनु न हाँस्नु पर्ने बनाएको छ। प्रकृति पनि किसानका लागि यति निष्ठुरी पीडादायी बनीदिनु पर्ने। निरही र कठोर बनिदिने। पछिल्लो समयमा किसानहरुको खेतीबाली नष्ट भएको छ। घरभित्र पानी पसेर विडण्डा मच्चाएको छ। यो दुखदः घटना भएको छ। यो घटनालाई कसरी हेरिरहनु भएको छ तपाईले ?**

धन्यवाद अत्यन्तै महत्वपूर्ण कुरा उजागर गर्नु भएको छ। पहिलो कुरा त हाम्रो विश्वव्यापी उत्पादन पद्धती छ जो पूँजीवादी उत्पादन पद्धती हामी भन्छौं। त्यो पद्धतिले प्रकतिसँग तादम्यता गर्न नसक्नुको कारण प्रकृति र हाम्रो उत्पादन पद्धतीको बिचमा अन्तरविरोधका बढेको छ। जसको कारण अहिले वातावरणीय समस्या सिर्जना भएका हुन्। हामीले जानेको, बुझेको समस्या छन् त्यस्ता कारणहरुले गर्दा कहिले अनावृष्टि हुने, कहिले अतिवृष्टि, कहिले खडेरी पर्ने, कहिले वमौसममा पानीहरु आउने समस्या बढीरहेका छन् एउटा कारण मानव सिर्जित हाम्रो उत्पादन सम्बन्ध, हाम्रो बानी व्यवहार हाम्रो कारणले गर्दा सिर्जना भएको छ।

त्यो प्रकृति माथि हामीले खेलेको कारणले, प्रकृतिका नियमहरुलाई हामीले तोडेको वा बँग्याएको कारणले, प्रकृति माथि विजय पाउने एउटा महत्वकांक्षा राखेको कारणले, प्रकृतिको नियमहरु जो त्यसको प्रतिक्रिया स्वरुप प्रकृतिले गऱ्यो। त्यसलाई हामीले यसरी बुझ्नु पर्छ। प्रकृतिले चाहेर किसानमाथि वज्रपात गर्ने भन्दा पनि प्रकृतिको नियम हामीले तोड्यौं। यो सिंगो हाम्रो देश मात्र होइन विश्व व्यवस्थाको कुरा हो। त्यो नियम तोडेको कारणले प्रकृतिले त्यसमाथि जनाएको प्रतिक्रिया हो। अब यो प्रतिक्रिया हामीले रोक्न सक्ने कुरा होइन। वर्षा हामीले छेक्न सक्दैन। तर किसानहरुको जो क्षति भएको छ। किसानहरु जहाँ दुईतिहाई जनसंख्या जीविकाको लागि कृषिमा आश्रित छन् त्यसमा पनि मुख्य बालीको रुपमा रहेको धानबाली रहेको छ। त्यसो हुँदा किसानहरुलाई ठूलो क्षति भएको छ। किसानहरुको जीवन र जीविकाको महत्वपूर्ण हिस्सा धानबाली, धान बेचेर किसानहरुले वर्षौंदेखि दुखः गरेर लहलह भएको धान काटेर, आफ्नो ऋण र व्याज बुझाउनने बेलामा, खानको लागि भण्डारण गर्ने बेलामा, बेचविखन गर्ने बेलामा, ऋण धन जम्मा गर्ने बेलामा, जहान परिवार बालबच्चाको सबै आवश्यकता पूरा गर्ने बेलामा, यो प्रकृतिले समस्या खडा गरिदिएको छ। यसबाट किसानहरुलाई गम्भीर क्षति भएको छ। अब यसको तत्काल लगत संकलन गरि सरकारले रेस्पोन्स गर्नु पर्छ।

**प्रकृतिले वर्ज्रपात गरेको छ। यतिबेला खोलानाला गाउँवस्ती पानीले भरिभराउ छन्। मौसम पूर्वानुमान महाशाखाले अझै भारी वर्षा हुने सम्भावना छ भनेर इङ्गित गरिरहेको छ। यो बिचमा हामी चुक्यौं जस्तो लाग्छ कि मौसम पूर्वानुमान महाशाखाले यो क्षेत्रमा भारी वर्षा हुने अनुमान गरिरहँदा हाम्रो संयन्त्र, हाम्रो राज्य र हामी किसानहरु कहानिर चुक्यौं त ?**

बाढी आउने सन्दर्भमा स्थानीय निर्माणसँग पछिको कुरा पनि म जोड्न चाहन्छु। जस्तै आकाशको वर्षा हामीले रोक्नुसक्ने कुरा होइन। तर बाढीको सन्दर्भमा मैले जोड्न थप चाहैं, हाम्रो बिचमा हाम्रो विकास निर्माणको पनि प्रकृया छ। त्यसको पनि एउटा कारण छ। मैले उल्लेख गर्नै पर्छ। हिजो प्रकृति निश्चित ठाउँमा आउने जमीनहरुमा सोसिदै गरा-गरामा सोसिदै जमीनमूनि भरिदै भरिदै बाँकीरहेको पानी मात्रै आउने स्थिति थियो। तर, पछिल्लो चरणमा हामीले जो विकास निर्माण गर्दा पूर्वाधारहरु सडक बाटोघाटो निर्माणको हिसावले सडक सञ्जालहरु निर्माण गर्दा योजना विहिन योजना बनायौं। तिव्रताकासाथ सडक निर्माण गऱ्यौं। गर्दा गरा-गरामा सोसिएर आउने पानी चाहीं बाटो-बाटो कुदेर वा नाली-नाली कुडेर नदिमा आउने स्थिति बन्यो। त्यसैले अहिले महाकालीको कुरा गर्दा त्यस्तै भएको हो। करिव ७० भन्दा पछि सबैभन्दा ठूलो बाढीको रुपमा इङ्गित गऱ्यो यसको एउटा कारण यो पनि हो। अब यहाँले भने जस्तै मौसम पूर्वानुमान जलवायू विज्ञान विभागले सूचना दिएको कुरा सत्य हो। हाम्रो राज्यको संयन्त्रले यहाँनिर हेर्दा एक ठाउँबाट सूचना दिएको देखिन्छ। अर्कोतिर त्यो सूचनाको पहुँच कति मानिसहरुमा छ भन्ने कुरा हुन्छ। कतिपयले वेवास्ता पनि गऱ्यो होला, सुने पनि नसुने झैं गऱ्यो होला, यहाँ के भयो भने ख्याल ठट्टाजस्तो गरेर कानले उडाईदिने हाम्रै एउटा परिपाटी छ नि।

यसमा दुईवटा कुरा छ। एउटा कुरा त हामी अझै पनि हामी त्यस्तो सूचनाहरु सुन्ने तिनीहरुलाई कार्यन्वयन गर्ने हाम्रो बानी व्यवहारको विकास भईसकेको छैन। यो पढे लेखेको एकदम शिक्षित मान्छेहरु जोसँग सूचनाको पहुँच छ उनीहरुमा पनि त्यो बानीको विकास भईसकेको छैन। हाम्रो मौसम पूर्वानुमान महाशाखाको सूचनासँग कति मानिसहरुको पहुँच छ भन्ने कुरा दोस्रो कुरा

हो । पहुँच पुग्यो होला त्यसलाई हेर्ने, जान्ने त्यसलाई बुझ्न सक्ने मानिसहरुको क्षमताको कुरा तेस्रो कुरा छ ।

**हामीले अनुमान गरेको भन्दा बढी पानी परेको हो ? सामान्य हो एक दुईरात त पानी पर्छ भन्ने कुरामा अनुमान गरेको भन्दा विडण्डा मच्चाउँछ भन्ने कुरा सोचेन हो ?**

किसानहरुले मुलतः किसानहरुको शिक्षादेखि सूचनाको पहुँचको कुरा आफैमा कमी छ । पहिलो कुरा किसानहरुले वेवास्ता गरेभन्दा पनि हरेक किसानले यो कुरा थाहा पाउनु भएको छ त पाउनु भएको छैन । जसले थाहा पाउनु भयो विश्वासनीयतामा पनि कुरा उठाउनु भयो होला । तेस्रो कुरा अघि तपाईले भने जस्तै यति ठूलो त नपार्ला कि भन्ने भयो होला । अर्को यहाँ महत्वपूर्ण कुरा के छ भने दशैंको बेलामा चाही फेरि सारा परिवारहरु घर जाने, घर गएर आफन्त परिवारलाई सघाउने खालको काम पनि हुन्छ । जस्तै दशैंमा घरमा गएर ठूलावडाको हातबाट टिका लगाउने, घरमा जाँदा खेतीबाली थन्काउने कामहरुमा बुबा आमालाई सघाउने, आफ्ना कामहरु कार्यालयमा, व्यापार व्यवसायमा फर्कनु उहाँहरुको हतार गर्नुको स्थिति बन्छ । त्यसो हुँदा आंकलनमा कमजोरी भएको हो भन्ने सकिएला । तर मुख्यत सूचनाको पहुँचकै कुरो हो जस्तो लाग्छ । त्यसलाई व्यवहारमा लागु गर्ने कुरामा समस्या देखिएको छ ।

**किसानहरु रोईरहेका छन् वर्षभरि लगाएर अब चाही भित्र्याउनु पर्छ है, व्यवस्थापन गर्नु पर्छ भनि रहँदा आज ठूलो वज्रपात किसान माथि प्रकृतिले पनि पाऱ्यो । आज यो देशको किसानहरुलाई प्रकृतिले पनि ठग्यो । सरकारले बेला बखतमा मलखाद नदिएर ठग्यो र आकाशे पानीको भरमा खेतीपाती गर्नुपर्ने किसानहरु यसो सोच्दा प्रकृतिलाई दोष त दिन सकिन्छ । तर हामीचाहीँ कहाँ चुक्यौं । हामीकहाँ किसानहरु रोईरहेका छौं । खेतबारीहरुमा पानी भरिएको छ । काटेको धानहरु उम्रिन थाले । किसानहरुमा रुवावासी भयो, भोकमरी हुने सम्भावना बढेको छ । किसानहरुले के खाने के लगाउने ल भन्नुहोस ?**

हो, त्यसैले अघिनै मैले भन्न खोजेको पहिलो कुरा त राज्यले स्थानीय निकायले सूसुचित गर्नु पर्ने यसले केही नयाँ संरचना र माग गर्दछ । जस्तै हाम्रो जलवायू तथा मौसम विज्ञान विभागको कुरा गर्छु त्यसको सूचना प्रणाली केन्द्रीकृत छ । यसैले यसलाई संघीयता अनुरुप प्रदेशहरुमा लैजाने र स्थानीय निकायहरुमा लैजाने, यी सूचनाहरुलाई कडाईको साथ वडा कार्यालयहरुमा ईमेल सूचना र सञ्चारको अभ्यासहरु गर्ने, केही गर्ने अभ्यासका कामहरु हुन सक्छन् । त्यस्ता अध्यासहरुबाट यिनलाई लागु गर्न त्यसलाई कडाईका साथै लगियो भने मौसमको संरचनाहरुलाई पनि विकेन्द्रीकृत गर्न सकिन्छ । सूचना प्रणालीलाई केन्द्रीकृत गर्नु पर्छ भन्ने मेजर कुरा हो । दोस्रो कुरा हाम्रो संरचना र बाढीलाई प्रिभेन्सन गर्नु सकिने कुराहरुमा कहाँनिर कमी कमजोरी भएका छन् । त्यस्तै बाली काट्ने कुरा र अप्रत्याशित वर्षालाई हामीले रोक्नसक्ने कुनै उपाय छैन । हामी धान खेतलाई पानीबाट नियन्त्रण गर्ने स्थिति हामीले कल्पना गर्न सकिन्न । तर बाढीका संरचनाहरुलाई रोक्नका लागि हामीले सुधार गर्न सक्छौं । पानी काट्ने र तर्काउनको लागि कोशिसहरु गर्नु सम्भव हुन्छ । पहाडी क्षेत्रहरुमा त्यसका लागि कोशिस गर्न सक्छौं र जे भईसक्यो यो त भोलीको दिनको कुरा हो । जसको क्षति भईसक्यो जसले काटीसक्यो कतिको धान डुब्यो, कतिको बग्यो, उहाँहरुको सन्दर्भमा सरकारले तत्कालै लगत संकलन गरेर तिनवटै सरकारको समन्वयमा क्षतिपूर्ति र राहतको व्यवस्था गर्नुपर्छ ।

र जे भईसकेको छ यो त भोलीको दिनको कुरा हो । जसको क्षति भईसक्यो जसको धान काटी सक्यो कतिको धान बग्यो । कतिको डुब्यो, उहाँहरुको सन्दर्भमा सरकारले तत्काल लगत संकलन गरेर तीनवटै सरकारहरुको समन्वयमा क्षतिपुर्तिको व्यवस्था गरिनु पर्छ ।

**सरकार उद्धार गर्नुपर्ने समय हो । सरकारको संयन्त्र चुकेको छ जस्तो लाग्छ कि लाग्दैन ?**

अहिले पनि कैयौं मान्छेहरु वेपत्ता भएका छन् । कैयौं मान्छेका ज्यान गईसकेको अवस्था छ । सरकारको संयन्त्र ढिलो गरि जाग्ने परम्परा किन भयो ? हामी पूर्ववत समयमा हाईअलर्ट वस्नु पर्ने हो । यत्रो पूर्वानुमान महाशाखा आफै सुतेर बसेको जस्तो देखियो । यदी आम जनता हाईएलर्ट भईदिएको भए यतिको क्षेति हुने थिएन होला । मोनिटरिङ्ग गरेको भए यो परिस्थिति आउँदैन थियो होला । त्यसमा हामी कहाँ चुक्यौं भन्ने कुरा सेकेण्डरी कुरा हो । अहिले उद्धारका आवश्यकता छ ।

**यो सवालमा पनि के गर्ने होला ?**

अहिलेको पानीले मूलत त्यसरी वेपत्ता पारिएकाको संख्या त थोरै देखियो । अकास्मात पनि भयो, महाकालीमा नदिको जो बहाव आयो, त्यो अकास्मात थियो । त्यसैले जो रेस्कुको काम हो तुरुन्त गर्नु पर्थ्यो । त्यो रेस्कुमा सरकार लागि रहेको छ तपाईले भने जस्तो द्रुतगतिमा हुनुपर्थ्यो फेरि हाम्रो देशको सबैभन्दा ठूलो चाडको बेला हाम्रो संयन्त्र यतिबेला घरमा आफ्नो उद्गम स्थल जन्मघरमा आफ्ना आमा बुबा, हजुरबा हजुर आमालाई भेट्न गईरहेको बेला थियो त्यही कारण ढिलाई भएको स्थिति चाहीँ साँचो हो । अब चाहीँ यसलाई रेपिड रेस्पोन्शको गतिमा सरकार गएको छ । जहाँ जहाँ ढिलाई भएको छ तुरुन्त गर्नुपर्छ । किनभने मान्छेको जीवनभन्दा अरु ठूलो कुरा हुँदैन । चाड भन्ने कुरा अप्सनको कुरा हो ।

**अब वर्षाले निम्त्याउन सक्ने खाद्यान्न संकटहरु केही हुनसक्छ ? धान उत्पादन कमी हुनसक्छ ?**

धानमा १०देखि प्रतिशत क्षति हुन सक्छ । कतै उम्रिएर, ढडिएर, २० प्रतिशत क्षति हुन सक्छ । अहिले ५ वटा जिल्लामा गम्भीर क्षतिको स्थिति देखिएको छ । कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाँङ र सुर्खेत अरु जिल्लाहरुमा पनि थोरै माथिल्लो पहाडी क्षेत्रमा अझै धान काटी सकेको छैन । मध्य पहाडी भेगको तल्लो क्षेत्र र भित्री मधेशमा जहाँ काटि सकिएको छ । त्यस्तो ठाउँमा त धानको नोक्सान भएको छ ।

**त्यसो त धानको आपूर्ति बढाउनु पर्ने दखियो त्यसो भए ?**

पहिले देखि छँदैछ त्यसमा भार पर्ने स्थिति आयो । परनिर्भर बढ्ने भयो । अब तपाई राष्ट्रिय भूमि आयोगको उपाध्यक्ष हुनुहुन्छ । फष्टफल यहाँलाई बढाई छ । तपाईहरुलाई नयाँ जिम्मेवारी आएको छ । विगतको सरकार गठन गरेको आयोगलाई विघटन गरेर यो पछिल्लो बुटवलको घटनालाई जोड्ने खोजे, जुन सकुम्वासी, भूमिहीनहरुको समस्या समाधान गर्ने कमसेकम उहाँहरुलाई गाँसवासको व्यवस्था गर्नु पर्छ भन्ने राज्यको जिम्मेवारी हो ।

**मौलिक अधिकार भित्र पनि प्रद्रत गरिएको छ यस सन्दर्भमा रुपन्देहीको मोतिपुरको औद्योगिक कोरिडोरमा भएको घटनामा सुकुम्वासी भूमिहीनहरुलाई राज्यले गोली हान्ने, राज्यले दमन गर्ने, मैले किसानको**

**कुरा गरेँ । सकुम्वासीहरु राज्यको मानिस होकि होइनन् ? मलाई अधिकार चाहियो, मलाई बस्न देउ भन्दा राज्यले अभद्र व्यवहार गर्नु कति जायज हो ल भन्नुहोस् ?**

गोली हान्ने कुरा एउटा प्रकृति सम्पदा बाहेक मानिसको हत्याको कुरा भयो । त्यो सुकुम्वासी मात्र होइन जोसुकै भएपनि गलत हो । त्यसैले जो घटना घटेको छ दुखद घटना हो । पहिलो कुरा त्यो घटनालाई कुनै पनि आधारमा जस्टिफाई गर्न सकिन्न । ठीक के हो भने कुनै कारणले त्यो कुरा पाच्य हुन्न । त्यो स्वीकार्य हुन्न । त्यहाँको घटनाको सन्दर्भमा गम्भीर कुराहरु आएका छन् । कतै घटना योजनावद्ध थियो कि, कतै त्यो घटनामा संलग्न भइरहेका मानिसहरु बाहिरबाट आएका हुन भन्ने कुरा पनि आएको छ । त्यहाँ केही योजनाको कुराहरु आएका छन् । म किसान संगठनको नेता भएको नाताले मैले किसान संगठन र सुकुम्वासी संगठनका साथीहरुलाई घटना स्थल गएर स्थलगत रुपमा बुझ्न भनेको थिएँ ।

साथीहरुले केही रिपोर्टहरु ल्याउनु भएको छ । पहिलो कुरा तपाईको पत्रिका मार्फत भन्न खोजेको छु भने त्यो मोतीपुर भन्ने ठाउँ जहाँ अहिलेको औद्योगिक क्षेत्र घोषणा गरिएको छ । त्यो औद्योगिक क्षेत्र घोषणा गर्न जाँदा वहालवाला मन्त्रीहरुलाई प्रतिकार गरेर भगाएका छन् । त्यो ठाउँमा हिजोदेखि बसिरहेका वास्तविक सुकुम्वासी हुन् । वास्तविक भूमिहीनहरु हुन् जो त्यहाँ हिजो देखि बस्दै आइरहेका छन् । तिनीहरुको व्यवस्था हुनुपर्छ । उनीहरुलाई जमीन उपलब्ध गराईनु पर्छ । उनीहरुको गाँसवास कपासको सुनिस्चित गरिनु पर्छ । त्यो गरेपछि मात्रै औद्योगिक क्षेत्रको निर्माण शुरु हुन्छ । त्यो भन्दा अगाडि कुनै सम्भव छैन । त्यही वा वैकल्पिक व्यवस्था गरिनु पर्छ । पहिलो मान्छे त्यसपछि उद्योग, मान्छे मारेर उद्योग चलाउनुको अर्थ छैन । उद्योग मान्छेका लागि हो । उद्योगले उत्पादन गर्ने पनि मान्छेका लागि हो । उद्योगमा काम गर्ने मान्छेहरु पनि मान्छेहरु नै हो । त्यसको अर्थमा पहिलो मान्छेको कुरा हुन्छ । त्यो मोतीपुरमा हिजोदेखि बस्दै आएको जो चाहीँ बसोवास गर्ने भूमिहीन सुकुम्वासी, दलित भूमिहीन किसानहरु जो हुनुहुन्छ सबैलाई भुमि अधिकारको सुनिस्चित गरिनु पर्छ पहिलो कुरा । त्यसका लागि आयोगको तर्फबाट हामीले के-के गर्न सकिन्छ । म उपाध्याक्षको नाताले म प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । त्यो बनाईसके पछि औद्योगिक क्षेत्रको कुरा छ त्यसलाई उहाँहरुको व्यवस्थापन गरेपछि सञ्चालन गर्नुपर्छ

**तर गृह प्रशासनले अतिक्रमण गर्ने कसैलाई छोडिदैन कारवाही गरिन्छ ? मैले दुईवटा कुरा भने अतिक्रमण भन्ने प्रश्न छ । जस्तै सरकारी जग्गा छ ?**

सरकारी जग्गा र सार्वजनिक जग्गा फरक कुरा हो । यहाँनिर ध्यान दिनुपर्छ । मैले अघिनै भने, जो हिजो देखि बसी आएका वास्तविक सुकुम्वासी हुन् भूमिहीन किसानहरु, भूमिहीन दलितहरु र सुकुम्वासीहरु जस्को अन्त केही छैन र हिजैदेखि बस्दै आईरहेका छन् तिनीहरुको व्यवस्थापन हुनुपर्छ । यदि त्यहाँ योजनावद्ध ढंगले सरकार र सुकुम्वासीको बिचमा अन्तरविरोध सिर्जना गर्नका लागि व्यवस्थित ढंगले मान्छेहरु पठाईको छ भन्ने कुरा सुचनामा आएको छ । हो, म आफै त्यहाँ पुगेर भेरिफिकेशन गर्नेगरि तयारी गरिरहेको छु । मैले अघि भने दुईदिनमा मोतीपुरमा पुगेर रिपोर्ट ल्याउनुस भनेर माग गरेको छु ।

**तपाईहरु कम्युनिष्ट, १० वर्ष जनयुद्ध लडेर आएको, किसानहरुलाई तपाईहरुले कति आश्वसान बाँड्नु भयो । मसँग आएर शान्ता चौधरीले यो सब प्रचण्डको कारणले भएको भन्नु भयो । जनतालाई झुठो आश्वसान नदिएको भए, जनताले यसरी दुख पाउनेथिएन । यसमा जनतालाई झुठो आश्वसान बाँड्नु भयो नि ?**

उहाँले के बोल्नु भयो उहाँको कुरा हो । उहाँ हिजो हुनुहुन्थ्यो, के बोल्नुहुन्थ्यो आज के बोल्नु हुन्छ, त्यो उहाँको कुरो । उहाँ वर्ग उत्थान गरेको मान्छे हो । मैले तपाईलाई के स्पष्ट पार्छु भने त्यो योजनावद्ध रुपमा बाहिरबाट मान्छे डाकेर यदि भिडन्त सिर्जना गरिएको हो भने त्यो गलत हो । त्यहाँ यदि नयाँ आउने मान्छेहरु आएको छ । त्यहाँ औद्योगिक क्षेत्रको जग्गा कब्जा गरेर बसोवास गर्ने भनेर कोही अर्को टाढा जिल्लाबाट आएको छ । त्यहाँको मानिसहरुको विरुद्ध उनीहरुले उत्तेजित बनाएको छ । बनाउने कोशिस गरेको छ । त्यो प्रशासन र अरु कुराहरुमा उत्तेजित बनाउने कोशिस गरेको छ भने बालुवाटारको जग्गा छोड्नु परेको रिस सुकुम्वासीहरु माथि पोख्नु खोजिएको छ भने यो सरकार र सुकुम्वासीहरुको विचमा अन्तरविरोध सिर्जना गर्न खोजिएको छ भने त्यस्तो उचित हुँदैन ।

**रुपन्देहीको मोतीपुर घटनामा घुसपैठ भएको हो त ?**

रिपोर्ट सुकुम्वासी संगठनले ल्याएको छ । ल्याएको रिपोर्टको आधारमा बोल्दै छु मैले । दशैंको दिन सुकुम्वासी संगठनको साथीहरुलाई त्यहाँ पठाएको छु ।

**कसले गऱ्यो नि राजनीति त्यहाँ ?**

तथ्याङ्कहरु आउन बाँकी छ । अहिले आरोप नलगाउँ । आउने तथ्याङ्कहरु खुल्छन् मान्छेहरु होटलमा बसेर ५० रुपैयाँको फर्म कटाएर पठाएको छ भन्ने कुरा आएको छ । होटलमा बसिसकेपछि विवरणहरु यहाँ धेरै विवरणहरु छन् । तपाईले ठाडै कम्युनिष्टहरु भन्नुभयो । तर यहाँचाँही सरकार पनि गठवन्धनको सरकार हो ।

**तपाईहरु सरकार गठन भएपछि देशभरिका भूमिहीन सुकुम्वासीहरुलाई जग्गा दिन्छौं भन्नुभयो । चितवनमा प्रचण्डले के भन्नुभयो भने तिहार लगतै वा दशैको विचमा देशभरि भूमिहीन सुकुम्वासीलाई जग्गाको लालपुर्जा दिन्छौ भनेको दिनमा नै केही क्षणमा घटना घटेको छ के हो त यो ?**

मैले नियुक्त भएको तेस्रो दिनदेखि ६/७ महिना भित्र लालपुर्जा बाँड्न सकिएन भने राष्ट्रिय भूमि आयोगबाट रिजाइन गर्छु भनेर भनिसकेको छु । ६/७ महिना भित्र दिन्छौं पनि । स्थानीय निकायको निर्वाचन हुनु अगाडि कम्तीमा पनि हामी किसानहरुलाई लालपुर्जा दिन्छौं भनेको छु ।

**राजिनामा दिनुहुन्छ त्यसो भए ?**

म दिन्छु ।

मैले स्पष्ट बोली राखेको छु रेकर्ड छ तपाईको लाइभ मिडियामा । किनभने म त्यहाँ जागिर खान गएको होइन । म कुनै मेयरको चुनाव हारेर आएको मान्छे पनि होइन । विकल्प नभएर म आएको होइन । किसान संगठनमा भूमि आन्दोलनमा, सुकुम्वासी आन्दोलनमा लामो समय लागेर किसानहरुको मुक्तिको लागि उनीहरुको हक र अधिकारको लागि लागेर आएको मान्छे हुँ ।

**तर यो गठबन्धन सरकार भनेको किसान मार्ने, जनता मार्ने, सुकुम्वासी मार्ने वातावरण बनायो भनेर आरोप आएको छ नि ?**

भूमिसुधार मन्त्रालयको नाम परिवर्तन गरेर भूमि व्यवस्था मन्त्रालय राख्नु भएको छ । भूमि सुधार शब्द सुन्न चाहनु हुन्न । उहाँले आयोग बनाउनु भयो । त्यो आयोगमा उहाँको किसान संगठनको एकजना प्रतिनिधी पनि छैन । सुकुम्वासी संगठन थियो एकजना पनि गयो ?

काठमाडौं महानगरमा वर्षौं देखिको भुमिहीन सुकुम्वासीहरु छन् । अव्यवस्थित सुकुम्वासी छन् उनीहरुको जटिल समस्याहरु छन् ।

विगतको आयोगले जग्गा दिन्छ भनेर तपाई कल्पना गर्नु हुन्छ ? के जग्गा दिन्छ ? लाज लाग्दैन ? तेस्रो कुरा १६ महिनामा काम के भयो ? तपाईलाई यहाँ तथ्याङ्क भनिदिन्छु ।

**काम त भा रहेछ नि ?**

सुन्नुहोस् फर्म भर्दैमा त्यतिकै लालपुर्जा आउँछ ? त्यसपछि कम्प्युटर डाटा इन्ट्रिका कुरा छ । डाटा इन्ट्रि कहाँ भाछ ? कैलालीमा १ लाख २९ हजार फर्म भरेको छ । डाटा इन्ट्रि १० हजार मात्र भएको छ । भरतपुरमा ११ हजारले फर्म भरेको छ । त्यहाँ महानगरपालिका सक्रिय हुँदा झण्डै ५ हजारको डाटा इन्ट्रि भएको छ । केही ठाउँहरुमा जो पहिले पाइलटिङ्ग गरियो नापीको काम शुरु नै भएको छैन । जस्तै गैंडाकोट नगरपालिकाको कम्प्युटरमा डाटा इन्ट्रिनै भएको छैन । देशभर कम्प्युटर तालिम लिने जम्मा १९६ जना छन् । कम्प्युटरमा डाटा इन्ट्री गरेपछि त्यो नगरपालिकाले भेरिफाई गरेपछि लालपुर्जाको काम शुरु हुन्छ । जहाँ १४ वटा पाइलटिङ्ग गरियो त्यहाँ बाहेक नापीको काम नै भएको छैन । त्यो कम्प्युटर ईन्ट्रि गरेपछि नगरपालिकाले भेरिफाई गरेपछि नापीको काम शुरु हुन्छ । नापीको काम शुरु भएपछि त्यसको भेरिफिकेशन हुन्छ । त्यसको भेरिफिकेशन भएपछि कित्तावाइज मूल्याङ्कन गर्ने काम र श्रेष्टा तयार गर्ने काम हुन्छ र अनि लालपुर्जा तयार गर्ने काम हुन्छ । त्यसपछि प्रत्येक कित्ताको जग्गाको मुल्याङ्कन गर्ने काम हुन्छ ।

**काम त भएकै छ नि केही पनि छैन भन्नु भएको छ ?**

१६ महिनाको काम हो । यो जति हुनु पर्थ्यो भएन । हुन सकेन, किनभने त्यहाँ किसानहरुको प्रतिनिधी थिएनन् । त्यहाँ सुकुम्वासीको प्रतिनिधीहरु थिएनन् । त्यहाँ त जग्गाको मोलमोलाई हुँदै थियो । भोगको मोलमोलाई हुँदै थियो । एकपक्षीय भोगको कुरा थियो । नेकपा एकीकृत हुँदाको केन्द्रीय आयोगको एकजना मान्छे पनि थिएन । भनेपछि एउटा निचिश्त मान्छेहरुले निस्चित डिजाइनका साथ बनाइएको थियो । त्यो तरिकाले जाँदा १० वर्षमा पनि लालपुर्जा बाँड्न सकिदैन । त्यसैले हामी फाष्ट ट्र्याकमा काम गर्दैछौं ।

**फाष्ट ट्र्याक भनेर जनतालाई ललिपप दिने ?**

ललिपप होइन, जनताले अनुभूति गरुन, जनताले अनुभूति गर्नगरि बल्ल काम शुरु हुने छाँट देखियो है भन्ने गरेर जनताको सहभागीतामा लालपुर्जा बाँडिन्छ । जनताको सहभागीतामा जाँदा भोटको वार्गेनिङ्ग हुन्न, पैसाको वार्गेनिङ्ग हुन्न ।

**पार्टीले भनेको मान्नु हुन्न ?**

अहँ, मान्दिन, यो देशका सारा सुकुम्वासीहरुलाई लालपुर्जा दिएपछि ति मान्छेले आफ्नो पार्टी छोडेर माओवादी भएभने अर्कै कुरा हो । तर गठबन्धनको पार्टीमा आए भने त्यो पनि उहाँहरुको ईच्छाको कुरा हो । वार्गेनिङ्ग हुन्न, जनतालाई लाइनमा राखेर लालपुर्जा बाँडिन्छ । तर, जमीनमा राजनीति, सुकुम्वासीमा राजनीति, भोटमा राजनीति, जहाँ पनि राजनीति, यो के भएको भन्नु त ?

पहिलो कुरा केहो भने राजनीति नै मूल नीति हो । सबै कुरालाई यसैले गाइड गर्ने हो । तर हिजो जे भयो त्यो राजनीति थियो । त्यो आयोग १६ महिना बस्यो । किसान संघ-संगठनहरु सित एउटा कन्सल्टेशन पनि गरेन । दलीय दाउपेचको कुरा भयो । अहिले त हामी गठबन्धनमा पनि ५ वटा त दलहरुछन् नि त, यहाँ त एक पक्षीय हुने सम्भावना छैन । त्यसकारण हिजो एकपक्षीय ढंगले ब्लाकमेलिङ्ग हुँदैथियो अब हुन दिदैनौं ।

मोरङ्गमा नक्कली लालपुर्जा बाँडिएको छ । सुकुम्वासीहरुले प्रश्न उठाए । लालपुर्जाको काम भएकै छैन भनेपछि लालपुर्जा स्याम्पलिङ्ग गर्ने काम पनि गर्नुभयो । अब त्यस्तो हुने छैन कम्पतीमा ५ वटा दल त छ नि । सबैले एकअर्कालै चेक एण्ड व्यालेन्स त गर्छन् ।

**वास्तविक भुमिहीन सुकुम्वासीले पाउने आधार चाहीँ के हुन् ?**

त्यसको मापदण्डहरु तोक्छौं । उहाँहरुको अन्यत्र जमीन नभएको कुरा सुनिश्चितता गर्छौ । जोतभोग गरिरहेको सुनिस्चितताको कुरा छ, लगत संकलन सँग-सँगै सूचना दिएर गर्छौ । फर्म ल्याएर थुपार्ने काम हामी त्यस्तो गर्दैनौं । हामीले अझै औपचारिक निर्णय गर्न बाँकी छ । लगत संकलन सँगै नाप नक्सा गर्ने र दिने हो ।

**पहिले दिएको आधारमा दिनुहुन्छ ?**

पहिलो काम उहाँहरुको काम अधुरो छ । एकथरी सुकुम्वासीहरुले त्यो आयोग प्रति विश्वास नगरेर फर्म नै भरेन । सुकुम्वासी संगठनहरुले नै वहिष्कार गरेको रहेछ । उहाँहरुको तथ्याङ्क ३१७ को तथ्याङ्क हो । त्यसकारण यो भित्र फेरि हामीले एकै ठाउँमा राखेर एउटै ढंगले हेर्नु हुन्न । यसको जटिलता छ जस्तै भूमिहीन दलितहरु छन् । संविधानले सबभन्दा पहिले प्राथमिकता उनीहरुलाई दिएको छ । दोस्रो कुरा भूमिहीन सुकुम्वासीहरु छन् । जुनसुकै समुदायको भए पनि तिनीहरुको व्यवस्थापन गर्नु पर्छ । तेस्रो कुरा ऐलानी जमीनमा लामो समयदेखि बस्दै आएका किसानहरु छन् । तिनीहरुको आफ्नै समस्याहरु छन् । त्यस्तै अघिल्लो आयोगले काम नगरेको र गर्नु पर्ने अहिलेका टिओआरमा छैन । जस्तै काठमाडौंमा पुस्तौंपुस्ता अर्थात १० औं पुस्ता बस्दै आएका यहाँका आदिवासी जनजाति नेवार समुदाय, तामाङ्ग समुदाय छन्, यहाँ काठमाडौंको समुदाय जो छन् । उनीहरुको जग्गाको लालपुर्जा छैन । जसलाई हामी सुभासे भन्छौं । उनीहरु यही भूमिमा वर्षौं वर्षदेखि, पुस्तौं पुस्तादेखि बस्दै आएका छन् । उनीहरु यही जन्मिने, यही हुर्किने, यहाँको कतिपय रैथाने नेवार समुदाय छन् । उनीहरुको उद्‌गम स्थलनै यही हो । तिनको पनि घर छ लालपुर्जा छैनन् । उनीहरुलाई हामी सोभासे भन्छौं । २०१६ सालमा विर्ता उन्मूलन भयो तर विर्ताको समस्या अहिले पनि छन् । त्यस प्रकारको समस्या यहाँ व्यापक छन् । यी सबै समस्याहरुलाई हल गर्नेगरि जनसहभागीतामा आधारित भएर नक्सा बाँड्छौं । हामी जनतालाई सोझै सहभागी गरेर नक्सा बनाउने, कित्ताकाट गर्ने काम गर्छौं ।

**यो आरक्षण पीडितहरु पनि धेरै छन भन्ने सुन्नमा आएका छन् । बेला बखत यो आरक्षण क्षेत्रको कुरा पनि उठ्ने गरेका छन् । त्यस ठाउँमा पनि जनताहरु लामो समयदेखि त्यहाँको जग्गा जमीनमा भोगचलन गर्दै बसेकाहरुका लागि व्यवस्थापन गर्न कस्तो संयन्त्र छ तपाईहरुसित ?**

अहिले हामीसँग आरक्षण सम्बन्धी टिओआरमा छैन । तर किसान संगठनमा हुनुको नाताले र अहिले पार्टीको जिम्मेवार सदस्य हुनुको नाताले प्राकृतिक संरक्षणको जो आवश्यकता छ । हामी सरकार त्यहाँसम्म जान जरुरी छ । त्यसको नजिक भएको जंगली जनवार भन्दा मान्छेको जीवन सस्तो जस्तो छ । यो कुराको अन्त्य गरिनु पर्छ । त्यसका लागि आवश्यक खालको संयन्त्र निर्माण गने सम्बन्धित ठाउँमै व्यवस्थित गर्न सकिन्छ । आरक्षण सम्वद्धहरुलाई हुन्छ भने त्यही व्यवस्थित गर्ने, हुँदैन भने उहाँहरुलाई सबै प्रकारको पहुँच हुने गरि बाटोघाटो, सिंचाई, पानी, स्वास्थ्य, शिक्षा, रोजगारीको अवसरहरुको पहुँच हुने गरि कुनै ठाउँमा पुनर्थापित गरिनु पर्छ ।

# प्राङ्गारिक कृषि प्रवर्द्धनमा जैविक मल र विषादी

- किरण कुमार अमात्य

**परिचय :**

बढ्दो जनसंख्यालाई खाद्यन्न आपूर्ति गराउनका लागि कृषि उत्पादन बढाउने भन्दै कृषि क्षेत्रमा जथाभावि रासायनिक मल, विषादीको अत्यधिक प्रयोगले बालीनालीलाई हानी गर्ने शत्रुजीवलाई मार्नकै लागि मात्र नभई बिरुवाहरूलाई नभई नहुने मित्र जीवहरूको साथै । माटोमा रहेको फाइदाजनक सुक्ष्म जीवाणुहरूलाई पनि मार्दछ । फलस्वरुप माटोको गुणस्तर बिग्रन गई दीर्घकालीन रुपमा उत्पादनमा पनि ह्रास आउँछ । उदाहरणको लागि चितवन जिल्ला तोरी उत्पादनको लागि प्रख्यात थियो तर हालका वर्षहरूमा जति रासायनिक मल प्रयोग गरेता पनि उत्पादन निकै घट्दै गइरहेको छ । जसको लागि अनुसन्धानको जरुरी छ । कृषि क्षेत्रमा रोग तथा किटनाशकको लागि निरन्तर रुपमा प्रयोग गरिने रासायनिक विषादीले गर्दा किराहरूमा विष पचाउने क्षमताको वृद्धि भएको छ। फलस्वरुप धेरै रासायनिक विषादीहरूले काम गर्न छाडी सकेका छन् । त्यस्तै रासायनिक मल विषादीको कारणले वातावरणमा प्रतिकुल असर खाद्यन्नसँग मिसिएको विषादीका अवशेषले निम्त्याउने बिभिन्न रोगहरू र जल प्रदुर्षन हुनका मुख्य कारणहरू देखिएका छन । यी कारणहरूले गर्दा रासायनिक मल विषहरूको विकल्पको रुपमा जैविक वस्तुहरूको प्रयोग बढी से बढि गर्न अति आवश्यक भइसकेको छ । अहिलेको आधुनिक कृषि प्रणालीले उत्पादन बढाउने नाममा रोग, कीरा नियन्त्रण गर्नका लागि रासायनिक विषादीहरूप्रयोग भइरहेको छ । विषादीहरूले त्यति असर गर्दैन भन्ने कुरा कृषकहरू माझ नै प्रमाणित भइरहेको छ । त्यसैले रोग किरालाई नियन्त्रण गर्नुभन्दा तिनीहरूलाई व्यवस्थापन गर्न आवश्यक छ । यसरी व्यवस्थापन कै सिलसिलामा रोग कीराहरूबाट बच्नका लागि हाम्रै गाउ घर वरिपरि तथा बारीमा पाइने बिरुवा जडिबुटी प्रयोग गरी जैविक विषादी बनाई प्रयोग गर्न सक्दछौं । यसले विषादीको मात्र कम नगरी मलको पनि राम्रो काम गर्दछ ।

जैविक मल बनाउन चाहिने आवश्यक सामाग्रीहरू :-

१. प्लाष्टिकको ड्रम

२. जडिबुटी तथा वानस्पतिहरू :- कागती, घाँस, निम, बकाइनो, हजारी फूल, सिस्नु, तितेपाती, टिम्मुर, लसुन, प्याज, खुर्सानी, तुलसी, बाबरी, सिउँडी, असुरो, खिर्रो, मेवाको पात, सजिवन, वनमारा आदि ।

३. काँचो गोबर, खरानी, गहुँत -गाइवस्तुको पिसाब, पानी सुतीको कपडा वा जुटको बोरा ।



जैविक मल बनाउने तरिका :-

१. प्राप्त भएका वनस्पति र जडिबुटीहरू संकलन गर्ने, माथि उल्लेखित अन्य सामाग्रीहरू तयार पार्ने ।

२. वनस्पति तथा जडिबुटीहरूलाई लगभग ५ सेमी लामो टुक्रापारी काट्ने ।

३. यसरी काटेको टुक्राहरूलाई प्लाष्टिकको ड्रमको ३ भागमा २ भाग खाँदेर राख्ने र १ भागमा गहुँत छ भने गहुँत नत्र पानी भरेर राख्नु पर्छ ।

४. सुतीको कपडा वा जुटको बोरामा २-३ किलो कागती, गोबर र ५०० ग्राम खरानीलाई पोको पारी ड्रमभित्र वनस्पतिको टुक्राहरूको बीचमा थिचेर राख्नु पर्छ । जसले गर्दा सुक्ष्म जीवाणु उत्पादन गरी वनस्पतिलाई चाँडै गलाउने काम गर्दछ ।

५. यसरी ड्रमलाई भरी सकेपछि बिर्को राम्रोसँग लगाई ओभानो र तातो ठाउँमा राख्नुपर्छ ।

६. यसरी बिर्को लगाई राख्दा वनस्पति कुहिँदै जाँदा भाडा भित्र तातो ग्याँस जम्मा भई भाँडा फुट्ने डर हुन्छ । त्यसैले बेला बेलामा बिर्को खोली हावालाई फाल्नु पर्छ ।

७. यसरी बनाइएको जैविक मल/विषादी तयार हुन गर्म मौसममा भए १-२ हप्तामा र जाडो महिना भए ३ हप्ता जति लाग्दछ ।

८. यसरी राखेको दिनबाट परिक्षण गर्दै जाँदा यदि कडा गन्ध आएको छ। निलो रंगको फिज आएको छ र हरियो पातको रंग हराई पहेलो नसा मात्र देखिन्छ भने त्यो जैविक मल/विषादी तयार भएको मानिन्छ ।

प्रयोग गर्ने तरिका :-

गहुँत मिसाएको

पानी मिसाएको

कलिो बिरुवा (नर्सरी)

१५-२० लिटर पानी मिसाई छर्ने

८-१० लिटर पानी मिसाई छर्ने

ठूलो हुर्केको बिरुवा

१०-१२ लिटर पानी मिसाई छर्ने

५-७ लिटर पानी मिसाई छर्ने ।

नोट : -पहिलो पटक तयार भएको जैविक मल प्रयोग गरेपछि बाँकी रहेको वनस्पतिमा नै ३ पटक सम्म गहुँत वा पानी मिसाएर जैविक मल बनाउन सकिन्छ । यसरी बनाएको मल पहिलो पटकको जस्तो कडा नहुने भएकाले पानी मिसाएर छर्किदा पहिलेको भन्दा थोरै पानी मिसाएर छर्के हुन्छ ।

जैविक मलको फाइदाहरू: -

१. माटोमा भएका फाइदाजनक सुक्ष्म जीवाणुहरूको सक्रियतालाई बढाउँछ ।

२. बिरुवाको लागि मलको साथै सिंचाइको पनि काम गर्दछ ।

३. स्थानीय श्रोत साधनको प्रयोग ासायनिक मल तथा विषादीहरू किन्ने पैसाको बचत हुन्छ ।

५. रासायनिक मल तथा विषादीबाट मानवीय स्वास्थ्यमा पर्ने असरहरू कम हने ।

५. वातावरणमा परिरहेको असरहरू कम हुने ।

६. स्थानीय ज्ञान शीपको प्रयोग हुने ।

त्यस्तैगरी माथि प्रयोग गरेका वनस्पति, जडिबुटीहरूको साथै अन्य वनस्पतिहरूप्रयोग गरि निम्न अनुसार रोग कीराहरूको नियन्त्रण तथा व्यवस्थापन गर्न सकिन्छ ।

**बाँकी पृष्ठ ... २५**

**प्राङ्गारिका कृषि ......**

१. एउटा ड्रममा ३ भाग जति सिस्नु टुक्रापारी राख्ने र त्यसमा २ भाग गहुँत राखि एक हप्तासम्मकुहाउने र १ लिटर तयारी झोलमा ५ लिटर पानी थपी रातो कमिला लागेको बालीमा जरासम्म भिज्ने गरी प्रयोग गर्ने ।

# धानबालीको क्षति विवरण उपलब्ध गराउन अनुरोध

काठमाडौं कार्तिक ९ कृषि विकास मन्त्रालयका प्रवक्ता प्रकाश सञ्जेलले एक विज्ञाप्ति प्रकाशित बाढी पहिरो र मुख्यगरि धानबालीमा पुगेको असरको बारेमा क्षतिको विवरण उपलब्ध गराउन आग्रह गर्नु भएको छ ।

विज्ञाप्तिमा संघ तथा प्रदेश स्तरीय समन्वय बैठक बारे जानकारी गरिएको छ । विज्ञाप्तिमा भनिएको छ ।

आज मिति २०७८ कार्तिक ९ गते कृषि विकास मन्त्रालयको महेन्द्र राय यादव जीको अध्यक्षतामा सातवटै प्रदेशका कृषि हेर्ने माननीय मन्त्री ज्यू श्रीमान सचिवज्यूको उपस्थितिमा संघ र प्रदेश स्तरीय समन्वय बैठक सम्पन्न भयो । सम्पन्न भयो । बैठकमा मुलत विभिन्न भागमा गत असोज ३१ देखि अविरल वर्षाले कृषि तथा पशुपन्छि क्षेत्रमा पुगेको क्षति र सोही राहत तथा पुनस्थापर्ना सम्बन्धमा छलफल भयो । सो बैठकबाट मुख्यताया देहायको विषयमा छलफल भई निर्णय भयो ।

१. गत असोज ३१ गते देखिको अविरल वर्षाले मुख्यतया धानवाली र पशुका साथै पशुपन्छी, केरा, मत्स्यापालन खेतीको पुगेको क्षतिको सम्बन्धमा प्रदेशका कृषि सम्वद्ध मन्त्रालयबाट हालसम्म अध्यवधि गरिएको क्षतिको सम्बन्धमा प्रदेशका कृषि सम्वद्ध मन्त्रालयबाट हालसम्म अद्यावधिक गरिएको क्षतिको प्रारम्भिक तथ्याङ्क, मन्त्रालयहरुमा राहतका लागि विनियोजित वजेट र राहत तथा पुनस्थापर्नाको सम्बन्धमा सम्भावित विकल्पहरुको प्रस्तुती करण भयो । प्रदेशस्थित कृषि सम्वद्ध मन्त्रालयका जिल्लास्थित कार्यालयहरुले स्थानीय तहहरुको सम्बन्ध समन्वयको क्षतिको कृषकस्तरको विवरण संकलन गरि एकहप्ता भित्र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

२. बाढी पहिरो कृषकहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा पूर्ण क्षति, आंशिक क्षति, सामान्य क्षति पुगेको क्षेत्रफलको आधारमा निश्चित मापदण्ड बनाई प्रति इकाई क्षेत्रफल निश्चित रकम राहत स्वरुप राहत स्वरुप उपलब्ध गराउने, आगामी सिजनको लागि मल, बीउविजन सिँचाई सामाग्रीहरु निशुल्क उपलब्ध गराउने । किसानको वर्गीकरणको आधारमा ऋण तथा व्याज मिनाह छुटको व्यवस्थाको लागि पहल गर्ने लगायतका विकल्पहरुको बारेमा छलफल गरियो ।

३. क्षतिको कृषकस्तरको राहत विवरण प्राप्त भएपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले राहतको लागि आवश्यक वजेट व्यवस्थापनका लागि आवश्यक वजेटको आवश्यक वजेटको अनुमान तयार गरी वजेट व्यवस्थाको लागि प्रस्ताव पेश गर्ने ।

४. संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ को दफा ३२२ अनुसार विषयगत समिति गठन गरि कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यमा संघ, प्रदेश र स्थानीय तहको अनुसार विषयगत समिति गठन गरि कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यमा संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध व्यवस्थित गर्ते, निर्देशिकामा प्रदेश मन्त्रालयको राय सहमति लिई स्वीकृतिको प्रकृया अगाडि बढाउने ।

प्रकाशकुमार सञ्जेल
प्रवक्ता
कृषि तथा पशुपन्छि विकास मन्त्रालय

# किसानहरुलाई सहयोग गर्न आग्रह

काठमाडौं अखिल नेपाल किसान महासंघका अध्यक्ष चित्रबहादुर श्रेष्ठले विज्ञाप्ति प्रकाशित गरि किसानहरुलाई सहयोग गर्न आग्रह गर्नु भएको छ ।

विज्ञाप्तिमा श्रेष्ठले राहत मनसुन सकेपछि झण्डै एकहप्ता देशभर परेको अविरल वर्षा त्यसको कारण भएको बाढी पहिरो डुवानमा देशभर विभिन्न भागमा जलमग्न भए । ३०० भन्दा धेरै नागरिकहरुले जीवन गुमाए । दर्जनौं वेपत्ता र घाइते भए । देशको दुइतिहाई जनसंख्या ओगटेको किसानहरुको मुख्य बाली जीवन र जीविकाको अभिन्न हिस्सा तथा राष्ट्रिय हिस्सा तथा राष्ट्रिय अर्थतन्त्रमा समेत महत्वपूर्ण योगदान गर्दै धानबाली भित्र्याउने समयमा पर्न गएको यस्ता प्राकृतिक विपतको कारणले किसानहरुले आफ्नो परिवारका सदस्य किसानहरु पीडा र वेदनाले धुरुधुरी रुनु पर्ने अवस्था सिर्जना भयो । अर्कोतिर सिंगो देशमा आफ्नो परिवारमा परिवारका सदस्य, घरखेत बाली नाली, विउविजन, पशुपन्छी र चौपाया गुमाउनु पर्ने अवस्था आयो । किसानहरु पीडा र वेदनाले धुरुधुरु रुनु पर्ने अवस्था आयो । अर्कोतिर सिङ्गो देशमा खाद्य अभाव हुने अवस्था सिर्जना भयो । यस सन्दर्भमा नेपाल सरकारले राहतको प्याकेज घोषणा गरे पनि हालसम्म किसानहरुले पनि सो राहत प्राप्त गर्न वा प्राप्त हुने कुरामा सुनिस्चितता हुन सकेको थिएन । त्यसैले किसान महासंघ क्रान्तिकारी केन्द्र वर्षा बाढी, पहिरो तथा डुवान प्रभावित सम्पूर्ण किसानहरुको सहभागीतामा तत्काल लगत संकलन गरि क्षतिको आधारमा क्षतिपूर्ति राहत उपलब्ध गराउन र नेपाल सरकारले घोषणा गरेको राहत प्याकेज जनताले अनुभूति गर्ने गरि तत्काल कार्यन्वयन गर्न जोडदार माग गर्दछौं भनिएको छ ।

यस्तो प्राकृतिक विपदहरु तथा कृषि क्षेत्रलाई प्रभावित पार्ने विभिन्नि समस्याहरु नियमित रहने आईरहेन भएकाले त्यस्तो समस्याहरु पर्दा वास्तविक उत्पादक किसानहरुलाई सहज तथा सरल तरिकाले तत्काल राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने हरेक वर्ष कम्तिमा ५ अर्ब रुरुपैयाँ बराबरको वजेट विनियोजन गरी "किसान राहत कोष, कृषि सहायता कोष" स्थापना र सञ्चालन गर्न हामी नेपाल सरकारसँग जोडदार माग गर्दछौं । साथै मौसम पूर्वानुमानको कार्यहरु सूचना तथा जानकारीहरुलाई स्थानीय निकायका मार्फत किसानहरु र आम जनताको पहुँचमा पुर्‍यो । प्राकृतिक विपदहरु तिनमा उत्पन्न हुन हुनसक्ने जोखिमबाट किसानहरु र आम नागरिकको जीउ धन सुरक्षित हुने अवस्था सिर्जना गर्न पनि हामी नेपाल सरकारसा जोडदार माग गर्दछौं ।

मिति : २०७८/७/१२

# देशको विभिन्न ठाउँमा बाढी पहिरो : गृह

नेपाल सरकार गृह मन्त्रालयका अनुसार बाढी, पहिरो र डुवानमा परि देशभर १०१ जनाको मृत्यु भएको छ। प्रदेश नम्बर एकमा सबैभन्दा धेरै ६० जना, सुदूरपश्चिम प्रदेशमा ३१, कर्णाली प्रदेशमा ७, लुम्बिनी प्रदेशमा २ र बागमती प्रदेशमा १ जनाको मृत्यु भएको छ।

प्रदेश नम्बर एक मा १९ जना, सुदूरपश्चिम प्रदेशमा १७ र कर्णाली प्रदेशमा ४ जना गरी जम्मा ४० जना घाइते भएका छन्।

गृह मन्त्रालयका अनुसार देशभर ४१ जना हराईरहेको छ।

**बाढी पहिरोबाट क्षति :**

बाढीले २ हजार २३२ वटा घर डुबाएको र १३९ वटा पशु चौपायाको मृत्यु भएको छ। यसै साता भएका विपद्का घटनाबाट १ हजार १७७ घर परिवार विस्थापित भएका छन्।

'सुदूरपश्चिममा हाम्रा जीवनकालकै सबैभन्दा ठूलो विपद् आइलाग्यो'

सुदूरपश्चिम प्रदेशको बझाङमा मात्रै पहिरोमा पुरिएर २३ जना वेपत्ता भएका थिए। तीमध्ये दुई जनाको मात्रै शव भेटिएका थिए।

"एक किलोमिटर माथिबाट आएको पहिरोले गाउँ नै बगेर गएको छ। घरको नै कुनै नामनिसान नभएको अवस्था छ। भेटिएका शवहरू पनि क्षतविक्षत अवस्थाका थिए।

**कैलालीको भीषण बाढी :**

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले बाढीपहिरोमा वेपत्ता भएकाहरूको खोजी तथा उद्धार जारी राखेका थिए।

गह मन्त्रालयका अनुसार बझाङ, धनकुटा, इलाम र पाँचथरसहितका क्षेत्रमा नेपाली सेनाको हेलिकप्टरबाट राहत र घाइतेहरूको उद्धारको भएका थिए।

तीन दिनसम्म परेको वेमौसमी भनिएको वर्षाले १९ जिल्ला प्रभावित बनाएका थिए।

वर्षाका कारण प्रभावित जिल्लाहरूमा अवरुद्ध भएका राजमार्ग र भित्री सडकहरू सञ्चालनमा ल्याउने प्रयास भए। वर्षाका कारण अवरूद्ध विद्युत् र सञ्चार सेवा अधिकांश स्थानमा सञ्चालनमा निकै समय लागेका थिए।

'अविरल वर्षाका कारण देशभर करिव १०० भन्दा बढी उडान रद्ध गर्नु परेको थियो।

पानी जमेका कारण अवरुद्ध भएको विराटनगर विमानस्थल बन्द भएका थिए। पानी पसेर विमानस्थल जनमग्न भएको अधिकारीहरूले बताएका थिए।

**पर्वतारोही वेपत्ता :**

सगरमाथा क्षेत्रको मेरा पिक क्षेत्रमा एक जना आरोही तीन दिनदेखि सम्पर्कविहीन थिए। आरोहण गरी फर्किने क्रममा हिमपातका कारण बाटोमै फसेका चार विदेशी आरोही र एक नेपाली पथप्रदर्शकको उद्धार गरी काठमाडौं ल्याइपुऱ्याइएको नेपाल पर्वतारोहण सङ्घले जनाएका थिए।

हुम्लाको तुम्लिङमा अलपत्र परेका केही विदेशी नागरिकलाई पनि हेलिकप्टरबाट उद्धार गरिएको थियो।



हुम्लाको तुम्लिङमा अलपत्र परेका स्लोभेनियाका नागरिकलाई सिमकोट विमानस्थलमा हेलिकप्टरबाट उद्धार गरिँदै ल्याएको हो।

प्रधानमन्त्री निरीक्षणमा

प्रधानमन्त्री शेरबहादुर देउवा बाढीपहिरो प्रभावित क्षेत्रको निरीक्षण गर्न सुदूरपश्चिम र कर्णाली प्रदेशमा पुगेका थिए।

बझाङ, डोटी र बैतडीसहितका क्षेत्रमा पहिरो प्रभावित क्षेत्रको निरीक्षणमा जानुअघि सुर्खेतमा पत्रकारहरूसँग कुरा गर्दै देउवाले सरकारले क्षतिको मूल्याङ्कनपछि पुनर्निर्माणको योजना बनाउने बताएका थिए।

**नेपालको पूर्वदेखि पश्चिमसम्म वर्षाबाट प्रभावित :**

बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले यस विपत्तिमा ज्यान गुमाउनेका परिवारलाई आर्थिक सहयोग, जमीन गुमाउनेलाई जग्गा र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरेका थिए।

परिवारको कोही दिवङ्गत भएको भए दुई लाख रुपैयाँ राहत दिने र सोही परिवारका थप अरू दिवङ्गत भएको भए थप एक लाख दिने निर्णय भएको छ,

उद्धार तथा राहतमा तीनवटै तहका सरकार मिलेर काम गरिरहेको गृह मन्त्रालयका प्रवक्ता पोखरेलले बताएका थिए।

जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र स्थानीय तह मिलेर उद्धारकार्य भइरहेको बताएका थिए।

**भारतको उत्तराखण्ड बाढीको वितण्डा :**

नेपालको सीमावर्ती भारतको उत्तराखण्ड राज्यमा बाढीपहिरोका कारण कम्तीमा ५५ जनाले ज्यान गुमाएका छन्। बाढीपहिरोका कारण राज्यमा शिक्षण संस्थाहरू बन्द गरिएको छ।

बाढीले भारतको कुमाउँ गढवाल र पर्यटकीय क्षेत्र नैनीताल वरपर बढी क्षति पुऱ्याएको छ। हृषीकेश क्षेत्रमा गङ्गा नदीको बाँध भत्किएर थप क्षति भएको बताइएका थिए।

भारतको उत्तराखण्डको कुमाउँमा १२४ वर्षमा सर्वाधिक वर्षा भएको बताइएको छ।

नैनीताल क्षेत्रसँग जोडिने सबै सडकहरू अवरूद्ध भएको र उद्धारका लागि सैनिक परिचालन गरेका थिए।

भारतको केरला राज्यमा पनि शुक्रवारबाट जारी वर्षाका कारण २७ जनाले ज्यान गुमाएका थिए।

# जललायू परिवर्तनका कारण उथलपुथल

काठमाडौं २४ अक्ट्वर "यो जलवायु परिवर्तनको असर नभए के हो त ?'' राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखरेल डरलाग्दो कुरा त के छ भने जलवायू परिवर्तनका भीषण प्रभावहरू आगामी दिनमा पनि निरन्तर र अझ धेरै पर्न सक्ने वैज्ञानिकहरूले चेतावनी दिइरहेका छन् ।



यो साता नेपालमा परेको असामान्य वर्षा र क्षतिलाई जलवायु परिवर्तनकै प्रमाणको रूपमा नेपालले प्रस्तुत गर्न सक्ने ठान्छन् ।

"हामी यही वर्षको घटना मात्र हेरौं । मनसुन शुरु हुनुभन्दा अगाडि नै विगतमा धेरै वर्षा नहुने उच्च हिमाली क्षेत्रमा व्यापक वर्षा भएको र त्यसले तल्लो क्षेत्रमा ठूलो क्षति गराएको भोग्यौं । सिन्धुपाल्चोक, गोरखा, मनाङ र दार्चुलाका माथिल्ला भेगमा त्यस्तो भयो । मेलम्चीमा देखिएको जस्तो भयानक गेगरान बहाव हामीले बेहोरेकै थिएनौं ।''

कार्तिकमा परेको असामान्य वर्षाले नेपालमा १०० जनाभन्दा धेरैको ज्यान लिइसकेको छ भने अर्बौं रुपैयाँको क्षति पुगेको छ ।

धानबालीमा मात्र झण्डै छ अर्ब रुपैयाँको नोक्सानी पुगेको प्रारम्भिक विवरण कृषि मन्त्रालयले दिएको छ । जलवायू परिवर्तनको हेक्का नराखी ठूला आयोजना बनाउनु घातक हुने चेतावनी तापक्रम थोरै बढ्दा पनि हिमाली क्षेत्रमा उथलपुथल हुनसक्ने चेतावनी

भकारीमा पुग्नुपर्ने धान हिलोमा मिसिँदा किसान मारमा, क्षतिपूर्ति कहिले

हारगुहार गर्ने बेला

जललायू परिवर्तनका कारण हुने उथलपुथलबाट जोगिने अनुकूलन गर्न नेपाललाई यही दशकभित्र थप ४९ अर्ब डलर अर्थात् ५० खर्ब रुपैयाँभन्दा धेरैको बोझ पर्ने सरकारको आंकलन छ ।

"हाम्रो आर्थिक संरचनानै प्रकृतिसँग जोडिएको छ । हामीले राष्ट्रिय अनुकूलन योजना बनायौं अनि राष्ट्रिय रणनीति बनायौं । यसमा हाम्रो हिसाब के देखिँदैछ भने सन् २०३० सम्मका निम्ति नै हामीलाई जलवायू परिवर्तनका असरसँग जुध्न आवश्यक अनुकूलन तथा क्षति न्यूनीकरण गर्न थप ४९ अर्ब अमेरिकी डलर बराबरको लागत चाहिनेछ ।'' वन तथा वातावरण मन्त्रालयका प्रवक्ता मेघनाथ काफ्लेले बताएका छन् ।त्यति धेरै लागत नेपालले आफै जुटाउन नसक्ने भएकाले विकसित देशहरूले सहयोग गर्नुपर्ने अधिकारीहरू ठान्छन् ।

"तर विकसित देशहरूमा यस्ता हानिनोक्सानीको क्षतिपूर्तिबारे हिच्किचाहट देखिन्छ । त्यसमा उनीहरू उद्धार हुनुपर्छ भनेर ग्लास्गो सम्मेलनमा पनि हामी हाम्रा कुरा राख्छौं ।''

जलवायू परिवर्तन : विश्व सम्मेलनमा नेपालका मुद्दा के "हजारौं वर्षअघि फर्केर हेरौं ।''

मेलम्चीमा कहाँबाट र कसरी आयो गेगरानयुक्त बाढी ?

सीओपी २६ के हो र किन महत्वपूर्ण छ ?

वर्षा शुरु हुनुभन्दा अगावै अनि कार्तिक लागेपछि परेको असामान्य वर्षाले देशभरि व्यापक धनजनको क्षति गराएको घटनालाई जानकारहरूले विश्वव्यापी तापमान वृद्धिले उत्पन्न गराएको जलवायू परिवर्तनको असरसँग जोडेर हेरिरहेका छन् ।

लगातार यस्ता विपद् भईरहनुलाई जलवायु उथलपुथलका कारण भएको मान्नेहरू धेरै छन् ।

यस्तो विषयमा अब नेपालले अन्तर्राष्ट्रिय समुदायसँग हारगुहार गर्नुपर्ने बेला आएको पनि उनीहरू ठान्छन् ।

नोभेम्बर महिनाको शुरुमा यूकेको ग्लास्गोमा हुन लागेको कोप२६ भनिने जलवायू परिवर्तनसम्बन्धी विश्व सम्मेलनमा नेपालले यसबारे आवाज उठाउनुपर्ने सुझाव उनीहरूको छ ।

जुम्लाको तिलामा बाढीको प्रकोप

"हामीले स्पष्ट प्रमाणहरू संकलन गर्नु पर्छ । आँकडा निकाल्नुपर्छ र कोप २६ जस्तो सम्मेलनमार्फत् अन्तर्राष्ट्रिय जगतसमक्ष जोडदार ढङ्गले आफ्ना मर्काहरूलाई प्रस्तुत गर्नुपर्छ ।''सर्वसाधारण नागरिकले संकटको सामना गरिसकेको हुनाले अब बाँकी वैज्ञानिक ढङ्गले केलाउने कर्तव्य अन्तर्राष्ट्रिय समुदायको समेत रहेको छ ।

के हिमताल विस्फोट भएर मेलम्चीमा विनाशकारी बाढी आएको हो ?

नेपालमा २१ वटा कुनै पनि बेला फुट्नसक्ने "सम्भावित खतरनाक'' हिमताल

बर्षेनि बाढीपहिरो बढ्नुको कारण भूकम्प कि जलवायु परिवर्तन कि मानवीय गतिविधि ?

जलवायू प्रणालीमा हुने उथलपुथलले नेपालजस्तो देशमा खासगरी वर्षाको प्रवृत्तिमा व्यापक फेरबदल, हिमताल विस्फोटन, अनपेक्षित विपद् लगायतका असर झन्झन् बढ्ने ठानिन्छ जसले गर्दा खाद्य उत्पादन, पूर्वाधार विकास, जलस्रोत व्यवस्थापन तथा जनजीविकामा प्रभाव पर्ने बताइन्छ ।

# कृषि अनुदान वास्तविक किसानले पाएनन : सुवेदी



धनबहादुर मगर

काठमाडौं१६ कार्तिक ४१औं विश्व खाद्य दिवसको सन्दर्भमा खाद्यका लागि कृषि अभियानले महिनाव्यापी कायक्रम जावलाखेलस्थित प्रशासनिक प्रतिष्ठानमा समापन गरेको छ। कार्यक्रममा कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन समितिका सभापति पूर्णा कुमारी सुवेदीले कृषि नगर्नेहरुले कृषि अनुदान लिइरहेको र वास्तविक किसानले अनुदान पाउन नसेकेको प्रति चिन्ता व्यक्त गर्नु भएको छ। उहाँले कृषि अगाडि बढ्नु नसक्नुमा ती कारण पनि प्रमुख रहेको बताए। सुवेदीले कृषि क्षेत्रको उत्थान र विकास गर्न आफ्नो तर्फबाट सक्दो पहल गर्ने बताए। चर्चित कलाकार सीताराम कट्टेल (धुमुस)ले प्राकृतिक प्रकोप जस्ता घटनाहरु हुँदा नेपालको किसानहरु जुझ्नु परेको बताए। नेपालको कृषि खस्कदै गएको र आफू पनि विगतमा कृषक कर्म गर्दै आएको बताउँदै कट्टेलले म पनि किसानकै छोरो हुँ, म ५ बजे उठेर बारीमा जोत्न जान्थे। मैले बँगुर पालन व्यवसाय पनि गरेँ। आफ्नै देशमा केही गर्न खोज्दा हतोत्साही गर्ने गरेको बताउँनु भयो। कट्टेलले आफू अभियानमा जोडिनु पाउँदा खुशी लागेको बताए। सबै संकट राजनीतिमा छ। दलहरु परिवर्तन नभईकन नेपालको कृषि परिवर्तन नहुने बताए। कृषि क्षेत्रमा यहाँहरुको साथ सहभागी हन पाउँदा खुशी लागेको छ। र आफूहरु समाजसेवी काममा सहभागी भइरहेका छौं। आफ्नो मातृभूमि हराभरा बनाउन अनुरोध गर्दछु।

“म के चाहीँ गर्ने हो।'' नामक चलचित्रका गायक सरोज लामीछानेले प्रकृतिसँग, माटोसँग खेल्ने, हामी कलाकारबाट प्रस्तुत विषय हेर्दा केही गर्न नसकेको बताए।

लमिछानेले कागज मिलाएर कृषिको अनुदान लिने र वास्तविक गोवर सोहर्ने किसानले नपाउने दुखद अवस्था आएकोले कृषि माथि उठ्न नसकेको प्रति चिन्ता व्याक्त गरेको छन्। म पनि यहाँहरु सँगै छु, लामिछानेले भने।

नेपाली प्रगतिशील जन गायक जीवन शर्माले ती दाह्री जुँगा फुलेको छन्,

ति दात सबै फुत्केका छन्। बराजुको खेतमा छ बुढो किसान

वर्षा भरि हिउदभरी काम काम, हलो छैन, गोरु छैन।

गाउँदै शर्माले भने आफु लाग्न नसके पनि आफ्नो ठाउँबाट योगदान पुऱ्याउने बताउनु भयो।

नागरिक अभियन्ता नारायण वाग्लेले आफ्नो गाउँमा बारी वन्जर बनिसकेको र व्यवस्थापन गर्न नसकेको कुरा बताउनु भयो। वाग्लेले अब व्यवस्थापन गर्न आफू पनि लागि पर्ने बताउँदै कृषिमा राजनीतिले ल्याएको अन्याय हो र आफू पनि यस्तै अभियानहरुमा जोडिनु चाहेको कुरा बताउनु भयो।

अभियन्ता उषा तिमिल्सिनाले म किसानको सन्तान हुँ। संरचनामा परिवर्तन नगरिकन कृषिमा फर्किने अवस्था छैन। बुबा आमाले गरेको खेती किसानी आजको युवा पीढिले गर्न सक्दैन।

४ लाख युवाहरुको रोजगारको सिर्जना भयो कि भएन। म दल भित्र पनि छु। जे विषयमा छलफल हुनु पर्ने हो त्यो भएको छैन। वैदेशिक रोजगारीमा जानेहरुले नेपाल फर्केपछि केही गरिरहेका छन्।

अभियन्ता नारायण सिग्देलले कृषि क्षेत्रमा लगाव हुन शुरु देखिनै विद्यार्थीहरुलाई व्यवहारिक रुपमा सहभागी गराउनु पर्ने बताउनु भयो। त्यसो गरेमात्र देशको कृषि अगाडि बढ्ने छ। ९२ लाख विद्यार्थीहरुलाई खेतीपातीमा लगाउने हो भने कृषिमा आत्मनिर्भ बन्ने बताउनु भयो। साथै सिग्देलले यसका लागि आफैबाट शुरुवात गर्नु पर्ने बताएका छन्।

खाद्यको लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले अझै पनि कृषि गर्ने किसान बढी भन्दा बढी सहभागी गरेका छौं। यो क्रम भंगता हो। सरकारी मान्छे र किसान बीच मात्र समाधान खोज्छौं। हामीले चलाएको अभियानमा नेपालको कृषिलाई हरित क्रान्तिको मोडलमा लानु पर्छ भनेर सरकार पनि लागि परेको छ। नेपाली किसानलाई यावत समस्या आइपरेको बताउँदै तराईको डुवान, र जमीनमा रासायनिक वस्तु प्रयोग गर्दा जैविक विविधता नाश गरिरहेका छौं। अब हामीले निर्यातको लागि भन्दा पनि खानाको कुरा गरौं। विदेशबाट आयतित उपभोग्य वस्तु खाएर हामी रोगी भइरहेका छौं। बोट, विरुवा, प्रकृति सबै विषाक्त बन्दै जाँदा जलवायू परिवर्तन भई समग्र प्रकृतिमाथि अन्याय हुँदै गएका छन्।

कार्यक्रमको बारेमा अभियानकर्मी सिन्द्रेला देवानले कायक्रमको महत्व र आवश्यकताको बारे बताएका थिए।

कार्यक्रमको उद्घोषण डा.सुजता तामाङले गर्नु भएको थियो।

### कार्तिक महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

- हिउँदे फलफुलको नयाँ बगैंचा स्थापना गर्नको लागि रेखाङ्कन गर्ने, र सतहको माटो र मल मिसाई पुर्ने।
- प्रमुख खाद्यान्न वाली धान थन्क्याउने।
- जौ, वरसिम, मेच्लुर्स घाँसको बीउ छर्ने।
- गहुँ लाउन जग्गाको तयारी गर्ने।
- आंगौटे काउली, बन्दा आदि वालीमा टपड्रेसिङ्ग गर्ने।
- धानवारीभित्र चना केराउ र मुसुरो छर्ने।
  उच्च पहाडमा तुषारोले नर्सरीका कलिला बेनाईहरु मर्न सक्ने हुँदा नर्सरीमा प्लाष्टिकको छहारी दिने।
- तराई भित्री मधेश तथा पहाडका वेसीहरुमा तोरी छर्ने बेला भयो।
- पशुहरुमा भ्याकुते, चरचरे आदि रोगको विरुद्ध पशु खोप लगाउने।
- हिउँदमा हरियो घाँस उत्पादन गर्न राइजोवीयम बीउ उपचार गरी वर्सिम छर्ने।
- माटो नाम्लेको औषधी खुवाएको ४/५ महिना पुगिसकेको वस्तुलाई नाम्लेको औषधी दोहोऱ्याउने बेला भयो।
- तुषारोले कलिला विरुवा मार्ने हुँदा प्लाष्टिकका छहारी हाल्ने।



# क्षतिपूर्तिको व्यवस्था गर्न आग्रह

काठमाडौं कार्तिक ३ गते खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले प्रेश विज्ञाप्ति जारी गरि ध्यानाकर्षण गर्नु भएको छ। ध्याकर्षणमा वेमौसमी वर्षाका कारण पीडित किसानलाई क्षतिपूर्तिको व्यवस्था गर्न आग्रह गरेका छन्।

विज्ञाप्तिमा भनिएको तिनदिन देखिको अविरल वर्षाले नेपाली किसानको जनजीवनमा अकल्पिनीय संकट थपिएको छ। नेपालको मुख्य अन्न बाली धान खेती भित्र्याउने बेलमा भएको अकल्पिनीय, अनपेक्षित वर्षाले किसानको वर्ष दिनको खानेकुराको जोहोमा वज्रपात परेको छ। बाढी र पहिरोले मानिसको वस्तुभाउको ज्यान गएको छ। धेरै मानव वस्ती, वस्तुभाउ खेतीबारीमा समेत जोखिममा परेको छ। नदीहरुको सतह खतरा तहभन्दा माथि छ। वर्षा अझै रोकिने छाँट छैन। अझै यो क्षति कति हुन्छ थाहा छैन।

यो अनेपेक्षित वर्षाले किसानको विचल्ली भएको छ। साना-ठूला सबै किसानको जीवनको मुख्य आधार धान खेती तहसनहस भएको छ। पाकेको धानमा बाढी पसेको छ। भने काटेको धान खेत आलीमै डुबेको छ। सँगै धान खेतीको मुख्य क्षेत्रमा नै भएको डुवानले कृषिमा आधारित हाम्रो अर्थतन्त्र समेत प्रभावित भएको छ।

प्रकृतिमा आउने यस्तो फेरवदलका कारण खेतीपाती उत्पान प्रकृयाको हिसाबले अनिश्चिय र ठूलो जोखिमको क्षेत्र हो। सरकार र यसको सरोकारवालाहरुले यो प्रकृतिको व्यवहारलाई पूवानुमान गरी किसानलाई जोखिमहरु घटाउने यथासिघ्र भरथेग गर्ने कुरामा वेवास्ता गर्दा विगत केही वर्षदेखि यस्तो जोखिम झन् बढ्दै गएको छ। यसले हाम्रो जस्तो किसानमा आधारित जीवन पद्धती नै संकट ग्रस्ट बन्दै छ। आम जनसमुदायको तत्काल खानेको कुराको बन्दोवस्त गर्ने र घर व्यवहारमा समेत व्यापक प्रभाव पार्ने यो विपदमा यथासम्भव भरथेग गर्नु हामी सबैको साझ दायित्व हो। यो विपदमा ज्यान गुमाउने प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दै घाइतेहरुको यथाशिघ्र स्वास्थ्यलाभको कामना सहित पीडित सबैमा सम्वेदना व्याक्त गर्दछौं।

- पीडित कीसानलाइ धान खेती स्याहार गर्न तत्काली सहायता र भएको क्षतिप्रति आंकलन गरि क्षेतिपूर्ति दिन जोडदार माग गर्दछौं।
- हामी सरकार र सरोकारवालाहरुलाई यी कुरामा ख्याल गर्दै जलवायूमा आएको फेरवदलसँगै वायूको तापक्रमसँगै वर्षा, खडेरी, रोगकीराको प्रकोप जस्तो जोखिमको पूर्वानुमान र यसबारेको सूचना र चेतना फैलाउन अनुरोध गर्दछौं। सोचौं त यो वर्ष भरि परेको पानी जस्तै खडेरी भयो भने हाम्रो खाना र खेतीपातीको हालत के होला ? जलवायूमा भएको परिवर्तनलाई कम नआँक्न, यसलाई गम्भीरतापूर्वक लिन र भविष्यमा यसले निम्त्याउने सम्भावित संकट प्रति संवेदनशील हुन यस्तो जोखिमको दीर्घकालीन समाधान प्रकृति सम्मत खेतीपाती अपनाउन सुझाव, राख्न आफैदेखि आग्रह गर्दछौं।

सरकारले तुरुन्तै कृषिमा जलवायू परिवर्तनलाई कसरी सम्वोधन गर्ने एउटा अधिकार सम्पन्न उच्चस्तरीय कार्यदल बनाओस्। यदि यस्तै कुनै संयन्त्र बनेको छ वा कार्यरत छ भने यसलाई आवश्यक थप अधिकार दिइयोस् र सक्रिय बनाइयोस्। अन्त्यमा यी सबै कुरामा, समयमा सचेत हुन सरकारलाई र यो सवाल उठाएर दिएर आम जनसमुदायलाई ध्यानाकर्षण पत्र मार्फत हार्दिक अनुरोध गर्न चाहन्छौं।

---

२. एक किलो  बकाइनोको पात १ लिटर पानीमा राम्रोसँग थिचेर झोल निकाल्ने र उक्त झोललाई पातलो कपडाले छानेर आएको १ भाग झोलमा ५ भाग पानीको दरले मिसाई ५ दिनको फरकमा सबै ठाउँमा पुग्नेगरी तरकारी बालीमा छर्केमा पात खाने कीरा र अन्य चुस्ने खालका कीराहरूलाई तितो भएको पात खान मन नलाग्ने बनाउँछ। यसले गर्दा कीराको लार्भा अवस्था विकास नभई तरकारी बालीहरूमा लाग्ने कीराहरूको प्रभावकारी रुपमा व्यवस्थापन हुनेछ।

३. ५०० ग्राम निमको दाना पिसेर १ लिटर पानी मिसाई बालीनालीमा छर्नाले खपटे कीरा, लाही, गबारो कीराको नियन्त्रण गर्न सकिन्छ।

४. बाबरी र निमको फाइदाहरू सानो सानो टुक्रापारेर २-३ दिन पानीमा भिजाएको झोल बिहानको समयमा छर्दा  धान बालीमा लागेको पतेरो कीरा नियन्त्रण हुन्छ।

५. एक किलो मेवाको पातलाई पिढेर १ लिटर पानीमा घोल्ने र पातलो कपडाले छानेर उक्त झोलमा ४ लिटर साबुन पानी मिएर छर्कनाले कफिको डढुवा, पाउडरी मिल्ड्यु नियन्त्रण गर्न सकिन्छ।

६. गोलभेडाको हरियो पातलाई पिसेर १ माना पानी मिसाई उमालेर सेलाएको झोल काउली बन्दा, ब्रोकाउली आदिमा लाग्ने झुसिल कीरा नियन्त्रण गर्न सकिन्छ।

७. हिउँदे तरकारी बालीहरूको वरिपरि तथा भित्री जग्गामा धनिया लगाएका खण्डमा धेरै जसो कीराहरू गन्धको कारणले बाली छेउ आउन नसकि कीराहरूको व्यवस्थापन हुन्छ।

८. त्यस्तैगरि लसुन तथा प्याजलाई पनि तरकारी खेती गरिएको जग्गाको वरिपरि लगाइएको खण्डमा पनि कीराहरूको नियन्त्रण हुन्छ।

९. तितेपाती, निम र बकाइनोको पातलाई छाँयामा सुकाउने र सुकेपछि भण्डारण गर्न राखिएको १०० भाग अनाजमा ५ भाग पात मिसाएर राख्दा भण्डारणमा लाग्ने कीराको प्रकोप कम हुन्छ।

१० मकैको बिऊलाई राम्ररी घाममा सुकाएर भण्डारण गर्ने बेलामा गाइको गहुँतले हल्का चिसो हुने गरी मोलेर पुन : ४/५ घण्टा घाममा सुकाएर भण्डारण गर्दा घुन र पुतलीबाट बचाउन सकिन्छ।

११. असुरो पात हरियो मल वा छाप्राको रुपमा प्रयोग गर्दा सबै प्रकारका माटो जन्य रोग र कीराहरूको नियन्त्रण गर्नुका साथै प्रति रोपनी ५०० किलोको दरले माटोमा प्रयोग गर्दा प्राङ्गारिक मलको आवश्यकताको ५० प्रतिशत मात्र समेत पूर्ति गर्दछ।

लेखक पर्माकल्चर ग्रुपका कार्यक्रम निर्देशक हुनुहुन्छ।

# कृषिमा जोडदिन मन्त्री यादवको आग्रह

काठमाडौं, कात्तिक १२ गते । "हाम्रो पहलः उत्पादन र पोषणमा वृद्धि, पर्यावरण संरक्षण र जनजीविकामा समृद्धि" भन्ने नाराका साथ ४१ औं विश्व खाद्य दिवस मनाइएको छ ।
कृषि विभागलगायत विभिन्न संघ-संस्थाले संयुक्त रुपमा शुक्रबार एक कार्यक्रम गरि सो दिवस मनाएको हो । कृषि तथा पशुपन्क्षि विकास मन्त्री महेन्द्र राय यादवले किसानको समृद्धिविना कृषिमा आत्मनिर्भर हुन नसक्ने भन्दै सबैभन्दा पहिले किसानको समृद्धिमा जोड दिनुपर्ने बताउनु भएको छ ।

सोही कारण सरकारले बेमौसमी वर्षाका कारण प्रभावित किसानको लागि राहत सरकारले पाँच अर्ब रुपैयाँभन्दा बढीको राहत प्याकेज घोषणा गरेको उहाँको भनाई छ । मन्त्री यादवले भन्नुभयो, "मन्त्रालयको दायित्व भनेकै किसानलाई समृद्ध बनाउने हो, जसका लागि मन्त्रालय लागिरहेको छ, तर किसानका नाममा हुने राजनीतिले कृषि क्षेत्रलाई विगारेको छ, राजनीतिक पार्टीपिच्छेका किसान संगठन छन्, किसानको एउटै महासंघको हुनुपर्छ, त्यसो भयो भने काम गर्न पनि सजिलो हुन्छ, किसानमुखी कार्यक्रम पनि प्रभावकारी हुन्छन् ।"

उहाँले एउटै महासंघका लागि आफूले पहल पनि गरिरहेको बताउनुभयो । मन्त्री यादवले किसानलाई सरकारले उपलब्ध गराउँदै आएको अनुदान तथा सहुलियतका कार्यक्रमबाट पहुँचवाला किसानमात्रै लाभान्वित भएको भन्दै अनुदान सहयोग सम्बन्धित किसानकै बैंक खातामा जम्मा हुनु व्यवस्था गरिनुपर्ने बताउनुभयो । उहाँले सरकार किसानका लागि घोषणा गरेको राहत प्याकेजलाई पारदर्शीरुपमा वितरण गर्ने गरि कार्यविधि निर्माणको काम भइरहेको जानकारी गराउनुभयो ।

कृषि तथा पशुपन्क्षि विकास मन्त्रालयका सचिव डा.गोविन्द प्रसाद शर्माले यसवर्षको विश्व खाद्य दिवसको नारामात्रै कार्यान्वयन गर्न सकिएपछि कृषिमा ठूलो उपलब्धी हासिल हुनसक्ने बताउनुभयो । विगत ४१ वर्षदेखि खाद्य दिवस मनाइदै आएको भएपनि विगत केही वर्षदेखि दिवसलाई अन्य सरोकारवाला निकायले साथ दिँदै आएको भन्दै खुशी व्यक्त गर्नुभयो । उहाँले अनुदान वितरणमा समस्या रहेको स्वीकार गर्दै मन्त्रालयले ऐन बनाएरै अनुदान कार्यक्रमलाई व्यवस्थित र पारदर्शी बनाउन लागेको पनि जानकारी गराउनुभयो । साथै धानमा दाना नलाग्नुको विभिन्न समस्यामध्ये तराईका लागि सिफारिस बीउ पहाडमा लगाइनु पनि भएको दावी गर्नुभएको छ । राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम दंगालले कृषि क्षेत्रको विकासका लागि कुल बजेटको १० प्रतिशत वजेट विनियोजन गरिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो "पर्याप्त लगानीविना कृषिमा आत्मनिर्भर सम्भव हुँदैन, अहिले कुल बजेटको २.७६ प्रतिशतमात्रै कृषि वजेट विनियोजन गरिएको छ, यतिले पुग्दैन । साथै उहाँले सरकारले किसानका लागि घोषणा गरेको राहत रकम बढाउन पनि माग गर्नुभएको छ । घोषित प्याकेजको स्वागत गर्दै थप २५ प्रतिशतले रकम वृद्धि गर्न माग गर्नुभएको छ ।




राष्ट्रिय योजना आयोगका सदस्य डा दिलबहादुर गुरुङले उत्पादन वृद्धिका साथै समानुपातिक वितरणमा पनि जोड दिनुभयो । सरकारको एक्लो प्रयासले मात्रै उत्पादन बढाउन नसकिने भन्दै कृषिमा निजी क्षेत्रलाई पनि आकर्षित गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो "सरकारले उत्पादन बढाएर प्रतिहेक्टर एकटन पुऱ्याउने भनेको छ, बीउ प्रतिस्थापन दर पनि २५ प्रतिशत पुऱ्याउने लक्ष्य छ तर सरकारको एक्लो प्रयासले मात्रै यो लक्ष्य पूरा हुनसक्दैन, यसमा निजी क्षेत्र पनि आउनुपर्छ ।"

आयोजक मध्येको एक खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले टालटुले नीतिले कृषि क्षेत्रले गति लिन नसक्ने भन्दै कृषिमा आमुल परिवर्तन आवश्यक रहेको बताउनुभयो । खाद्यका लागि कृषि अभियानले खाद्य दिवसका अवसर आयोजना गरेको महिनाव्यापी कृषि वहसको निष्कर्ष पनि कृषिमा आमूल परिवर्तन नै रहेको उहाँको भनाई छ । उहाँले भन्नुभयो "हामीले कृषि क्षेत्रमा काम गरिरहेका छौं भनिरहेका छौं तर परिणाम देखिएको छैन, कृषि क्षेत्र झनै अधोगतितर्फ लागेको छ, कृषिको मुख्य आधार अधिकाँश बीउ विजनहरु हामीले गुमाइसकेका छौं । आमुल परिवर्तन गर्ने हो भने हामी अझै पछि पर्दै जानेछौं ।"

कृषि विभागकी निमित्त महानिर्देशक तथा विश्व खाद्य दिवस नेपालकी अध्यक्ष जानुका पण्डितले कृषि क्षेत्र वहुआयामिक क्षेत्र भएको कृषि मन्त्रालयको एक्लो प्रयासबाट मात्रै अपेक्षित लाभ हासिल हुन नसक्ने भन्दै सबै सरोकारवाला निकायले कृषिलाई उच्च प्राथमिकता दिँदै सोहीअनुसार अघि बढनुपर्नेमा जोड दिनुभयो । विश्व खाद्य कार्यक्रमका प्रतिनिधि केन सिम्जुले पनि खाद्य सुरक्षाका लागि उत्पादनमा जोड दिनुभयो । कार्यक्रममा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र प्रमुख डा. रामकृष्ण श्रेष्ठले खाद्य सुरक्षासम्बन्ध नेपालको अवस्थाबारे प्रस्तुति गर्नुभएको थियो ।

कसो अवसरमा अवसरमाा प्रधानमन्त्री शेरवहादुर देउवाको शुभकामान सन्देश र विश्व खाद्य कार्यक्रमका डाइरेक्टर जनरलको भिडियो सन्देश पनि प्रस्तुत गरिएको थियो । कार्यक्रममा विभिन्न आठ विधाका उत्कृष्ट २४ कृषकलाई पुरस्कृत गरिएको थियो ।

# Declaration of the Global People's Summit on Food Systems

September 23, the closing plenary of the Global People's Summit (GPS) on Food Systems – the Global South-led counter-summit to the United Nations Food Systems Summit – adopted its Declaration titled "End corporate monopoly control! Fight for People's Rights to Just, Equitable, Healthy, and Sustainable Food Systems!" The

> *We are organizations of smallholder farmers, landless peasants, agricultural workers, fisherfolk, pastoralists, plantation workers; groups representing indigenous peoples, local communities, youth, women, urban poor, and consumers; and advocates of food sovereignty, agroecology, and genuine agrarian reform and rural development. We represent the global regions of Asia and the Pacific, Africa, Latin America and the Caribbean, Europe, and North America.*




Declaration lays down the commitments of the GPS to the struggle for just, equitable, healthy, and sustainable food systems – the radical transformation we urgently need, with people's rights at the center. The Organizing Committee of the GPS will present this Declaration to relevant international bodies and intergovernmental platforms. Physical submission to the United Nations Headquarters in New York will be done on October 16, World Hunger Day. If you or your organization wishes to be part of the endorsers of our Declaration, kindly fill-up the form below. Deadline of signatories for the October 16 submission is on October 15, 2021.

Global people summit on food system

GPS Declaration : End Corporate Monopoly control fright for peoples right to just, Equatable, Healthy and Sustainable food system.

We are organizations of smallholder farmers, landless peasants, agricultural workers, fisherfolk, pastoralists, plantation workers; groups representing indigenous peoples, local communities, youth, women, urban poor, and consumers; and advocates of food sovereignty, agroecology, and genuine agrarian reform and rural development. We represent the global regions of Asia and the Pacific, Africa, Latin America and the Caribbean, Europe, and North America.

***We make up the Global People's Summit for Just, Equitable, Healthy, and Sustainable Food Systems.***

In 2020, about 2.37 billion people worldwide suffered moderate or severe food insecurity, according to the 2021 report on the state of food security and nutrition. The number of food-insecure people swelled by 320 million in just one year – equivalent to the increases in the previous five years combined.

Further, the raging COVID-19 pandemic has devastated millions of jobs and livelihoods worldwide, including those directly involved in food production, worsening the already alarming and deteriorating state of global hunger and poverty. Worldwide, the number of people facing hunger reached about 768 million in 2020, around 118 million more than in 2019. This includes those who are likely to have experienced hunger as a result of the pandemic.

We stress, however, that the COVID-19 pandemic is just one of several drivers of worsening hunger and food insecurity. Long before the coronavirus, a pandemic of systemic and perpetual hunger being perpetrated by big business through the globalized food economy – a system characterized by unsustainable monoculture production, environmental plunder, and waste; as well as wars and conflicts fueled by imperialist competition for resources, land, and markets.

The worsening climate crisis – highlighted in the 2021 report of the Intergovernmental Panel on Climate Change (IPCC)-has been pushing hundreds of millions to famine and deprivation. Like many other environmental crises, the climate crisis is deeply rooted in the inherently destructive monopoly capitalist mode of production, including in food and agriculture.

Amid these multiple and interrelated crises of health, climate, environment, and economy and their many impacts on hunger and poverty, it is indeed very urgent to radically transform the global food system.

The nature of this transformation should be a subject of open and honest debate, with people's rights at the center of all discussions. But the oligopolies of agribusiness including the agro-industrial livestock industry, agrochemicals, genetic engineering, and digital technology in cahoots with research institutions, foundations, and token civil society groups, have dominated and dictated the discussions on food systems transformation, as can be clearly seen in the United Nations Food Systems Summit (UNFSS).

We find it unacceptable that the UNFSS is proclaiming itself as a so-called "people's summit" when the aspirations and demands of the world's peoples for a truly radical transformation of food systems are being met with lip service while being sidelined by the profit-seeking interests of monopoly corporations. As the UN Special Rapporteur on the Right to Food pointed out, the UNFSS turned a blind eye to structural causes of failed food systems, ignored the worrisome corporate concentration of power, and diluted the right to participation in decision-making through the so-called multistakeholder approach. While supposedly encouraging the contribution of grassroots

*Meanwhile, governments and multilateral development banks continue to invest in unsustainable livestock farming, especially in the Global South, when the real solution is to divest from factory farming and redirect those resources towards small-scale diverse farming, agroecological practices, and overall cleaner food systems.*

